# विषयसूची

बेलका नगरपालिकाको नगरसभाको बाह्रौं अधिवेशन समक्ष नगर प्रमुख श्री अशोक कार्कीबाट प्रस्तुत आर्थिक वर्ष २०८०-०८१ को नीति तथा कार्यक्रम ..... 1

१. आर्थिक वर्ष २०७९-०८० को नीतिको समिक्षाः ..... 3

२. बेलका नगरको अवसर तथा चुनौतीहरुः ..... 10

२.१ चुनौतीहरुः ..... 10

२.२ अवसरहरुः ..... 11

३. सुधारका क्षेत्रः ..... 12

४. नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु ..... 12

५. आगामी आर्थिक वर्षका प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरुः ..... 13

६. आगामी आर्थिक वर्षका प्राथमिकताका क्षेत्र तथा प्रमुख नीतिहरु ..... 14

७. बेलका नगरपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धि ..... 15

७.१ दीर्घकालिन सोचः ..... 15

७.२ बेलका नगरपालिकाको प्रमुख लक्ष्यः ..... 15

७.३ बेलका नगरपालिकाको प्रमुख उद्देश्यः ..... 15

७.४ अपेक्षित उपलब्धिः ..... 16

८. क्षेत्रगत एवंम् विषयगत नीतिहरुः ..... 16

८.१ आर्थिक विकासः ..... 16

क. कृषि विकास सम्बन्धि नीतिः ..... 16
ख. पशुपंक्षी तथा मत्स्य विकास सम्बन्धि नीतिः ..... 17
ग. उद्यम विकास सम्बन्धि नीतिः ..... 19
घ. सहकारी तथा उद्योग वाणिज्य सम्बन्धि नीतिः ..... 19
ङ. पर्यटन सम्पदा संरक्षण सम्बन्धि नीतिः ..... 20

८.२ सामाजिक विकासः ..... 21

क. शिक्षा विकास सम्बन्धि नीतिः ..... 21
ख. स्वास्थ्य विकास सम्बन्धि नीतिः ..... 23
ग. महिला बालबालिका तथा जेष्ठनागरिक सम्बन्धि नीतिः ..... 27
घ. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि नीतिः ..... 27
ङ. खानेपानी सरसफाई, फोहोरमैला व्यवस्थापन तथा उर्जा सम्बन्धि नीतिः ..... 28
च. युवा खेलकुद तथा नवप्रवर्तन सम्बन्धि नीतिः ..... 29
छ. सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धि नीतिः ..... 30
ज. भाषा, कला, साहित्य, संस्कृति सम्बन्धि नीतिः ..... 31
झ. श्रम रोजगार र मजदुर सम्बन्धि नीतिः ..... 31

ञ.  भूमि व्यवस्थापन तथा भू-उपयोग सम्बन्धि नीतिः........32
८.३ पूर्वाधार विकासः........32
क.  भौतिक पूर्वाधार सम्बन्धि नीतिः........32
ख.  योजना तथा कार्यक्रम व्यवस्थापन सम्बन्धि नीतिः........35
ग.  लगानी व्यवस्थापन सम्बन्धि नीतिः........36
८.४ वन वातावरण तथा विपद व्यवस्थापन सम्बन्धि नीतिः........36
८.५ संस्थागत विकास, सेवा प्रवाह र सुशासनः........39
क.  संस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धि नीतिः........39
ख.  कर्मचारी प्रशासन सम्बन्धि नीतिः........40
ग.  सूचना प्रविधि तथा संचार सम्बन्धि नीतिः........40
घ.  राजश्व परिचालन तथा दिगो वित्त व्यवस्थापन सम्बन्धि नीतिः........41
८.६ स्थानीय न्याय सम्पादन तथा व्यवस्थापनः........42
८.७ योजना तथा कार्यक्रम मागः........42
क.  संघीय सरकारसँग माग गर्ने योजना तथा कार्यक्रम........42
ख.  प्रदेश सरकारसँग माग गर्ने योजना तथा कार्यक्रम........47
ग.  दात्रृ निकाय सँग माग गर्ने योजना तथा कार्यक्रम........50
८.८ योजना तथा कार्यक्रम संचालन वार्षिक क्यालेन्डरः........50

# बेलका नगरपालिकाको नगरसभाको बाह्रौं अधिवेशन समक्ष नगर प्रमुख श्री अशोक कार्कीबाट प्रस्तुत आर्थिक वर्ष २०८०-०८१ को नीति तथा कार्यक्रम

**नगरसभा सदस्यज्यूहरु,**

**बेलका नगरपालिकाको नगर सभाको बाह्रौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।**

बेलका नगरपालिकाको आर्थिक वर्ष २०८०-०८१ को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । नेपालमा नागरिक सर्वोच्चता, लोकतन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापनार्थ आफ्नो प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै वहाँहरुको आत्माको चिर शान्तिको कामनाका साथ सम्पूर्ण सहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न चरणका आन्दोलनका क्रममा घाइते भई शारीरिक तथा मानसिक रुपमा पिडित, प्रताडित हुनुभएका महान व्यक्तिहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दै शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

प्रजातान्त्रिक प्रणालीको नवीनतम आयाम अनुरुप लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रही समुन्नत बेलका निर्माणका लागि नगरबासीको अमुल्य मतबाट यस नगरपालिकाको नगर प्रमुखको जिम्मेवारी प्राप्त गरी कार्यसम्पादन गरेको एक आर्थिक वर्ष भईसकेको छ । नगरको सर्वाङ्गीण हितलाई केन्द्रबिन्दुमा राखी विगतमा संचालित योजना/कार्यक्रमहरुलाई सम्पन्न गर्ने तर्फ र नयाँ नवप्रवर्तन, आयामिक क्षेत्रगत योजनाहरु पहिचान गरी आ.व. २०७९-०८० मा क्रमिक रुपमा योजना तथा कार्यक्रम संचालन गरीएको अवगत गराउन चाहान्छु । विश्व अर्थतन्त्रमा देखिएको प्रभाव, राष्ट्रले लिएको आर्थिक तथा वित्तीय नीति अनुरुपको देशको अर्थतन्त्र सबलीकृत गराउने रणनीति र पछिल्लो समयमा खस्किदो आर्थिक अवस्थाबाट यस नगरपालिका पनि अलग्गै रहन नसकेको व्यहोरा सम्पूर्णमा अवगत नै छ । सोहि अनुरुप यस नगरपालिकामा पनि गत वर्षका नीति, रणनीति र तयार गरीएको कार्यक्रममा उपयुक्त रुपमा पहिचान भएका स्थानीय श्रोत साधन, सम्भावित राजश्व संकलनका क्षेत्र, अन्तरिक आय संकलनमा समुचित व्यवस्थापन र वृहत्तर हितमा न्यूनतम कार्य गर्नका निमित्त राष्ट्रिय स्तरमा नै आर्थिक संकुचन हुँदा, कतिपय लोककल्याणकारी कार्यहरु समेत सम्पादन गर्न नसक्दा समाजमा पर्न गएको असर प्रति अत्यन्तै गम्भीर भएको छु । तथापि संकुचित आन्तरिक श्रोतलाई क्षेत्रगत रुपमा फराकिलो पार्दै, सूचकगत सुधारमा केन्द्रित भएर, दिगो, योजनावद्ध, समन्यायिक, फराकिलो, मागमा आधारित विकासका निम्ति प्रतिवद्ध रहेको समेत अवगत गराउदछु । बेलका नगरपालिकाको सर्वपरी हितका लागि सहयोग गर्ने सबै निकाय तथा पदाधिकारी एवम् व्यक्तिहरुप्रति आभार प्रकट गर्दै आगामी दिनमा समेत सहयात्रा र समन्वयका लागि अपिल गर्दछु।

आन्तरिक सुशासन र सवल प्रशासनको बिकासबाट हामीले अख्तियार गरेको निती तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालय र कर्मचारीहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि प्रणालीगत शुसासन विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताब गरीएको छ । शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास,

सरसफाई, विपद व्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रवर्धन, वित्तीय शुसासन जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बेलका नगरपालिकाको आर्थिक वर्ष २०८०-०८१ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित नगरसभाको बाहौं अधिवेशनसमक्ष प्रस्तुत गर्न गईरहेको छु।

**नगरसभा सदस्यज्यूहरु,**

**नगरपालिकाको तथ्यांकीय विद्यमान परिवेश**

सर्वप्रथम म यस बेलका नगरपालिकाको संक्षिप्त विवरण प्रस्तुत गर्न अनुमति चाहान्छु ।

कोशी प्रदेश अन्तर्गत उदयपुर जिल्लाको पूर्व क्षेत्रमा रहेको यस नगरपालिका बिक्रम सम्बत २०७३ सालमा नेपालको संघीय शासन प्रणाली अन्तर्गत राज्य पुनर्संरचनामा स्थानीय तहको नयाँ सिमांकन गर्दा साविकका ४ वटा गाउँ विकास समितिहरु (रामपुर ठोक्सिला, तपेश्वरी, मैनामैनी र कटुन्जेबबला) समाहित भई स्थापना भएको थियो । जम्मा ९ वटा वडामा बर्गिकरण गरीएको यस नगरपालिकाको कूल क्षेत्रफल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तथ्यांक अनुसार ३४४.७३ वर्ग किलोमिटर रहेको, साथै राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन अनुसार यहाँको जम्मा परिवार सङ्ख्या १२१५८ र जनसङ्ख्या ५१०४३ रहेको छ, जसमा २६६४३ महिला र २४४०० पुरुष रहेका छन्। बेलका नगरपालिकामा साविकमा निर्धारण गरिएका ९ वटा वडा कार्यालयहरूबाट प्रदान गरिने सेवालाई अझ सरल सहज बनाउन वडा विस्तारको प्रस्ताव सरोकार निकायमा वुझाएको अवस्था छ। हाल बेलका नगरपालिकाको ९ वटै वडा कार्यालयहरू आफ्नै भवनबाट संचालित रहेका छन्।

भित्रि मधेश अन्तर्गतको यस नगरपालिका पूर्वीय विकसित शहर र प्रदेश राजधानीसँग नजिक भएतापनि ग्रामिण बस्ती र भौगोलिक रुपमा विकट रहेको यस नगरको मूख्य विशेषताको रुपमा रहेको ऐतिहाँसिक मैनाराजा मैनारानी मन्दिर, बेलका फाँट, सप्तकोशी नदी, संघीय राजधानी प्रवेश मार्गको रुपमा रहेको मदन भण्डारी लोकमार्ग, कोशीटप्पु वन्यजन्तु आरक्ष, मध्यवर्ती क्षेत्र, भूतिया दह, पर्या-पर्यटन, प्याराग्याईडीङ, होम स्टे आदि रहेका छन् । नगरपालिकाको लागि अत्यावश्यक ऐन, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्डहरू निर्माण भएका छन् भने आवश्यक कर्मचारी र कार्यालयको लागि न्यूनतम पूर्वाधार निर्माण भएको, सवै वडामा मोटर बाटो पुगेको र कालो पत्रे हुँदै गरेको अवस्था छ । सबै वडा कार्यालयबाट ईन्टरनेट सहितको सेवा दिन सकिएको अवस्था छ।

भौतिक पूर्वाधार निर्माणका लागि स्काभेटर, व्याक हो लोडर, ट्याकटर, एम्वुलेन्स, शव-वाहन, पानी ट्यांकी, स्वास्थ्य तर्फ नगर अस्पताल, आँखा उपचार केन्द्रको सेवा, सर्पदंश उपचार सेवा, आयुर्वेद सेवा लगायतका सेवाहरू सञ्चालनमा रहेका छ। ५०० मे.ट. क्षमताको चिस्यान केन्द्र, तरकारी बजार, खेलमैदान लगायतका केही महत्वपूर्ण र बेलका नगरपालिकाको विकासमा दूरगामी महत्व रहने पूर्वाधारहरू निर्माण भएका छन् साथै शिक्षा क्षेत्रमा नगरको गौरवको योजना अन्तर्गत आम्बासी पुरनदह विद्यालयको भवन निर्माण हुने चरणमा रहेको छ । नगरका ग्रामिण भेगलाई नगरमा सहजरुपमा जोड्ने अभिप्रायले बेलका नगरको गौरवको योजना अन्तर्गत बेलका चक्रपथ निर्माणाधीन अवस्थामा रहेको छ भने रामपुर-सातपत्रे-भगलपुरा-आम्बसी सडक खण्ड, सोमबारे-मायुंटार सडक खण्ड निर्माणाधिन अवस्थामा रहेका छन्

**नगरसभा सदस्यज्यूहरु,**

## १. आर्थिक वर्ष २०७९-०८० को नीतिको समिक्षाः

### क. आर्थिक विकास तर्फ

- ❖ विनियोजित रकम रु.६,६६,६०,८३६|- मध्ये जेष्ठ मसान्त सम्म खर्च रकम रु.१,३६,४८,३८९|-

### ख. सामाजिक विकास तर्फ

- ❖ विनियोजित रकम रु.३१,९५,८३,०००|- मध्ये जेष्ठ मसान्त सम्म खर्च रकम रु.२१,५९,८७,३३२|-

### ग. पूर्वाधार विकास तर्फ

- ❖ विनियोजित रकम रु.२१,०४,७६,७७१|- मध्ये जेष्ठ मसान्त सम्म खर्च रकम रु.३,४३,०३,१८०|५०

### घ. वन वातावरण तथा विपद व्यवस्थापन तर्फ

- ❖ विनियोजित रकम रु.१,२४,६७,९७४|- मध्ये जेष्ठ मसान्त सम्म खर्च रकम रु.५२,४१,९५४

### ङ. सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ

- ❖ विनियोजित रकम रु.९,०४,७४,७४७|- मध्ये जेष्ठ मसान्त सम्म खर्च रकम रु.४,८५,५९,९८२|-

### च. कार्यालय संचालन तथा प्रशासनिक तर्फ

- ❖ विनियोजित रकम रु.१२,८४,८०,६७२|- मध्ये जेष्ठ मसान्त सम्म खर्च रकम रु.९,३२,३०,७५९|७४,

## आर्थिक वर्ष २०७९-०८० मा कार्यक्रममा समेटिएका विषयगत नीतिको समिक्षाः

❖ **आ.व. २०७९/२०८० मा सम्पन्न भएका प्रशासनिक कार्यहरु**

- ➢ नियमित कार्यसम्पादनका आधारमा कार्यालयमा साविकदेखि नै कार्यरत रहेका करारका म्याद थप भएका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन, करार म्याद थप कार्य निरन्तर रुपमा हुँदै आएको र यस वर्ष पनि श्रावण पहिलो साता भित्रमा सम्पन्न गरिएको।
- ➢ नगर कार्यपालिकाको विभिन्न मितिमा हाल सम्म २३ वटा कार्यपालिका बैठकहरु भई उक्त निर्णयहरु कार्यान्वयन गरिएको।
- ➢ नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कार्मचारीहरु जम्माः २०० जना, स्थायीः ५०(स्वास्थ्यः-२० जना, कार्यालय तर्फः-३०), करारः १५० जना ।
- ➢ शिक्षकको संख्या सशर्त अनुदान तर्फ, स्थायी-११७, करार-३०, राहत-९९, +२ अनुदान-९, शिक्षण अनुदान-१७, बल बिकास-४३ विद्यालय लेखापाल-१४, विद्यालय का.स.-५५जना र एकमुष्ट अनुदान एक विद्यालयलाई र नगर शिक्षा तर्फ-८५ जना शिक्षक/ शिक्षिका, नगरबाल बिकास- ९ जना, +२ अनुदान ४ जना रहेका छन् ।
- ➢ स्थायी कर्मचारीहरुको वार्षिक कार्य सम्पादन मूल्याङ्कन कार्य कार्यालयबाट कोशी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाईसकिएको ।
- ➢ नियमित रुपमा विषयगत समितिको बैठक बसी नीतिगत तथा कार्यगत कार्य सम्पादन गरीएको ।
- ➢ १० शैया आधारभूत अस्पतालको जग्गा भोगाधिकार प्राप्त गर्ने कार्य तदारुकताका साथ अगाडी बढाई अन्तिम चरणमा रहेको ।
- ➢ बार्षिक खरिद योजना निर्माण गरी कार्यान्वयनमा रहेको (मसलन्द खरिद र निर्माण खरिद) ।

- राजश्व सुधार कार्य योजना निर्माण भएको ।
- नगरपालिकाको सामाजिक परीक्षण गरीएको ।
- आवधिक योजना निर्माणको चरणमा रहेको ।
- MTMP निर्माण गरी अध्यावधिक गरीएको ।
- नगरमा जोखिमयुक्त क्षेत्र पहिचान तथा नक्शांकन गरीएको ।
- विपद पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण ।
- स्थानीय विपद तथा जलवायु उत्थानाशिल योजना निर्माण ।

**❖ आ.व. २०७९/२०८० मा भएका सूचना प्रबिधि सम्बन्धि कार्यहरु**

- गत आ.ब २०७८/२०७९ को संस्थागत क्षमता स्वमूल्याङकन (**LISA**) को कार्य सम्पन्न गरि नतिजा समेत प्रकाशन भएको ।
- गत आ/२०७८ब .२०७९ को स्थानीय तह बित्तिय जोखिम मुल्याङकनको कार्य सम्पन्न गरिएको।
- MOFAGA पोर्टल अध्यावधिक तथा आ.ब २०७८/२०७९ को बार्षिक समिक्षा प्रगति MOFAGA पोर्टलमा प्रबिष्ट गरि सम्बन्धित निकाय सम्म पठाईएको ।
- प्रदेश तथा स्थानिय तह कार्य सम्पादन मूल्याङकन कार्यबिधि -२०७८ , बमोजिम राष्ट्रीय प्राकृतिक स्रोत तथा बित्त आयोगमा सूचक बमोजिम पठाउनु पर्ने बिबरण NNRFC पोर्टलमा अध्यावधिक गरि नतिजा समेत प्रकाशन भएको ।
- नगरपालिका अन्तरगत रहनुभएका पदाधिकारीहरु र कर्मचारीहरुको वार्षिक सम्पती विवरण कोशी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनका लागि कार्यालयमा संकलन गरी र राष्ट्रिय सतर्कता केन्द्रको सिस्टममा प्रबिष्ट गर्ने कार्य सम्पन्न भई प्रदेश नं. १ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को पाठाईसकिएको ।
- नियमित रुपमा कार्यालयको वेव साईट तथा फेसबुक पेजहरु अद्यावधिक गरिएको ।
- त्रैमासिक रुपमा प्रकाशन गरीने सुचनाको हक अनतर्गतको कार्य प्रगति प्रतिवेदन प्रकाशन गरी वेबसाइटमा राखिएको ।

**❖ आ.व. २०७९/२०८० मा भएका योजना तथा अनुगमन शाखाका कार्यहरु**

- नगर स्तरीय श्री जनता नमुना माध्यामिक बिद्यालय, गुरुङचौरीको भवन निर्माण कार्यको निर्माण सम्पन्न, त्रीबेणी चोक देखि धौरी सम्मको सडक मर्मत कार्यको निर्माण सम्पन्न हुने क्रममा रहेको,
- नव निर्मित बेलका नगरपालिकाको प्रशासकीय भवनको घेराबेरा लगाउने काम सम्पन्न गरिएको छ ।
- सोमबारे- मयुम्टार सडक कालोपत्रे निर्माण गर्ने कार्य सम्पन्न गरिएको छ ।
- Construction and erection of truss and roofing work of covered hall को काम सम्पन्न गरिएको छ ।
- अघिल्लो आ.व. मा संचालित योजनाहरु क्रमागत योजनाहरु Construction of public toilet, compound wall, chainlink fencing and truss shed at solid waste management and picnic spot, Construction and Upgrading of Aambasi-Purandaha-Bhagalpur- Rampur Road (Aambasi Section) upto Blacktop, Construction works of slab culvert, causeway and River Training at Belaka-9, Dhauri, Construction of access road and other road structure, pedestrain bridge and beautification of Bhutiya Daha Belaka Municipality ward no. 05 जस्ता योजनाहरुको निर्माण कार्य सम्पन्न गरीएको छ ।
- वडा नं. १ मा रहेको कोल्ड स्टोरेजको घेराबेरा गर्ने कार्य निर्माण सम्पन्न गरिएको ।

- वडा नं.९ मा निर्माणाधीन अवस्थामा रहेको र पुनः संघीय समपुरक अनुदानबाट निर्माण ठेक्का व्यवस्थापन भएको फोहोरमैला व्यवस्थापन तथा उद्यान पार्कको घेराबेरा तथा जाने बाटोमा कल्भर्ट निर्माण कार्य सम्पन्न भएको ।
- भाचुवा कृषि बजार निर्माण सम्पन्न भएको, कोल्डस्टोरेज कम्पाउण्ड वाल तथा घेराबेरा निर्माण सम्पन्न भएको, कभर्डहाल निर्माण कार्य सम्पन्न भएको, लेकाली खेल मैदान स्तरोन्नति तथा निर्माण कार्य सम्पन्न भएको, आम्बासी-भागलपुर-रामपुर सडक संघीय समपुर अन्तर्गत स्तरोन्नति तथा कालो पत्रे गर्ने कार्य सम्पन्न भएको ।
- ह्युम पाइप खरिद गरी आवश्यकता वमोजिम वितरण कार्य भइरहेको, खानेपानी पाइप खरिद भइ अतिआवश्यकीय समुदायलाई वितरण कार्य भइरहेको ।
- विद्यालयमा अध्ययनरत छात्राहरुलाई वितरण गरीने स्यानेटरी प्याड विद्यालयको माग वमोजिम खरिद भइ वितरण गरीएको ।
- स्वास्थ्य संस्थाहरुबाट निशुल्क वितरण गरीने औषधि खरिद भइ सम्पर्ण स्वास्थ्य संस्थामा यथेष्ट वितरण गरीएको ।
- नगरपालिका भित्रका वा भएर बग्ने खोलाहरु जस्तै (सिसुवा खोला,पथ्रा खोला र कटारी खोला) , (गिदेरी खोला, सिसुवा खोला र मूर्ति खोला),(कोसोपा खोला,सेती खोला र जोगिनी खोला), (भालमन्ती खोला, मैनी खोला, गिदेरी खोला, यसोदा खोला, कोठु खोला, खरोरीया खोला, ठूलो खोला, भसुवा खोला, बखुन्द्रा खोला र धारा खोला ) को वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने कार्य भएको साथै आगामी आ.व.का लागि समेत खोलाहरुको वातावरणीय परीक्षण अद्यावधिक कार्य थालनी भएको।
- विगत आर्थिक वर्ष देखी संचालित तथा चालु आर्थिक वर्षमा संचालित योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन तथा सुपरिवेक्षण।
- राष्ट्रपति शैक्षिक सुधार अन्तर्गतका अनुदान प्राप्त विद्यालयहरुको विद्यालय भवन निर्माण कार्य सम्पन्न भएको छ ।
- ह्युम पाईप, तार जाली, खानेपानि पाईप खरिद भइ वितरण गरीएको ।
- पर्यटन मन्त्रालयबाट प्राप्त अनुदानबाट निर्माणहुने मन्दिर, वाबुक निर्माण सम्पन्न गरीएको ।
- सडक बोर्डसँग साझेदारीमा हुने सडक स्तरोन्नति कार्य वडा नं.३,९ र ८ मा सम्पन्न गरिएको ।
- SIP अन्तर्गत साझेदारीमा निर्माण हुने सिँचाई कुलो निर्माण सम्पन्न गरिएको ।
- वडा नं. ८ को वडा कार्यालय भवन ठेक्का व्यवस्थापन भइ, क्रमागत योजना अन्तर्गत निर्माणको चरणमा रहेको ।
- उपभोक्ता समिति मार्फत संचालित वडागत योजनाहरु सम्पन्न भएको ।
- संघीय समपूरक तथा विशेष अनुदान माग गरीएको
- वडामा संचालित योजनाहरुको लागत अनुमान तथा ड्रइङ डिजाईन,सम्झौता तथा अनुगमन मुल्याङक तथा कार्य सम्पन्न समेत तयार गरेको।
- प्रदेश समपुरक तथा विशेष अनुदान माग गरीएको ।

**❖ आ.व. २०७९/२०८० मा भएका स्वास्थ्य शाखाका कार्यहरुः**

- आ.व.२०७९/०८०मा हालसम्म यस बेलका नगरपालिकाको ३३७१ घरधुरीहरु स्वास्थ्य बिमा कार्याक्रमबाट लाभान्भित भएको ।

- आ.व.२०७९/०८०मा हालसम्म नगर अस्पताल रामपुरद्वारा प्रदान गरिएका सेवाहरु बहिरंग सेवा (OPD)- २१५१७, अन्तरंग सेवा (EMERGENCY)- १३५५, प्रसुति सेवा-२०४, प्रयोगशाला सेवा (Pathology service)- २५७४, ग्रामिण भिडीयो एक्स रे सेवा (RUSG service)-४४३ जना ले सेवा प्राप्त गरेको
- आ.व.२०७९/०८०मा हालसम्म सर्पदंश उपचार केन्द्रबाट १९२ जना ले सेवा लिएको जस्मा ११६ जना महिला र ७६ जना पुरुष रहेको छ ।
- आ.व.२०७९/०८०मा हालसम्म आँखा उपचार केन्द्र रामपुरद्वारा प्रदान गरिएका सेवाहरु बहिरंग सेवा (OPD)-४०४२, औषधी बितरण संख्या- ६१५०, चश्मा बितरण जम्मा -७२१, आँखाको शल्यक्रिया शिबिर- १२९६, बहिरङ्ग विभाग शल्यक्रिया -२४६ जनाले सेवा प्राप्त गरेको ।
- आ.व.२०७९/०८०मा हालसम्म आयुर्वेद औषधालयबाट नियमित बहिरङ्ग सेवा -१६९५, स्तनपायी आमाहरुलाई दुग्धबर्धक औषधी वितरण- ९३, जेष्ठनागरिक कार्यक्रम रोग प्रतिरोधात्मक क्षमता बढाउन औषधी वितरण -६४२, पंचकर्मपुर्वकर्म-, स्नेहन, स्वेदन र शिरोधरा- १६१ र स्वास्थ्य परामर्श, स्वस्थ जिवन कार्यक्रम-३७२ गरी जम्मा २९६३ जना ले सेवा प्राप्त गरेको ।

### ❖ आ.व. २०७९/२०८० मा भएका शिक्षा विकासको प्रगति

- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ४ कोठे एउटा र दुई कोठे एउटा नयाँ भवन निर्माण कार्य अन्तिम चरणमा रहेको।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत दुई बिद्यालय श्री जनता नमुना बिद्यालय ,गुरुङचौरी र आराङगा निम्न माध्यामिक बिद्यालय , आराङ्गा २ वटा ICT ल्याव निर्माण कार्य सम्पन्न भएको ।
- वरपिपल मा.बि मा पढ्दै कमाउदै कार्यक्रम सञ्चालनमा रहेको ।
- सशर्त अनुदान शैक्षिक गुणस्तर प्रवर्धन कार्यक्रम अन्तर्गत २ वटा विज्ञान प्रयोगशाला र ३ वटा पुस्तकालय व्यवस्थापन अनुदान वितरण भएको।
- (CMC) नेपालको प्राविधिक सहयोग र बेलका नगरपालिकाको आयोजनामा विद्यालयका प्र.अ.हरुलाई विद्यार्थी मनोसामाजिक परामर्श सम्बन्धी ५ दिने तालिम सञ्चालन ।
- १४ मा.वि. र १७ आ.वि. (६ - ८) मा Internet सेवा सञ्चालन रहेको ।
- आ.व.२०७९/२०८० को दोस्रो चौमासिक सम्ममा जम्मा ८ वटा बिभिन्न बिद्यालयहरुलाई दिइएको कक्षा थप अनुमति प्रदान गरिएको।
- सशर्त तर्फ आर्थिक प्रगति जम्मा ६८.४९ प्रतिशत भएको।
- सामान्यीकरण तर्फ आर्थिक प्रगति जम्मा ३६.४६प्रतिशत भएको।

### ❖ आ.व. २०७९/२०८० मा भएका कृषि शाखाका कार्यहरु

- वडा न. ९ भचुवामा कृषि बजारको निर्माण कार्य सम्पन्न भएको ।
- वडा न. ८ मा रहेको डुडखोला कृषक समूहमा केरा खेती ब्लक निरन्तरता कार्यक्रम संचालन गरेको।
- वडा न. २ मा आलु पकेट कार्यक्रम संचालन भएको ।
- कृषि अनुसन्धान निर्देशनालय , तरहरा संग सहकार्य गरि नगरपालिकामा कृषि सम्बन्धि समस्याको छलफल गरि समाधान गर्न विभिन्न बालीमा अनुसन्धान गर्ने निर्णय गरेको ।
- साना सिंचाई कार्यक्रम अन्तर्गत ६ वटा कुलो निर्माण कार्यको उपभोक्ता संग सम्झौता गरि निर्माण कार्य सुरुभएको र अन्य ३० वटा कुलोको सर्वे गर्न छनौट गरेको ।

- प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाई ,उदयपुरको सहयोगमा **sheller mill, 50** hp को **Tractor** र रामपुर-१६ **hybrid** जातका मकैको trial गरिएको ।
- ५३ घरपरिवार मा मागमा आधारित साना सिँचाइ कार्यक्रम अन्तर्गत मोटर वितरण गरिएको ।

❖ **पशुपंक्षी तथा मत्स्य विकास शाखाः-**

- पशुपंक्षीमा लाग्ने बिभिन्न रोगहरु बिरुद्वको खोप पि.पि.आर.- १५,०००/डोज रानिखेत-८,०००/डोज र स्वाईन फिवर- १,०००/डोज परिमाणमा लगाईएको ।
- हाल नगरपालिकामा माहामारीको रुपमा फैलिएको संकास्मत लम्फि स्किन रोग रोकथामका लागि पालिकाबाट रु ३,००,०००/-बराबरको औषधि खरिद गरी पशुहरुलाई लक्षनणको आधआरमा निःशुल्क उपचार गर्न प्रत्येक वडा कार्यालय र सम्बन्धित कृषकहरुलाई नै औषधि बुझाई निरन्तर बिमारी पशु उपचारमा रहेको ।
- रोग फैलिएको गाँउ बस्तिमा नगरपालिकाबाट प्राबिधिकको टोली गई पशुलाई नियमित निगरानीमा राखी उपचार गराउदा कुनै पनि पशुको हानि नोक्सानी नभएको ।
- पशुपंक्षी तथा मत्स्य बिकास शाखामा नियमित रुपमा प्रयोगशाला सेवा, उपचार सेवा,बन्ध्याकरण सेवा तथा नियमित सेवा तथा परामर्शका कामहरु निरन्तर भई रहेको छ।
- पशुपंक्षी तथा मत्स्य बिकास शाखाको आ.ब.२०७९/२०८० मा स्वीकृत बिभिन्न अनुदान बितरणका कायर्क्रमहरुको सम्झौता अनुसारको कार्य सम्पन्नताको अनुमान सम्पन्न गरी भुक्तानी हुने क्रममा रहेको ।
- माछापालन गरी कृषकहरुलाई ५ कार्यदिनको ब्यबहारिक र सैद्वान्तिक प्रयोगात्मक कक्षा सहितको तालिम नगरपालिकाको सभाहलमा सम्पन्न भएको ।

❖ **सामाजिक बिकास शाखा**

- बेलका न.पा -४ का सुनौला हजार दिनका आमाहरुलाई पोषण अभिबृद्धिका लागि १०० घरपरिवारलाई कुखुरा वितरण गरिएको ।
- २० वटा टोल विकास संस्थाबाट जलश्रोत समिति, ८ वटा सामाजिक संघ/ संस्था दर्ता नवीकरण गरीएको।
- अति विपन्न नागरिक खाद्यन्न राहत कार्यक्रम अनुसार खाद्यन्न वितरण गरिएको ।
- बेलका नगरपालिकाको सबै वडामा बाल मैत्री वडा घोषणा लागि सहयोग/ वडागत वडा स्तरीय बालमैत्री स्थानीय शासन, वडा स्तरीय बाल अधिकार समिति र बस्ती स्तरीय बाल अधिकार समितिको गठनमा सहयोग ।
- बेलका न.पा -४ को २५ घरधुरीमा पोषण अभिबृद्धिका लागि आय आर्जनमा सहयोग गरिएको ।
- विकास साझेदार सङ्घ, संस्था तथा निकायहरुको लगत खडा गरी एकीकृत रुपमा कार्य सम्पादन गरीएको

❖ **स्थानिय विपद् व्यवस्थापन समिति र विपद राहतकोष संचालन समितिः-**

- सप्तकोशी नदीमा विगतमा आएको बाढीले धार परिवर्तन गरी क्षति पुर्याएको हुँदा धनजनको क्षति न्यूनीकरण गर्न नदीको धार परिवर्तन दिर्घकालिन रुपमा रोक्नका निमित्त नगरको पहल कदम भइरहेको |
- आपतकालिन सञ्चालन केन्द्रलाई प्रभाबकारी ढंगले सञ्चालन गर्ने गरी कार्यायोजना बनाएको ।
- बिपदमा परेका समुदायलाई आवश्यकता अनुसार राहतको ब्यबस्था गरेको ।
- बेलका नगरपालिका र मानब बिकास केन्द्र झापाले मिति :२०७८/११/५-१० सम्म ५ दिवसिय समुदायमा आधारित प्रकोप पूर्व तयारी प्रतिकार्य अभिमुखिकरण कार्यक्रम बेलका नगरपालिकाको वडा नं.२,३,८,९ मा सम्पन्न गरेको ।

- बेलका नगरपालिका र साहारा नेपालको साझेदारीमा प्रकोप,पूर्व तयारि प्रतिकार्य योजना तयार भएको ।
- कोशी भोक्राहा नदी नियन्त्रण आयोजनासँग समन्वय गरी संघीय प्राप्त बजेट अनुरुप सप्तकोशी नदी नियन्त्रण कार्य सम्पन्न भएको ।
- सशस्त्र प्रहरी बल नेपालको सक्रियतामा नगरपालिकाले जोखिम न्यूनीकरणको लागि पूर्वतयारी प्रशिक्षण गरी जनतालाई सतर्क बनाउने नमूना अभ्यास संचालन गरीएको ।

❖ **महिला तथा बालबालिका शाखा** :-

- अन्तराष्ट्रिय श्रमिक महिला दिवसमा मनाईएको ।
  - ❖ रक्तदान कार्यक्रम सञ्चालन-३० जनाद्धारा रगत दान ।
  - ❖ श्रमिक ऐनमा महिलाको सवाल अभिमुखिकरण अन्तरक्रिया गरीएको (४० जना सहभागी) ।
  - ❖ लैंङ्गिक हिंसा प्रभावित सफल उधमी महिलालाई सम्मान कार्यक्रम।
- जनप्रतिनिधि महिला सदस्यहरुलाई कानूनी विषयक तालिम-३ दिने।
- ३ महिने ढाका बुनाई तालिम वडा नं.२मा सञ्चालन गरिएको -१५जना।
- लैङ्गिक हिंसा प्रभावित १० जना महिलाहरुलाई उधमशिलता विकास तालिम प्रदान।
- अपाङ्गता परिचयपत्र  र ज्येष्ठ नागरिक परिचयपत्र वितरण निरन्तर भइरहेको ।
- बालमैत्री स्थानिय शासन नगर समिति,वडा समिति र समुदाय स्तरिय समिति गठन गरिएको ।
- वडा बाल अधिकार समिति ९ वटै वडामा गठन गरिएकोवडा नं.१ र ४ लाई बालमैत्री वडा निर्माणको लागि तयार कार्यहरु संचालन भईरहेको । टोल स्तरिय बाल क्लव गठन गर्ने कार्य संञ्चालन भईरहेको आदि।
- घरेलु कार्यालय बिराटनगरको सहयोगमा नगरपालिकाका विभिन्न वडामा घरेलु सीप सम्बन्धि तालिम दिइएको ।

❖ **पञ्जिकरण शाखाः-**

- आ.व २०७९/८० को प्रथम र दोस्रो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई निरन्तरता दिईएको ।
- आ.व. २०७९/८० तेस्रो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता वापतको ५,१०२ ( पाँच हजार एक सय दुई) जना लाभग्राहीको लागि रु.४,९२,३७,३१३.०० ( चार करोड बयानब्बे लाख सठतीस हजार तीन सय तेह्र रुपैयाँ मात्र) रकम माग गरीयो ।
- प्रत्येक वडामाले तोकेको स्थानमा बैंक तथा शाखा कर्मचारीद्वारा सामाजिक सुरक्षा भत्ता वितरण गरी जनतालाई घरदैलोमा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रक्रियाको थालनी गरी व्यवस्थापन गरीएको ।
- वडा नं १ देखि वडा नं ९ सम्मका वडा सचिवहरुको माग अनुसार घट्ना दर्ता विवरण खोजी तथा घट्ना दर्ता र सामाजिक सुरक्षा सम्बन्धि अनलाईन प्रणाली संचालनमा सहजिकरण/ व्यवस्थापन गरीएको।
- घट्ना दर्ता सप्ताह विशेष प्रचार प्रसार गरिएको।

❖ **उद्यम विकास/सहकारी शाखाः-**

- ८५ जनालाई विभिन्न सीपमुलक तालिमहरु प्रदान गरिएको ।
- ३ वटा सामाजिक लेखाजोखा तथा ग्रामिण घरधुरी सर्वेक्षण र उद्यमशिलता विकास तालिम सम्पन्न भएको
- सहकारी लेखा व्यवस्थापन र पर्ल्स तालिम सम्पन्न गरिएको ।
- ८ जनालाई सम्भाव्यता अध्ययन तथा आवश्यकता पहिचानका आधारमा प्रविधि हस्तान्तरण गरिएको ।

- समृद्धी आयोजना संग सम्झौता गरि सहकार्य मार्फत विभिन्न ५ प्रकारका तालिमहरु सञ्चालनरत रहेको ।
- नगर क्षेत्रमा कार्य क्षेत्र बनाई कार्य सम्पादनमा रहेका सहकारीहरुलाई COPOMIS मा आवद्ध गराइएको

❖ **रोजगार शाखा**

- आ. व. २०७९।०८० मा संचालन गरिने योजनाहरु वडागत रुपमा छनौट गरी कार्यपालिकाको बैठकबाट अनुमोदन र संचालन गरिरहेको ।
- स्थानीय निर्देशक समितिको बैठक आवाश्यकता अनुसार बसिरहेको।
- सम्पूर्ण वडामा आवश्यकता अनुसार श्रमिक उपभोक्ता समिति गठन गरी र अभिमूखीकरण गरिएको ।
- सबै वडामा योजना तथा कार्यक्रमहरु संचालन, सहजीकरण गरिरहेको ।
- आ.व. २०८०।०८१ का लागि बेरोजगारहरुको विवरण संकलनका लागि सूचना प्रकाशन साथै सबै वडाबाट फारमहरु संकलन गरी सम्पूर्ण प्रक्रियाहरु पूरा गरी रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) प्रविष्टि गरि सकिएको ।

❖ **भूमिसेवा ईकाईः-**

- हालसम्म वडा नं. २,४,५,८ र ९ को नापी काम सम्पन्न भएको छ जम्मा ४८४३ बिघा १४ कट्ठा १६ धुर क्षेत्रफल आवादको ऐलानी, पर्ति जग्गा नापी लगत भएको छ।

- राष्ट्रिय भूमि आयोग, उदयपुर, जिल्ला नापी कार्यालय, जि.मालपोतसँग यस नगरपालिकाको समन्वयमा मिति २०७९-१०-०७ बेलका नगरपालिका, वडा नं. ५ का सदा बस्तीको १२ घर भूमिहिन दलितलाई डिजिटल अभिलेख गरी आवासीय प्रयोजनको लागि जग्गा धनी प्रमाण पूर्जा अर्थात लाल पूर्जा वितरण।
- यस नगरपालिकाको वडा नं. ७ वाहेक अन्य वडाहरुको भूमिहिन दलित-४०६, भूमिहिन सुकुम्बासी-१०१० र अव्यबस्थित बसोबासी-९३२९ गरि जम्मा १०७४५ संख्यामा ऐलानी तथा पर्ति जग्गा माग निवेदन फाराम राष्ट्रिय भूमि आयोग काठमाडौंद्वारा उपलब्ध भूमि लिरिक्स प्रणालीमा प्रविष्ट भएको छ।
- यस नगरपालिकाको वडा नं. ८ र २ मा रहेको ऐलानी जग्गा नाप नक्सांकन सम्पन्न गरी वडा नं. ३ मा नापीको काम संचालनरत रहेको छ।
- वडा नं. ५ बाट संकलन भएको १८८२ भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित निवेदकहरुको जग्गा माग निवेदन फाराम बमोजिम जग्गा नाप तथा नकसांकन र सो नापी गरेको प्रत्येक कित्ताको कित्ता विवरण फाराम, कित्ता मुचुल्का निवेदन फारामसँगै अट्याच तथा फाइलिङ्ग गर्ने काम सम्पन्न गरी भूमि आयोगलाई पेश गर्न तयार गरिएको।
- भूउपयोग योजना तयार गरीएको ।
- भूमि वर्गीकरण गरी जिल्ला मालपोत कार्यालयमा पठाई सकिएको ।
- भूमि वर्गीकरण सम्बन्धि स्थानीय राजपत्रमा प्रकाशित गरिएको ।

❖ **जिन्सी शाखाः-**

- वार्षिक खरिद योजना (मसलन्द तथा निर्माण) तयार गरीएको ।
- वार्षिक जिन्सी निरीक्षण गरी समयावधिमा अध्यावधिक गरीएको ।
- सार्वजनिक खरिद ऐन- २०६३र नियमावाली-२०६४, बमोजिम नगरपालिकामा आवाश्यक रहेको खप्ने सामान (फर्निचर,ल्यापटप,प्रिन्टर,डेक्सटप,सवारी साधन लगायत) र नखप्ने सामान (स्टेस्नरी,विधुतीय सामाग्री,ब्याग, खादा, पाई सामाग्री लगायत) खरिद समितिको निर्णय बमोजिम खरिद गरिएको ।

- नगरपालिका तथा वडा कार्यालयको सम्पूर्ण भौतिक ,सवारी साधन, जग्गा, जिन्सी दाखिलाको अन्य विवरण सार्वजनिक सम्पति ब्यबस्थापन प्रणाली (PAMS) मा आधावधिक गरिएको।
- नगरपालिकाबाट भुक्तानी हुने तथा अन्य संस्थाबाट प्राप्त सामाग्री तथा सेवा सम्बन्धी कागजातको दाखिला गरी अभिलेख राखिएको ।
- नगरपालिका तथा वडा कार्यालयमा आवश्यक परेका सामाग्री उपलब्ध तथा सेवा प्रवाह गरेको।
- नगरमा रहेका सवारी साधन तथा उपकरणको मर्मत सम्भार तथा व्यवस्थापन गर्न नगरपालिकाले प्रयास गरिरहेको ।

❖ **न्यायिक समितिः-**

- सूचिकृत मेलमिलापकर्ताहरुलाई आधारभूत ८ दिवसिय मेलमिलाप सम्बन्धी तालिम प्रदान गरिएको ।
- वडा तथा नगर स्तरिय मेलमिलाप केन्द्र गठन भई संञ्चालनमा रहेको।
- न्यायिक समितमा आ.व.२०७९/८० चैत्र मसान्तसम्म ८९ वटा मुद्दा दर्ता भएको तथा ७६ वटा मुद्धाहरु वडा स्तरिय मेलमिलाप केन्द्रमा मेलमिलापका लागि पठाएको।
- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई कानूनी विषयक अभिमुखिकरण कार्यक्रम संञ्चालन गरिएको ।
- न्यायिक समितिको बैठक हालसम्म ३५ वटा बसेको आदि।

**नगरसभा सदस्यज्यूहरु,**

## २. बेलका नगरको अवसर तथा चुनौतीहरुः

बेलका नगरपालिका र नगरवासीको समृद्धि र सर्वाङ्गीण विकासका गतिविधि संचालन गर्नका निमित्त नगरमा उपलब्ध भएको सिमित स्रोत साधनको उपयोगबाट विकासका थुप्रै आवश्यकताहरु परिपूर्ती गर्नुपर्ने चुनौती रहँदा रहदै पनि यस नगरपालिकाको समग्र आवश्यकता पूरा गर्न र समृद्ध बेलका निर्माण गर्न पूर्वाधारका रुपमा थुप्रै सम्भावना र अवसरहरु पहिचान भएका छन।

## २.१ चुनौतीहरुः

बेलका नगरपालिका भित्रि मधेश अन्तर्गत रहेको, समथर भूभाग, चुरे क्षेत्र र पहाड मिश्रित भूगोल भएको हुँदा, सप्तकोशी, सुनकोशी र त्रियुगा जस्ता तीन ठूला नदीहरुबाट घेरिएको र यसभित्र ५० भन्दा बढी खहरे खोलाहरु बग्ने भएकाले बाढी, पहिरो, डुवान, कटान लगायत विपत्तिहरु साथै साविक देखि प्रयोग गर्दै आएको प्राकृतिक सम्पदाहरुको प्रयोग गर्दा सरकारलाई बुझाउनु पर्ने राजश्व संकल गर्ने सन्दर्भमा स्थानीय बासिन्दाहरुलाई समयमै कर तिर्ने बानीको विकास गर्नु/ गराउनु हाम्रो मुख्य चुनौतिका रुपमा रहेका छन।

- करिव ७० प्रतिशत भूभाग ऐलानी, पर्ती तथा वन क्षेत्र रहेकाले भु-उपयोग नीति तथा भू-उपयोग योजना कार्यान्वयन गर्नु / गराउनु ।
- भौतिक पूर्वाधार सम्वन्धित विकास निर्माणका कामहरु सञ्चालन गर्नु र आम नागरिकको बसोवासलाई व्यवस्थित गर्नु ।
- सिमित स्रोत साधन, विविधतायुक्त भूगोल र वहुलतायुक्त वसोवासका कारण विकासका आवश्यकताहरु छोटो समयमा पुरा गर्नु कठिनाई हुनु ।

- आर्थिक विकासको लागि राजश्वको संकलन एवंम् परिचालनका नयाँ क्षेत्रको खोजि गरी व्यवस्थापन गर्न कठिनाई हुनु ।
- सात तहको योजना तर्जुमा प्रक्रिया पूरा गरी योजना माग, छनौट, प्राथमिकिकरण र कार्यान्वयनमा कानूनी व्यवस्था अनुरुपको उत्तरदायित्व पूरा गर्न स- साना योजनालाई वडा तहबाट सम्बोधन गर्न लगाई मझौला आकारका योजनामा नगरपलिकाको बजेट केन्द्रित गर्न नसकिएको ।
- उपभोक्ता समितिको काम कारवाहीमा पारदर्शिता, जवाफदेहिता र अर्थपूर्ण जनसहभागिता कायम गराउनु ।
- ठेक्का तथा उपभोक्ता समिति मार्फत गरिने कार्य समयमा सम्पन्न गर्न कठिनाई।
- विकासमा आर्थिक अनुशासन कायम गर्न सहज नभएको ।
- भौगोलिक बिकटताका कारण पूर्वाधार विकासमा कठिनाई रहेको ।
- करदाताहरुलाई करको दायरामा समेट्न कठिनाइ रहेको ।
- कर तिर्ने बानीको विकास गर्दै करदातालाई प्रोत्साहित गर्न कठिन रहेको ।
- नदिजन्य पदार्थ वार्षिक ठेक्का लगाई राजश्व संकलन गर्न नसक्नु हाम्रा लागि निकै चुनौतिपूर्ण छ।

## २.२ अवसरहरुः

- अन्न बालीका लागि समथर भूमि तथा तरकारी एवम् अन्य नगदेबालीका लागि पहाडी भूभाग निकै उर्वर रहेकाले कृषिजन्य उत्पादनको बढोत्तरी र पशुपन्छी पालनको प्रवर्द्धनको प्रचूर सम्भावना रहेको छ।
- नदीजन्य पदार्थ तथा वनजन्य पदार्थको प्रचुरता रहेको र सोको वातावरणमैत्री उपयोगबाट आन्तरिक आम्दानी बढोत्तरी गर्ने सम्भावना रहेको छ।
- साहसिक खेल, प्राकृतिक, सांस्कृतिक एवम् जैविक सम्पदाहरुको संरक्षण र प्रचारप्रसारबाट पर्यटन क्षेत्रको विकास गरी नागरिकको आयस्तर बढाउन सकिने सम्भावना रहेको छ।
- जातीय विविधतालाई आय आर्जन तथा सामाजिक विकासको रुपमा विकासयोग्य रहेको ।
- परम्परागत सीप सिर्जनाको जगेर्ना गर्दै आर्थिक समृद्धिको संभावना रहेको ।
- सहज पहुँच, बिस्तारित बसोबासीकारण, सम्भावित बजार विस्तार, हावापानी तथा जलवायुको दृष्टिबाट आवासीय शहरको सम्भावना भई तीव्र शहरीकरण हुँदै गरेको र व्यवस्थित शहरीकरण गर्न सकिने संभावना रहेको।
- सहकारीको वलियो आधारको रुपमा कृषि (आलु, धान, मकै ,गहुँ, कोदो, दुग्ध, फलफुल लगायत तरकारी व्यवसाय) उत्पादनको लागि सामुदायिक परिचालन र सहकार्यको उर्वर भूमि एवम् क्षेत्र रहेको ।
- पर्यटकीय प्रवर्धनमा सप्तकोशी नदीमा पानि बोट संचालन, पार्य-पर्यटन अन्तर्गत होमस्टे संचालन, पाराग्लाईडीङ, पदमार्ग निर्माण गरी स्थानीय समुदायलाई स्थायी जीविकोपार्जनमा जोडी आय स्तर वृद्धि गर्न सकिने ।

- मदन भण्डारी लोकमार्गको पहुँच, मध्यपहाडी लोकमार्गसँगको सम्वन्धले नगरपालिकालाई सुगम बनाएको छ भने नगर तथा सबै वडा कार्यालयको भवन तथा स्वास्थ्य केन्द्र भवन निर्माण सम्पन्न भईसकेकाले सेवा प्रवाह सहज हुने अवस्था छ।

## ३. सुधारका क्षेत्रः

- नगरमा सुशासनको प्रत्याभूति गर्न ।
- विद्युतिय मध्यमद्वारा सेवा प्रवाह गर्न ।
- वडा कार्यालयको प्रशासनिक भवन भएको स्थान सम्म यथासक्य कालो पत्रे सडक निर्माण गर्न।
- संघ र प्रदेश सरकार र अन्तर्गतका निकायहरु, सहकारी संस्था वन उपभोक्ता समिति, खानेपानी समितिहरु, NGO/INGO हरु एवम स्थानीय सामाजिक र धार्मिक संघहरु संग समन्वय गरी कार्य गर्न ।
- कार्य मैत्री वातावरण सिर्जना गर्न ।
- पदाधिकारी,कर्मचारीहरु र अन्य विकासमा साझेदारहरुसंग समन्वय र सहकार्य गर्न ।
- विकासमा सबैको सहभागिता प्रत्याभूति दिलाउन, सबैलाई समेटेन र सम्वोधन गर्न ।
- कार्यरत जनशक्तिको रुची, सीप, क्षमतालाई उपयोग र उत्प्रेरित गर्न ।
- नगरमा रहेका प्राकृतिक सम्पदा, नदिजन्य पदार्थ, वन पैदावार चोरी निकासी तथा अवैध पैठारी नियन्त्रण गर्न ।
- उत्पादित कृषि उपजको उचित भण्डारण, बजारीकरण गरी नागरिकलाई कृषि क्षेत्रमा स्थायी आश्रित गराई दिगो जीविकोपार्जन गर्न/ गराउन ।
- आर्थिक समुन्नतिका सूचकका रुपमा रहेका चुनौतीहरुलाई यथोचित सम्बोधन गर्न ।

## ४. नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु

बेलका नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा निम्न ऐन, नियम तथा दस्तावेजहरुलाई आधार मानिएको छ।

- नेपालको संविधानले तोकेका राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, स्थानीय सरकारको अधिकार क्षेत्रका विषयहरु,
- नेपाल सरकारको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- नेपाल सरकारको पन्ध्रौं आवधिक योजना,
- कोशी प्रदेश सरकारको आवधिक योजना,
- बेलका नगरपालिकाको आवधिक नगर विकास योजना,
- प्रदेश सरकारका नीति तथा कार्यक्रमहरुका लक्ष्य, उद्देश्य तथा प्राथमिकताहरु,
- बेलका नगरपालिकाका विभिन्न क्षेत्रगत रणनीतिहरु,
- बेलका नगरपालिकाका विगत वर्षहरुका नीति तथा कार्यक्रमहरु,

- नगरको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति,
- बेलका नगरपालिकाले हालसम्म स्वीकृत गरेका विभिन्न ऐन, नियमावली, कार्यविधि तथा दस्तावेजहरु
- राष्ट्रिय योजना आयोगले जारी गरेको दिगो विकास लक्ष्यहरुको स्थानीयकरण सम्वन्धी स्रोत पुस्तिका
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४,
- विपद जोखिम न्यूनीकरण, जलबायु परिवर्तन अनुकुलन, बातावरण मैत्री, बालमैत्री तथा पोषणमैत्री स्थानीय शासन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन, लक्षितवर्गको सशक्तिकरण लगायतका विकासका अन्तरसम्बन्धित विषयहरु,
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा हाते पुस्तिका,
- बेलका नगरको राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदन, सामाजिक परीक्षण प्रतिवेदन, नगरको सडक यातायात गुरुयोजना,
- नेपाल सरकारले समय समयमा गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरु,
- मानव विकास सुचाकांक,
- नगरपालिकाको तथ्यांकीय सामाजिक तथा भौतिक आधार,
- आम बेलकावासी तथा बेलका नगरपालिकामा सक्रिय राजनीतिक दलका रचनात्मक सुझाव र घोषणापत्रमा उल्लेखित प्राथमिकताहरु,
- बेलका नगरपालिकामा उपलब्ध स्रोत, साधनको अभिलेखहरु ।

## ५. आगामी आर्थिक वर्षका प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरुः

बेलका नगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ मा आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, विपद् व्यवस्थापन, सामाजिक न्याय, सामाजिक सुरक्षा, स्थानीय न्याय सम्पादन तथा व्यवस्थापन, संस्थागत विकास, सेवा प्रवाह र सुशासनका क्षेत्रमा सन्तुलित रुपमा उपलब्ध सिमित स्रोतको महत्तम उपयोग गरी प्रभावकारी कार्यक्रमहरु सञ्चालन गर्नेछ। यस सम्वन्धमा निम्न कार्यक्रमहरुलाई प्राथमिकतामा राखिएको छ।

- गुणस्तरीय शिक्षाका लागि शिक्षक विद्यार्थी अनुपातबमोजिम पर्याप्त जनशक्ति व्यवस्थापनद्वारा शैक्षिक गुणस्तर सुदृढीकरण ।
- सुलभ स्वास्थ्य सेवाका लागि सबै वडामा स्वास्थ्य संस्थाहरु सञ्चालन र स्वास्थ्य विमाको निरन्तरता।
- कृषि तथा पशुपालनको व्यवसायीकरण, आधुनिकीकरण, बिमा र बजारीकरणका कार्यक्रमहरु ।
- पर्यटन विकासका कार्यक्रमहरु ।
- घरेलु तथा लघु उद्यमको प्रवर्द्धन ।
- विपद व्यवस्थापनका कार्यक्रमहरु ।
- निर्माणाधीन संरचनाहरुको निर्माण निरन्तरता (सोमबारे मायुङ्टार सडक निर्माण, रामपुर-आम्वासी सडक, झोलुङ्गेपुल निर्माण, खेल मैदान, आधारभूत अस्पताल साना सिंचाई आयोजनाहरु) र थप नयाँ पूर्वाधार संरचनाहरु निर्माणको सुरुवात ।

- सामाजिक समावेशीकरण तथा सामाजिक न्याय लक्षित कार्यक्रमहरु ।
- आन्तरिक राजस्वका दायराहरुको दिगो वृद्धि ।
- खानेपानी तथा सरसफाईका कार्यक्रमहरु ।
- पारदर्शिता र संस्थागत सुशासन ।
- विद्युतिय शासनको माध्यमबाट छिटो छरितो एवम् प्रभावकारी न्याय सम्पादन सेवा प्रवाह ।
- योजना बैंक निर्माण गरी दिगो योजना तथा कार्यक्रम व्यवस्थापन ।
- लगानी प्रवर्द्धनका साथै समुचित लगानी व्यवस्थापन सम्बन्धि कार्यक्रम, कार्ययोजना ।

## ६. आगामी आर्थिक वर्षका प्राथमिकताका क्षेत्र तथा प्रमुख नीतिहरु

आगामी आर्थिक वर्षमा बेलका नगरपालिकामा तपसिल वोजिमका विषय तथा क्षेत्रहरुलाई प्राथमिकताका क्षेत्रहरुका रुपमा लिएर विकासका गतिविधिहरु संचालन गर्ने / गराउने व्यहोरा यहाँहरु माझ प्रस्तुत गर्न चाहन्छु।

प्राथमिकताः

१. जीवन उपयोगी, गुणस्तरीय, प्राविधिक तथा व्यवसायिक शिक्षा, शिप विकास(Vocational Education)
२. स्वास्थ्य, सरसफाई, पोषण र सुरक्षित मातृत्व, पोषण मैत्री र बालबालिका मैत्री नगर
३. कृषिको आधुनिकीकरण, व्यवसायिकरण, विशिष्टीकरण तथा बजारीकरण
४. पर्यटन प्रवर्द्धन तथा उद्यम विकास, नव प्रवर्तनमा जोड
५. निश्पक्ष न्याय सम्पादन, सूचना प्रविधीको प्रयोग अभिवृद्धि गरी विद्युतीय शासनमार्फत सुशासन प्रवर्द्धन र सेवाको बिस्तार
६. नदी नियन्त्रण तथा विपद् व्यवस्थापन
७. भू–उपयोग तथा भूमि व्यवस्थापन
८. खानेपानी, जलश्रोत तथा उर्जा विकास
९. यातायत लगायत भौतिक पूर्वाधारहरु
१०. आन्तरिक राजश्व वृद्धि, पूँजी निर्माण तथा वित्तिय सुशासन र दिगो वित्त व्यवस्थापन ।
११. खेलकुद, कला, साहित्य, सँस्कृतिको संरक्षण तथा प्रवर्द्धन।
१३. खाद्य सुरक्षा र खाद्यमा पहुँच ।
१४. स्थानीय न्याय सम्पादन तथा व्यवस्थापन ।
१५. योजना तथा कार्यक्रम व्यवस्थापन र लगानी व्यवस्थापन ।

**नगरसभा सदस्यज्यूहरु,**

अब म यस बेलका नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमको विवरण प्रस्तुत गर्न गईरहेको छु ।

## ७. बेलका नगरपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धि

### ७.१ दीर्घकालिन सोचः

**“सबल आर्थिक, सामाजिक र भौतिक पूर्वाधार, बेलका नगर विकासको प्रमुख आधार”**

### ७.२ बेलका नगरपालिकाको प्रमुख लक्ष्यः

कृषि तथा पशुपन्छी, पर्यटन, खेलकुद, अत्याधुनिक शहरी पूर्वाधार विकासको माध्यमबाट आगामी पाँच वर्षमा कोशी प्रदेशको उत्कृष्ट नगरपालिकाको रुपमा विकास भएको हुने ।

### ७.३ बेलका नगरपालिकाको प्रमुख उद्देश्यः

- न्युनतम आवश्यकता सहितको दिगो शहरी पूर्वाधार विकास सहित समग्र समृद्धिका लागि राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, प्राविधिक तथा साँस्कृतिक पक्षको दीर्घकालिन योजना तर्जुमा र सोही अनुसार स्वच्छ, सिर्जनशील, समृद्ध नगरको रुपमा विकास गर्ने ।
- आन्तरिक राजश्व वृद्धिका लागि नयाँ क्षेत्रको पहिचान गरी आर्थिक आत्मनिर्भरताका लागि स्थानीय श्रोतको परिचालन गर्ने ।
- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउन सहयोग गर्ने ।
- उत्पादनमूलक तथा छिटो प्रतिफल दिने।
- रैथानी बालीलाई प्रवर्द्धन गरी जीविकोपार्जनमा कृषकलाई सवलिकरण गर्ने |
- बेमौसमी कृषि उपज उत्पादन भण्डारण र बजारीकरण सहयोग गर्ने ।
- आयआर्जन र रोजगारीको अवसर सिर्जना गरी जनताको जीवनस्तर सुधारमा सहयोग गर्ने ।
- स्थानीय सहभागिता र स्वयंसेवा परिचालन गरि कम लागत कार्य सम्पन्न गर्ने वातावरण तयार गर्ने
- स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग र उपयोगको वातावरण तयार गर्ने ।
- महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ प्रदान गर्ने ।
- लैंगिक समानता र सामाजिक समावेशीकरण संस्कृतिको विकास गर्ने ।
- दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउन सहयोग गर्ने ।
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकताभावको प्रवर्द्धन गर्ने ।
- पर्याप्त हरियाली र व्यवस्थित शहर हरित नगरको रुपमा विकास गर्ने ।
- शिक्षा,स्वास्थ्य क्षेत्रमा नागरिकको सहज पहुँचको सुनिश्चितता गरी गुणस्तरीय सेवा प्रदान गर्ने ।
- सबै प्रकारका सामाजिक विभेद अन्त्य गरी मानव अधिकारको प्रत्याभूत गर्ने ।
- समावेशी, सन्तुलित र दिगो विकासमा सहयोग गर्ने ।
- गुणस्तरीय सेवा प्रवाह र संस्थागत सक्षमताको स्थिति कायम गर्ने ।
- उद्यमशिलताको विकास, कृषिको व्यवसायिकरण गर्ने ।
- विपद जोखिम न्यूनीकरण गर्नका लागि पहिरो नियन्त्रण, बाढीबाट हुने कटान नियन्त्रण सम्बन्धि कार्ययोजना निर्माण गरी लागु गर्ने ।
- विपद जोखिम न्यूनीकरण गर्न सम्भाव्य जोखिमको अनुगमन गरी रोकथामको कार्यक्रम तथा अत्यावश्यक सामग्रीको व्यवस्था गर्ने ।

### ७.४ अपेक्षित उपलब्धिः

आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयन मार्फत समग्र नगरबासीहरुको आर्थिक, सामाजिक, सांस्कृतिक स्थिति सुधार र विकासका लागि राजनीतिक संस्कार र सचेतना अभिबृद्धि सुशासनलाई स्थायित्व गर्दै समृद्ध नगरको निर्माण गर्न सहयोग पुऱ्याईने छ ।

**नगरसभा सदस्यज्यूहरु,**

### ८. क्षेत्रगत एवंम् विषयगत नीतिहरुः

### ८.१ आर्थिक विकासः

### क. कृषि विकास सम्बन्धि नीतिः

***"कुशल कृषि अभ्यास, नगर समुन्नतिको प्रयास"***

१. कृषि क्षेत्रलाई उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गर्ने नीतिलिई कृषि उपज विशिष्टीकारण गर्दै आत्मानिर्भारता तर्फ उन्मुख गरिनेछ । संघीय सरकार, प्रदेश सरकारको सहयोग जुटाई कृषि क्षेत्रको विकासमा जोड दिईनेछ ।
२. मुख्य बालीमा रहेको धान, मकै, मसला बालि तथा आलुको पकेट, ब्लक र जोन कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ।
३. नगरका किसानहरुलाई विभिन्न उत्पादन र उत्पादनोपरान्त सामग्री माग तथा आवश्यकता अनुसार उपलब्ध गराउने।
४. रसायनिक मल खाधको प्रयोगलाई निरुत्साहित गरी प्राङ्गारिक खेतिको अभिवृद्धि गर्ने।
५. बालीमा लाग्ने फौजी किरा, रोग, प्राकृतिक प्रकोप र महामारीका लागि स्वयं नगरपालिका तथा अन्य निकाय सँग सहयोग मागि न्युनिकरण गर्ने।
६. फलफूल बिरुवा रोप्ने र संरक्षण गर्ने कार्यलाई अभियानको रुपमा संचालन गरीनेछ साथै सबै सरकारी नीति तथा सामुदायिक वनहरुलाई फलफूलका विरुवा लगाउने र संरक्षण गर्ने अभियान संचालन गरिनेछ
७. सार्वजनिक जग्गा संरक्षण तथा अभिलेख व्यवस्थापन गर्नुका साथै जमिनको वर्गीकरण गरी कृषिको उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम बनाई कार्यान्वयनमा ल्याइनेछ ।
८. किसानको वर्गिकरण सहितको परिचयपत्र वितरण कार्यक्रम संचालन गरिनेछ।
९. कृषिको सेवा प्रवाह गर्न प्राविधिक जनशक्तिको सुनिस्चित गरिनेछ।
१०. हरेक उत्पादनको न्यूनत्तम समर्थन मूल्य तोकि सो मूल्य भन्दा बजार मूल्य कम भए किसानको लागत मूल्य पाउने हक सुनिश्चित गरिनेछ।
११. सामुदायिक बाली बिमा प्रणाली स्थापना गरी कार्यान्वयन गरिनेछ।
१२. चक्लाबन्दी खेति प्रणाली प्रवर्द्धन गरिनेछ।
१३. कृषि विकासका लागि कृषि स्वयमसेवा कार्यक्रम संचालन गरिने छ ।
१४. कृषि आधुनिकिकरणका लागि नगरपालिकामा संचालन भईरहेको ***कस्टम हायरिङ्ग सेन्टर*** लाई प्रभावकारी रुपमा संचालन गर्न वडा कार्यालयहरुलाई नै जिम्मेवारी दिई नगरपालिकाबाट आवश्यक सहयोग उपलब्ध गराईनेछ ।

१५. कृषि सामग्री क.लि., साल्ट ट्रेडिङ्ग कर्पोरेसन तथा अन्य निकाय बाट प्राप्त हुने मलको सम्बन्धमा किसानहरुलाई आवश्यकता अनुसार मल परिपूर्तिको सुनिश्चित गरिनेछ।

१६. निर्माण सम्पन्न र निर्माणाधीन अवस्थामा रहेका कृषि बजारको प्रभावकारी रुपमा संचालन गरिनेछ।

१७. वडा न.१ मा रहेको कोल्ड स्टोरमा आलु भण्डारण तथा बजारिकरण गर्न संचालनमा ल्याईनेछ।

१८. बाली क्लिनिक तथा माटोको परीक्षण सहित सुधार कार्यक्रम संचालन गरिनेछ।

१९. मौरीपालनको प्रवर्द्धन तथा आधुनिकिकरण गरिनेछ।

२०. किसानहरुको कृषि पेशा प्रति आकर्षण तथा क्षमता अभिवृद्धि गर्न विभिन्न तालिमहरु संचालन गरिनेछ।

२१. साना सिंचाई कार्यक्रम प्रभावकारी रुपमा संचालन गरी नगरपालिकाको सिंचित क्षेत्र बढाईनेछ।

२२. नविन सिंचाई प्रणाली(सौर्य सिंचाई, डिप सिंचाई, लिफ्ट सिंचाई,भुमिगत सिंचाई) प्रवर्द्धन गरिनेछ।

२३. साविक देखिननै नगर क्कार्यपालिकाको कार्यालय प्रांगणमा निर्माण गरिएको कृषि सिकाई केन्द्र तथा नर्सरी निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

२४. स्थानीय स्तरमा NARC बाट आधिकारिक विऊविजन उत्पादनका लागि अधिकार प्राप्त संघ/संस्थाहरुबाट उत्पादित विऊ विजनको गुणस्तर यकिन गरी नगरले प्रयोगमा ल्याइने प्रावधान मिलाईनेछ ।

२५. CASH Crop मा लगानी प्रवर्द्धन गरीनेछ ।

२६. नगदेबालि र मौसम अनुरुपको बैकल्पिक पकेट कृषि नर्सरीका रुपमा अधुवा, टिमुर, बेसार, सिस्नो, कागुनो, अम्रिसो, केरा, सजीवन, कागती, अकबरे खोर्सानी, सुपाडी आदि लाई प्रवर्द्धन गर्ने र सामुदायिक वन, निजि क्षेत्रसँग समन्वय गरी पकेट फूलवारी खेती कार्यक्रम संचालन गर्ने पहल गर्ने ।

२७. कृषि पर्यटन Agro Tourism लाई प्रवर्द्धन गरीनेछ ।

२८. पकेट कार्यक्रम संचालन गरी स्थानीय स्तरमा खाद्यान्न आत्मनिर्भर हुने वातावरण निर्माण गरीनेछ ।

२९. बेलका नगरपालिका भित्रका मूख्य खोलाहरुबाट हुँदै आएका मौसमी सिँचाईलाई वर्षभरी संचालन गरी उत्पादन वृद्धिका लागि जलासय निर्माण गरी खेर जाने पानिलाई संचित गरी मत्स्यपालन, जलपर्यटन र वनभोज स्थल निर्माण (प्रदेश र संघीय सकारसँगको सहकार्य र सहयोगमा) तथा सिँचाई प्रवन्ध मिलाईनेछ।

३०. रैथाने जातका बालिहरु संरक्षण र सम्बर्धन कार्यक्रम संचालन गरिनेछ।

३१. नगरपालिकाका सम्पुर्ण किसानहरुलाई नगरबाट प्रवाह हुने सेवा तथा गतिविधिमा कृषकहरुको सहभागिता सुनिश्चित गरिनेछ।

## ख. पशुपंक्षी तथा मत्स्य विकास सम्बन्धि नीतिः

३२. पशुपंक्षी क्षेत्रका उद्योगहरु समावेश गरी औद्योगिक ग्राम निर्माण गरिनेछ ।

३३. पशुपंक्षी तथा मत्स्य पालनका लागि सार्वजानिक तथा निजि जमिनहरुमा करार खेति प्रवद्धन गर्न प्रोत्साहन गरिनेछ ।

३४. कृषक, उद्यमी वा व्यवसायीहरुलाई आधुनिक प्रविधिमा आधारित व्यवसाय स्थापना गर्न प्रेरित गरिनेछ

३५. बाख्राको श्रोत केन्द्रहरुलाई व्यवस्थित गरि खसिबोका संकलन केन्द्र संचालनमा ल्याइने छ ।

३६. प्रविधि हस्तान्तरणका लागि रेडियो, टिभि र पत्रपत्रिका सुचना प्रसार साथै विद्यालय शिक्षा, बस्ति स्तर र नगर स्तरमा तालिम, गोष्ठि, अवलोकन भ्रमण जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिदैं थप प्रभावकारी र विस्तार गरिनेछ ।

३७. नगरपालिका भित्र उत्पादित पशुपंक्षी तथा मत्स्य उपजहरुको न्युनतम समर्थन मूल्य तोक्न सरोकारवालाहरुसँग अन्तरक्रिया गरिने र सोका आधारमा विक्रि मुल्य कायम गरिनेछ ।

३८. पशुजन्य पदार्थ, पशु आहारा (दाना,छाला) र माछाको उत्पादन तथा प्रशोधनकालागि साना तथा मझौला उद्योग स्थापनामा सहयोग गरिनेछ ।

३९. रैथाने जातका पशुपंक्षीहरुको संरक्षण तथा संवर्धन कार्यक्रम संचालन गरि विउ बैंकको स्थापना तथा प्रमाणिकरण र बजारीकरणको लागि संघीय सरकार, प्रदेश सरकार, गैरसरकारी संघ/संस्था तथा निजि क्षेत्रसँग सहकार्य गरी आवश्यक व्यवस्था मिलाईनेछ ।

४०. सिचाईको सुविधा उपलब्ध भएको निजि तथा खालि जमिन र सिमसार क्षेत्रको संरक्षण तथा सदुपयोग गर्दै माछापालन व्यवसायको पकेट, ब्लक र जोन कार्यक्रमको रुपमा विकास तथा विस्तार गरि माछापालनको व्यवसायिकरण गरिनेछ ।

४१. पशुपंक्षी पालन व्यवसायबाट उत्पादित फोहोर मैलालाइ व्यवसाथापन गरी रोगको प्रकोप कम गर्ने र उत्पादित फोहोरको समुचित उपयोग गर्दै बायोग्यास र प्रागरिक मलको उत्पादन गरि उत्पादकत्व वृद्धि गरिनेछ ।

४२. एक गाउँ एक नमुना पशुपंक्षी तथा मत्स्य पालन फर्महरुको स्थापना तथा संचालन गरिनेछ ।

४३. पशुपंक्षी तथा मत्स्य धनको सुरक्षाका लागि विमा कार्यक्रमलाई प्रभावकारी वनाई निरन्तरता दिइनेछ।

४४. सामुदायिक वन क्षेत्रमा तलाउ निर्माण कार्य अभियानको रुपमा संचालन गरिनेछ ।

४५. पशुपंक्षी तथा मत्स्य जन्य पदार्थको उत्पादनलाई मुल्य श्रंखला (उत्पादन देखि उपभोगसम्म ग्रेडिङ्ग, प्सोधन, प्याकेजिङ्ग, ब्राण्डिङ्ग र लेवलिङ्ग) मा आवद्ध गराउदै तिनिहरुको बजारिकरणमा समयाअनुकुल निति निर्माण तथा आवश्यक पूर्वाधारको विकास तथा स्तरोन्नति गरी बजारीकरणमा सहयोग गरिनेछ।

४६. युवा लक्षित विशेष व्यवसायिक कार्यक्रम संचालन गरिनेछ ।

४७. पशुपंक्षी तथा मत्स्य पालनमा उपयुक्त प्रजनन् तथा नश्ल सुधार गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ ।

४८. छाडा चरिचरणलाई उचित व्यवस्थापनका लागि खुल्ला चरिचरण बन्द गरौं, घाँसले भरिभरण गरौं कार्यक्रम संचालन गरिनेछ ।

४९. उन्नत जातका पशुपंक्षी तथा मत्स्य र डाले तथा भूई घाँसको विकास तथा प्रवद्धन लागि स्रोत तथा प्रजनन् केन्द्रहरुको विकास गरिनेछ ।

५०. एक गाउँ एक प्राविधिकको अवधारणाको आधारमा एक वडा एक कृषि तथा पशु सेवा प्राविधिकहरुको क्षमता विकस तथा स्तरोन्नति गरी एक गाउँ एक उत्पादन कार्क्रममा आवद्ध गराउँदै सेवा प्रवाहलाई प्रवाकारी एव्म दिगो बनाउदै लगिनेछ ।

५१. पशुपंक्षी तथा मत्स्यजन्य निर्यातमुलक वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी तिनीहरुको श्रोत केन्द्रहरुको विकास तथा विस्तार गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

५२. पशु आहारा बिकासका लागि डाले तथा भूई घाँसका नर्सरी स्थापनामा प्रोत्साहन गरिनेछ ।

५३. पशुपंक्षी तथा मत्स्य पालन व्यवसायबाट उत्पादित वस्तुहरुको सङ्कलन, भण्डारण, प्रशोधन, प्रवद्धन केन्द्रहरु स्थापना र बधस्थल निर्माण गरी कृषकहरुको उत्पादनको बजार सुनिश्चित गरिनेछ ।

५४. प्रविधिको उच्चतम प्रयोग गरी पशुपंक्षी तथा मत्स्य पालन क्षेत्रको व्यवस्थित अभिलेखिकरण तयार गरिनेछ ।

५५. पशुपंक्षी तथा मत्स्य संरक्षण, प्राकृतिक प्रकोप र माहामारी नियन्त्रणमा विशेष कार्यक्रम संचालन गरिनेछ

५६. हरेक वडामा पशुपंक्षी तथा मत्स्य सिकाई केन्द्र स्थापना र कृषक पाठशाला संचालन गर्न पहल गरिनेछ ।

५७. पशुपंक्षी तथा मत्स्य स्वास्थ्य सेवालाई सहज व्यवस्थापन गर्न सर्भिलेन्स कार्यक्रम संचालन गरिनेछ ।

५८. किसानहरुलाई सुलभ कृषि ऋण उपलब्ध गराउन वितिय क्षेत्रसंग सहकार्य गरिनेछ ।

## ग. उद्यम विकास सम्बन्धि नीतिः

५९. युवा उद्यमशीलता विकास कार्यक्रम मार्फत युवालाई विदेश होइन विजनेश भन्ने भावनाको विकासका लागि स्वरोजगार उन्मुख तुल्याउँन युवाहरुलाई अभिप्रेरित गरी सामाजिक तथा उद्यमशिल क्षेत्रमा उत्कृष्ट कार्य गर्ने युवालाई नगर युवा उद्यमी पुरस्कार प्रदान गरिनेछ।

६०. उद्यमीहरुको अवस्था पहिचान गरी कम्तिमा ३ वर्ष सम्म स्तरोन्नतिका लागि सहयोग गरिनेछ ।

६१. औधोगिक ग्राम निर्माणका लागि विभिन्न निकाय/तह सँग सहकार्य र समन्वय सहित स्थापनार्थ सहजिकरण गरिनेछ ।

६२. विभिन्न सीपमूलक तालिमका लागि घरेलु तथा साना उद्योग कार्यालय र व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु सँग समन्वय र सहकार्यमा जोड दिइनेछ ।

६३. परम्परागत सीपमा आधारित उद्योगहरुलाई आधुनिकीकरण गर्नका लागि पालिकागत वजेटमा विशेष व्यवस्था गरिनेछ।

६४. कोशेली घर सञ्चालन गरी स्थानीय उत्पादनको बजारीकरणमा सहयोग गरिनेछ।

६५. उद्यमीहरुलाई व्यवसाय विकासका लागि मेशिन, औजार उपकरणहरु प्रदान गरिनेछ ।

६६. बजार माग, सम्भाब्यता अध्ययन र श्रोत सर्बेक्षण गरी नयाँ उद्यमि सृजना गरी सीप तालिम दिईने छ।

६७. सहुलियत कर्जा परिचानलन कार्यविधि तयार गरि साना उद्यमीहरुलाइ ऋण लिनका लागि सहजिकरण गरिनेछ ।

६८. उद्यमीहरुको सहकारीलाई आवश्यक सहयोग एवम् परामर्श तथा सहजिकरण गरिनेछ ।

६९. भइ रहेका लघु उद्यमीहरुको आवश्यकता पहिचान गरि स्तरउन्नति गरिनेछ ।

७०. परम्परागत ज्ञान तथा मौलिक सीपमा आधारित लघु तथा घरेलु उद्योगलाई ५० प्रतिशत अनुदानमा प्रविधि हस्तान्तरण तथा बजार संरक्षण र प्रवर्द्धन गरिनेछ |

७१. विभिन्न वस्तुहरुको उत्पादन वृद्धि गरि व्यवसायिक वनाउन पकेट क्षेत्र निर्धारण गरिनेछ।

७२. विपन्न गरिब तथा सुकुम्वासी परिवारका युवाहरुलाई सिपमुलक व्यावसायिक तालिम दिइ स्वरोजगार वनाउन विशेष योजना वनाई लागु गरिने छ।

## घ. सहकारी तथा उद्योग वाणिज्य सम्बन्धि नीतिः

७३. सहकारी संस्थाहरुलाई उत्पादन तथा रोजगारीमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरीने कार्यलाई निरन्तरता दिईनेछ ।

७४. नगर क्षेत्रभित्र संचालित उस्तै प्रकृतिका सहकारीहरुलाई मर्ज गर्न प्रोत्साहन गरिनेछ ।

७५. सहकारी संस्थाहरुले कम्तिमा १५ प्रतिशत लगानी उत्पादन तथा रोजगारीका क्षेत्रमा गर्नुपर्ने अनिवार्य व्यवस्था गरीनेछ | सहकारीद्वारा उत्पादित वस्तुको वजारीकरणमा सहजिकरण गरिनेछ ।

७६. सवै सहकारीहरुलाई अनिवार्य रुपमा कोपोमिसमा अध्यावधिक गरिनेछ।

७७. सहकारी दिवस मनाउनका लागि आवश्यक वजेटको नीतिगत खाँका तयार गरि उत्कृष्ठ सहकारीलाई प्रोत्साहन तथा पुरस्कृत गरिनेछ ।

७८. सहकारी सम्वन्धि ऐन नियम कानून तथा निर्देशन र कार्यविधीहरुको सम्वन्धमा तालिम गोष्ठी तथा आवश्यक सहजिकरण गरिनेछ ।

७९. सहकारीका सञ्चालकहरुका लागि नेतृत्व विकास तालिमको आयोजना गरिनेछ ।

८०. सहकारीहरुलाई आधारभूत लेखाव्यवस्थापन तालिमको व्यवस्था गरिनेछ।

८१. सहकारीको वार्षिक कार्ययोजना निर्माणमा क्षमता अभिवृद्धि तालिम गोष्ठीको आयोजना गरिनेछ ।

८२. PEARLS, MolMac अनुगमन तालिम तथा अभिमुखिकरण सम्पन्न सहित वचत तथा ऋण कारोवार गर्ने सहकारीहरुको सघन अनुगमन गरिनेछ ।

८३. सहकारी संस्थाहरुलाई किसानहरुको उत्पादनवृद्धि गर्ने कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

८४. व्यवसायी नवीकरणका लागि विभिन्न कारणले लामो समयदेखि छुट भएका संघ/संस्थाहरुलाई नवीकरण प्रोत्साहनका लागि नवीकरण दस्तुरमा केहि छुट गरी नवीकरण गर्ने व्यबहार विकास गर्ने कार्यक्रम ल्याईनेछ ।

८५. व्यावसायिक योजना निर्माण तालिम सम्पन्न गरिनेछ।

८६. रणनीतिक योजना निर्माणमा सहजिकरण गरिनेछ।

८७. सवै सहकारीहरुलाइ एकिकृत सूचना प्रणाली कोपोमिसमा आवद्ध हुनका लागि प्रोत्साहन गरिनेछ ।

८८. पालिकागत सहकारीहरुको तथ्याङ्क सहित प्रगति विवरण समेटेर प्रगति पुस्तिका प्रकाशन गरिनेछ ।

८९. स्थानीय सहकारी नियमावली निर्माण गरी लागू गरिनेछ।

९०. सहकारीहरुको गतिविधि आवश्यकता हेरी एकिकरण तथा खारेजीका लागि विशेष व्यवस्थापनको व्यवस्था मिलाइनेछ ।

९१. एक वडा एक उद्यम र एक सहकारीको अवधारणा लागु गरिनेछ ।

९२. सहकारीहरुकालागि विभिन्न शिर्षगत राजश्वमा परिमार्जन गर्न आवश्यक सल्लाह सुझाव सम्प्रेषण गरिनेछ

९३. अनुगमन र प्रतिवेदन सम्प्रेषण गरिनेछ ।

९४. नगर भित्र स्थापित सहकारी बैंक तथा वित्तीय संस्थाहरुसँग समन्वय गरी गरिवी निवारण सम्बन्धि कार्यक्रम संचालन गर्न आवश्यक सहकार्य गरीनेछ ।

९५. कृषि सहकारीहरुलाई प्रोत्साहन र प्रवर्द्धन गरीनेछ ।

## ङ. पर्यटन सम्पदा संरक्षण सम्बन्धि नीतिः

***"उडौं आकाशमा, कस्तो एक्साईटिङ्ग***
***जाऔं सोमबारे, गरौं पाराग्लाईडीङ्ग"***

९६. उडौं आकाशमा, कस्तो एक्साईटिङ्ग, जाऔं सोमबारे, गरौं पाराग्लाईडीङ्ग" सहासिक खेल अनुमति, संचालन, दर्ता, नियमन, व्यवस्थापनका लागि सहजीकरण तथा प्रवर्द्धन सम्बन्धि योजना निर्माण गरीनेछ।

९७. नगरपालिकाले पहिचान गरेका २३ वटा पर्यटकीय विन्दुहरुको अभिलेखीकरण, दतावेज निर्माण गरी सम्बर्धन तथा प्रवर्द्वन गरिनेछ ।

९८. बेलका बाटिका क्षेत्र विकास कार्यक्रम संचालन गरिनेछ।

९९. संघ प्रदेश र छिमेकी पालिकाहरुसँग समन्वय गरी कोशीटप्पु बन्यजन्तु आरक्षको जंगल सफारी गर्ने कार्यको समन्वय गरी सम्भाव्यता अध्ययन गरिनेछ।

१००.भुतीया दह पर्यटन क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१०१.पर्या-पर्यटनलाई टेवा दिदै पर्यटक भित्र्याउन वडा नं.६ को पुवारे थुम्कामा संचालित होमस्टेलाई व्यवस्थित गरी, वडा नं. ७ मैनामैनी मन्दिरसँग जोडिने गरी पदमार्ग निर्माण गर्ने कार्यको सम्भाव्यता अध्ययन गरीनेछ ।

१०२.नगर भित्रका विभिन्न धार्मिक पर्यटन, कृषि पर्यटन, खेल पर्यटन, पर्यापर्यटन लगायतका विभिन्न सम्भावना बोकेका क्षेत्रहरुको पहिचान गरी संवर्द्धन गरिनेछ।

***"आफ्नो माटो आफ्नै पानी,***
***सप्तकोशीको जहाज चड्न सबै जाने"***

१०३.आफ्नो माटो आफ्नै पानी, सप्तकोशीको जहाज चड्न सबै जाने जल पर्यटनसम्वन्धी योजना निर्माण गरिनेछ।

१०४.जातजाति संग्राहलय निर्माण गर्न पहल गरीनेछ ।

१०५.पर्यटकीय क्षेत्रहरु उल्लेख भएको प्रोफाईल तथा ब्रोसर निर्माण गरिनेछ।

१०६.एक वडा एक पर्यटन पूर्वाधार निर्माण नीतिलाई प्राथमिकतामा राखी कार्यक्रम निर्माण गरीनेछ ।

१०७.बेलका नगरपालिकाको पर्यटन गुरुयोजना निर्माण गरिनेछ।

१०८.सन्चालित होमस्टेहरुको दिगोपना तथा नयाँ होमस्टेहरु सञ्चालनको लागि क्षमता अभिवृद्धि गरिनेछ।

१०९.पर्यटन प्रवर्द्धनका लागि अन्तर नगर भगिनी सम्वन्ध स्थापना गरिनेछ।

११०.कोशी प्रदेशको मुन्धुम ट्रेल पदमार्गमा बेलका नगरपालिकालाई जोड्न पहल कदमी गरीनेछ।

१११.कला, संस्कृति, साहित्य, भाषा, धर्म तथा सांस्कृतिक धरोहरहरुको संरक्षण तथा संवर्द्धन कार्यलाई प्राथमिकतामा राखिनेछ।

११२.नगर प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रहरुको परिचयात्मक डिजिटल डिस्प्ले वोर्ड राखिनेछ।

११३.पर्यापर्यटनलाई प्रवर्द्धन गर्दै सामुदायिक वन क्षेत्रमा समन्वयात्मक भूमिकाबाट बनभोज स्थल तथा पार्क निर्माण गरि अन्तरिक पर्यटनमा जोड दिइनेछ ।

११४.कृषि वन पर्यटन Agro Forestery लाई प्रवर्द्धन गरीनेछ ।

११५.सप्तकोशी नदी कोशी व्यारेज देखि बेलका न.पा. वडा नं. ८ नयाँ पुल सम्म नदी च्यानलीङ्ग गरी बोट संचालन कार्य र कोशी टप्पु वन्यजन्तु आरक्ष सफारीका लागि संघीय सरकारसँग आवश्यक पहल गरिनेछ ।

११६.राम भगवानको मुर्ति सहितको बेलका नगर प्रवेशद्वारमा रामद्वार निर्माण गरीनेछ ।

## ८.२ सामाजिक विकासः

### क. शिक्षा विकास सम्बन्धि नीतिः

***"व्यावसायिक शिप सहितको गुणस्तरीय शिक्षा, बेलका नगरको दिर्घकालिन इच्छा"***

११७.बेलका नगरको मौजुदा शिक्षा नीति तथा शिक्षा ऐनमा आवश्यक संशोधन गरिनेछ ।.

११८.विद्यालयहरुलाई नगर शिक्षक व्यवस्थापनका लागि प्रदान गरिदै आएको शिक्षक सहायता अनुदानलाई आवश्यकता वमोजिम पुनरावलोकन गरी आर्थिक व्ययभारलाई कम गर्दै निरन्तरता दिईनेछ ।

११९.गुणस्तरीय विद्यालय शिक्षाको अवसरको सुनिश्चितताको लागि गैर सरकारी संस्था र सरकारी निकायहरु वीच आपसी समन्वय र सहकार्यलाई निरन्तरता दिइनेछ ।

१२०.शिक्षण सिकाई कार्यलाई प्रभावकारी बनाई अपेक्षित उपलव्धिस्तर सुधारका लागि क्रमशः "पाठयोजना साथमा शैक्षिक सामाग्री हातमा" कार्यक्रम लागु गरिनेछ ।

१२१.कार्य सम्पादन सूचकको आधारमा सामुदायिक विद्यालय प्रोत्साहन कार्यक्रम लागु गरिनेछ । सबै सामुदायिक विद्यालयको विद्यमान अवस्था र आवश्यकतालाई मध्यनजर गरी श्रोत साधनको समुचित वितरणको व्यवस्था मिलाई सामुदायिक शिक्षामा एकरुपता ल्याईनेछ ।

१२२.गुणस्तरीय विद्यालय शिक्षाका लागि समुदाय परिचालन तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

१२३.बेलका नगरपालिकाको शैक्षिक धरोहर। गहनाको रुपमा नविन शैक्षिक कार्यक्रम विस्तार सहित बेलका क्यापम्स सञ्चालनका लागि पहल गरिनेछ ।

१२४.शैक्षिक गुणस्तर सुधार गर्न शिक्षक तथा कर्मचारीको लागि पेशागत दक्षता विकास तालिम सञ्चालन गरिनेछ ।

१२५.बौद्दिक अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा अधिकार सुनिस्चित गर्न विद्यालय संचालन गर्न पहल गरीनेछ ।

१२६.उच्च सिकाई र न्युन सिकाई उपलव्धि हासिल गर्ने बिद्यालय ( सामुदायिक र संस्थागत) विच सहकार्य कार्यक्रमको शुरुवात गरिनेछ ।

१२७.स्थानिय प्राविधिक विषय ( कृषि,पशु, र पर्यटन ) मा आधारीत शैक्षिक कार्यक्र कक्षा (९-१०) थालनी गर्न संघ, प्रदेशमा आवश्यक सहयोगकालागि अनुरोध गरिनेछ ।

१२८.विद्यालय बाहिर रहेका तथा बीचैमा कक्षा छोड्ने विद्यार्थीहरुलाई शिक्षा पूरा गर्न प्रेरित गर्ने ।

१२९.विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुबिधा आधारभूत खानेपानी सुबिधाका क्षेत्रमा निरन्तरता दिईनेछ ।

१३०.संस्थागत विद्यालयहरुको शुल्क निर्धारण गरी कार्यान्वयन गरिदै लगिनेछ ।

१३१.विद्यालयहरुमा बालमैत्री, अपाङ्गमैत्री र छात्र छात्राहरुको लागि छुट्टा छुट्टै शौचालय, शुद्ध पिउने पानी, पुस्तकालय विज्ञान प्रयोगशाला र कम्प्युटर प्रयोगशालाको व्यवस्था गरिने छ ।

१३२.विद्यालय तथा क्याम्पसमा इन्टरनेट सेवा बिस्तार गर्दै लगिने छ ।

१३३.माध्यमिक तहमा (११-१२) मा विज्ञान विषयको पठनपाठनलाई निरन्तरता दिईनेछ ।

१३४.प्राविधिक धारतर्फ उच्च शिक्षामा अध्ययनरत विपन्न लक्षित छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१३५.सामुदायिक विद्यालयको कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको लागि कोचिङ कक्षा सञ्चालन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१३६."एक विद्यालय, एक हरियाली क्षेत्र" कार्यक्रम लागु गरिनेछ।

१३७.एक पालिका, एक नमुना विद्यालय कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१३८.एक वडा एक नमुना बाल बिकास केन्द्र कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१३९.एक वडा एक +२, एक नमुना विद्यालय निर्माण गर्न पहल गरीनेछ ।

१४०.बालबालिकासँग जनप्रतिनिधि कार्यक्रमको थालनि गरिनेछ ।

१४१.पढ्दै सिक्दै र कमाउदै एवम् विद्यालय आयआर्जन कार्यक्रमलाई निरन्तरता र विस्तार गरिनेछ ।

१४२.अन्तर विद्यालय अन्तरपालिका अध्ययन अवलोकन भ्रमण कार्यक्रमको थालनी गरिनेछ ।

१४३.सामुदायिक तथा संस्थागत विद्यालयहरुको नियमित अनुगमन, सुपरीवेक्षण र नियमनलाई प्राथमिकता दिइने छ।

१४४.शैक्षिक गुणस्तर अभिबृद्धिका लागि शैक्षिक सम्मेलन र श्रोत प्रबर्दधन कार्यक्रम सञ्चालन गरिनेछ ।

१४५.सुचन तथा प्रविधि मैत्री सिकाईका लागि एक वडा एक अगुवा विद्यालय कार्यक्रमलाई निरन्तरता दिइनेछ

१४६.कक्षा १ देखि ३ सम्म स्थानीय पाठ्यक्रम अनुरुप सन्दर्भ सामग्री तयार गरिनेछ ।

१४७.विद्यालय स्तरमा स्काउटिङ शिक्षा,जुनियर रेडक्रस सर्कल, वालक्लव गठन र परिचालन कार्यक्रमहरु सञ्चालन गरि बालबालिकाहरुलाई सामाजिक कार्यमा सरिक हुने अवसर सुनिश्चित गरिनेछ ।

१४८.न्युन वेतनमा कार्यरत बाल कक्षा शिक्षक तथा विद्यालय कर्माचारीहरुका लागि प्रोत्साहन सहयोग कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१४९.परीक्षाफलमा राम्रो नतिजा ल्याउन सफल विद्यालयलाई पूरस्कार र नराम्रो नतिजा ल्याउने विद्यालयलाई कारवाही गर्ने प्रवन्ध मिलाईनेछ ।

१५०.शैक्षिक सुशासन तथा वित्तिय अनुशासनका लागि संस्थागत क्षमता र सक्षमता विकासमा प्राथमिकता दिईनेछ ।

१५१.नगरस्तरमा खेलकुदको प्रवर्द्धन कार्यक्रमलाई जोड दिईनेछ ।

१५२.विद्यालयमै मार्सल-आर्टका खेलाडी उत्पादन गरि बेलका नगरपालिकाका खेलाडीहरुलाई अन्तराष्ट्रियस्तरसम्म प्रतिस्पर्धा गर्न सक्ने दक्ष खेलाडी उत्पादनमा जोड दिईनेछ ।

१५३.नगरपालिका स्तरीय खेलकुद एकडेमी सञ्चालनका लागि सम्बन्धित निकायहरुसँग पहल गरिनेछ ।

१५४.सदा, मरिक, मुसहर लगायत लोपोन्मुख जातिहरुका बालबालिकाहरुलाई विशेष कक्षा सञ्चालनलाई निरन्तरता दिईनेछ ।

१५५.सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात र विषयगत दरबन्दी समेतका आधारमा शिक्षकहरुको आन्तरिक दरवन्दी मिलान गर्दै लगिनेछ ।

## ख. स्वास्थ्य विकास सम्बन्धि नीतिः

१५६."अनमोल प्राण वायु अकालमा नजावस आयु" भन्ने नाराका साथ कोभिड १९ प्रतिकार्य योजना अन्तर्गत यस नगरपालिका द्वारा लागत सहभागितामा आधारित बहु उद्देश्यीय अक्सिजन प्लान्ट आ.व.२०७७।०७८ मा स्थापना गरी ब्यवसायिक रुपमा संचालन गरिएकोमा आ.व. २०८०।०८१ मा यस प्लान्टलाई थप ब्यवस्थित गर्दै प्लान्ट संचालन समिती गठन र प्लान्ट संचालन मापदण्ड निर्देशिका बिक्रि वितरण तथा अन्य आवश्यक मापदण्ड तयार गरी सरोकार वलाहरु संग सर्भशुलभ रुपमा विक्रि वितरण तथा ब्यवास्थापन गरिने छ।

१५७.कोभिड १९, ईन्फ्लुन्जा, झाडापखाला, हैजा,डेंगु लगायत अन्य प्रकोप बाट बच्न र बचाउनका लागि प्रतिरोधात्मक, उपचारात्मक, निदानात्मक, निरोधात्मक सेवा लगायत नागरिक सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ।

१५८.बेलका नगर अस्पताल बर्थिङ्ग सेन्टर र तपेश्वरी स्वास्थ्य चौकि बर्थिङ्ग सेन्टरमा दक्ष प्रसुतीकर्मीबाट सुरक्षित प्रसुती सेवाका लागि नगर क्षेत्र भित्रका गर्भवती महिलाहरु लाई एम्बुलेन्स सेवा निःशुल्क गरिएकोमा यसलाई अगामि बर्षमा पनि निरन्तरता दिईनेछ।

१५९.नगरपालिका क्षेत्र भित्र रहेका गर्भवती महिलाहरुले अनिवार्य रुपमा चार पटक गर्भ जाँच गराई स्वास्थ्य संस्थामा प्रसुती गराएमा मा नगर बाट रु.१५०० देखि २५०० बरावरको पौष्टिक आहार वितरण कार्यलाई आवश्यक पहल गरिनेछ।

१६०.नगर क्षेत्र भित्रका अति बिपन्न नागरिकहरु लाई निःशुल्क शव वाहनको ब्यवस्थालाई निरन्तरता दिईनेछ ।

१६१.सवै वडाका स्वास्थ्य संस्थाहरुबाट गुणस्तरिय स्वास्थ्य सेवा प्रदानका लागि आवश्यक न्युनतम मापदण्ड सेवा (MSS)अनुसार औषधी तथा उपकरणको ब्यवस्था र स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गर्दै नागरिकको पहुँचमा सहजता ल्याईनेछ।

१६२.बेलका नगर अस्पताललाई पोषण मैत्री, बाल मैत्री र अपाङ्ग मैत्री स्वास्थ्य संस्था घोषणा गरिने छ।

१६३.कुपोषित बाल बालिकाको स्थानिय स्तरमै उपचारका लागि बेलका नगर अस्पतालमा रहेको OTC center र स्वास्थ्य चौकि तपेश्वरीमा रहेको OTC center ब्यवस्थित गर्दै कुपोषित बच्चाहरुको उपचारमा सहजता ल्याउन पोष्टर, पम्पलेट र बैनर सहितको प्रचार प्रसारको ब्यवस्था गरिनेछ।

१६४.नगर क्षेत्र भित्रका सबै नागरिकहरुलाई स्वास्थ्य बीमा गर्न प्रोत्साहित गर्नुका साथै स्वास्थ्य विमा कार्यलाई प्रभावकारी रुपमा संचालन गर्दै प्रत्येक वडामा बीमा कार्यलाई ब्यवस्थित गरि ७० बर्ष माथिका ज्येष्ठ नागरिकहरु सबै जनालाई बीमा गर्न प्रोत्साहित गरिनेछ।

१६५.नगरपालिका भित्र स्वास्थ्य विमा संयोजन समितीको सचिवालय गठन गरी संचालनमा ल्याईने छ।

१६६.स्वास्थ्य चौकि मैनामैनीमा बर्थिङ्ग सेन्टरको स्थापना गरी मातृ मृत्यु र बाल मृत्यु घटाउनुको साथै निदानात्मक सेवाका लागि प्रयोगशालाको स्थापना गरिने छ।

१६७.बेलका नगर अस्पताल र स्वास्थ्य चौकि तपेश्वरीमा रहेको प्रयोगशालामा गुस्तरिय सेवाका लागि थप जाँचको ब्यवस्था गरिने छ।

१६८.आपतकालीन कोष खडा गरीनेछ ।

१६९.नगर स्तरिय आयुर्वेद औषधालयमा थप सेवाहरु बिस्तार गरी र्आयुर्वेद चिकित्सालाई प्रोत्साहन गर्दै नागरिक आरोग्य केन्द्रलाई ब्यवस्थित गरिने छ।

१७०. बेलका नगर अस्पताल र स्वास्थ्य चौकि तपेश्वरीमा एम्वुलेन्सको सेवालाई निरन्तरता दिईने छ।

१७१.अस्मिता राई सर्पदंश उपचार केन्द्र र आँखा उपचार केन्द्र रामपुर बाट थप गुणस्तरिय सेवा प्रदान गरिनुको साथै ज्येष्ठ नागरिकका लागि सहज उपचारको ब्यवस्था गरिनेछ।

१७२.महिलाहरुमा हुने बच्चादानीको क्यानसरबाट बचाउनका लागि निः शुल्क घुम्ती स्वास्थ्य शिविर ( VIA Camp) को संचालन ब्यवस्थापन गरिने छ।

१७३.सन्तान जन्माउनका लागि गर्भ राख्न शारीरिक तथा मानसिक रुपले योग्य नाबहेका महिलाहरुले गर्भधारण गरेमा निजहरुको नियमित स्वास्थ्यउपचाररार्थ र सहयोगका लागि उपचार गर्न कोष खडा गरीनेछ ।

१७४.नगर भित्रका अस्पताल तथा स्वास्थ्य संस्थाहरुलाई प्रविधि मैत्री बनाईने छ।

१७५.स्वास्थ्य संस्थाहरुलाई समावेशी, बाल मैत्री तथा अपाङ्ग मैत्री बनाईने छ।

१७६.४० बर्ष माथिका प्रत्येक नागरिकलाई बर्षमा एक पटक नजिकको अस्पतालमा स्वास्थ्य जाँचका लागि प्रोत्साहन गरिने छ।

१७७.किशोर किशोरी मैत्री स्वास्थ्य सेवा र कार्यक्रम संचालन गरिनेछ।

१७८.नेपाल सरकारको रणनीती अनुसार सन २०५० सम्ममा पालिकालाई क्षयरोग मुक्त क्षेत्र घोषणाका बनाउनका लागि स्क्रिनिङ्ग कार्यक्रमहरु संचालन गरी क्षयरोगीको खोजपडताल गरिने छ।

१७९.कुष्ठरोग नियन्त्रनका लागि कुष्ठ रोग पहिचानका लागि स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिने छ।

१८०.नगर क्षेत्र भित्र १० शैयाको आधारभुत अस्पताल निर्माणका लागि आवश्यक पहल गरिने छ।

१८१.स्वास्थ्य संस्थाहरुबाट नेपाल सरकारले तोके बमोजिमको औषधीहरु निःशुल्क वितरण गर्नुका साथै ज्येष्ठ नागरिकहरुलाई उच्च रक्तचाप, मधुमेह लगायतका रोगहरुको   जाँचको लागि प्रोत्साहन गरिने छ।

१८२.पोषणयुक्त खाद्य पदार्थको उत्पादनमा जोड दिदै गर्भवती तथा सुत्केरी महिलाहरुलाई पोषण करेसावारीको महत्व सम्वन्धी स्वास्थ्य शिक्षा प्रदान गरिने छ।

१८३.समाजिक ब्यवहार परिवर्तनका लागी जनचेतनामूलक अन्तर्क्रिया कार्यक्रम संचालन गरिने छ।

१८४.बेलका नगर अस्पताल र स्वास्थ्य चौकि तपेश्वरीमा सुरक्षित निःशुल्क गर्भपतन सेवालाई निरन्तरता दिदै स्वास्थ्य चौकि मैनामैनी र आधारभुत स्वास्थ्य सेवा केन्द्र वडा नं.२ भागलपुरमा सुरक्षित निःशुल्क गर्भपतन सेवालाई बिस्तार गरिने छ।

१८५.बच्चादानी खसेका महिलाहरुको स्क्रिनिङ्ग गरी निःशुल्क शल्यक्रियाको लागि निरन्तरता दिईने छ।

१८६.पुर्ण खोप सुनिश्चित, नियमित गाँउघर क्लिनिक, खोप क्लिनिक, आमा समुहको बैठक,ग.म.स.(गर्भवती महिला समुह बैठक) तथा आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिईने छ।

१८७.मानशिक रोग स्वास्थ्य परीक्षण सेवालाई बिस्तार गर्दै निःशुल्क औषधी वितरण कार्यलाई निरन्तरता दिईने छ।

१८८. जंगली जनावर र भुस्याहा कुकुरको टोकाईबाट हुने रेविज विरुद्धको खोप (भ्याक्सिन) कार्यलाई निरन्तरता दिदै थप सेवा विस्तार गरिने छ।

१८९.महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता अभिवृद्धि गर्न  तालिमको ब्यवस्था गरी प्रोत्साहन कार्यलाई निरन्तरता दिईने छ।

१९०. स्वास्थ्य चौकि तपेश्वरीको भवन निर्माणको लागि संघिय सरकारमा पहल गरिने छ।

१९१.स्वास्थ्य चौकी बबलाको भवन निर्माण कार्य यस आ.व. सम्पन्न गरिनेछ ।

१९२.संघिय सरकार समक्ष ट्रमा सेन्टर बनाउन पहल गरिने छ।

१९३.उत्कृष्ट काम गर्ने स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थालाई पुरष्कृत गरिने छ।

१९४.यस बेलका नगरपालिकाको वडा नं.२,३,४,५ र ८ मा संचालित आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु लाई राष्ट्रिय किताबखानामा सुचिकृत गर्न पहल गरिनेछ।

१९५.बेलका नगर क्षेत्र भित्रका अपाङ्गता भएका ब्यक्तिहरुलाई पहिचान गरी सहयोगी सामग्री वितरण गरिनेछ।

१९६.नगर क्षेत्र भित्रका विभिन्न वडाहरुमा संचालित गाँउघर क्लिनिक तथा खोप क्लिनिक ब्यवस्थित गर्न सौचालय सहितको २ कोठे भवन निर्माण गर्न वडा, समुदाय स्तरबाट लागत साझेदारीमा भवन निर्माण गर्न वजेट ब्यवस्थाका लागि पहल गरिने छ।

१९७.बेलका नगर क्षेत्र भित्र संचालनमा रहेका प्राईभेट अस्पताल, नर्सिङ्ग होम, पोलि क्लिनिक, प्राथमिक उपचार क्लिनिक र औषधी पसलहरुलाई अनुगमन गरी सुचिकृत गर्न दर्ताको प्रकृयामा ल्याईने छ

१९८.परिवार नियोजन सेवा कार्यक्रमको प्रगती बढाउन निजि क्षेत्रका क्लिनिकहरुबाट प्रदान गरिएका सेवा लाई स्थानिय स्वास्थ्य संस्था मार्फत प्रतिवेदन गर्ने प्रकृया लागू गरिने छ।

१९९.स्थानिय स्वास्थ्य सेवा लाई ब्यवस्थित गर्न संघिय सरकारले बनाएको स्वास्थ्य ऐन, नियम, कानून, मापदण्ड, नियमावली तथा निर्देशिका स्थानिय तहमा मिल्ने गरी निर्माण कार्य आन्तरिककरण गर्दै लगिने छ।

२००.मृगौला प्रत्यारोपण गरेका,डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका विरामीहरुलाई औषधी उपचार वापत खर्च उपलव्ध गराउने सम्वन्धी कार्यविधि, २०७८ लाई तत्काल स्थानिय कार्य विधि बनाई कोष खडा गरि लागू गरिने छ।

२०१.स्वास्थ्य चौकि मैनामैनी र आधारभुत स्वास्थ्य सेवा केन्द्र भागलपुरमा तालिम प्राप्त दक्ष स्वास्थ्यकर्मीबाट गर्भपतन सेवा निःशुल्क संचालन गरिनेछ।

२०२.महिला स्वास्थ्य स्वयं सेविकाहरु लाई स्वास्थ्य विमा गर्न ५० प्रतिशत रकम पालिकाबाट ब्यवस्था गरिनेछ।

२०३.गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य चौकिहरुमा थप औजार उपकरणहरुको ब्यवस्था गरिनेछ।

२०४.स्वास्थ्य सेवालाई प्रवर्धन गर्न स्वास्थ्य क्षेत्रमा काम गर्ने साझेदार संस्थाहरु संग सहकार्य गरिनेछ।

२०५.स्थानिय स्तरमा उपलव्ध हुने जडिवुटि खेती लाई प्रोत्साहन गर्दै आयुर्वेद चिकित्सा/बैकल्पिक चिकित्सा पद्धतीलाई प्रवर्धन गरिनेछ।

२०६.नसर्ने रोग र मानसिक रोग न्यूनिकरण गर्नका लागि सचेतना मूलक कार्यक्रमहरु गरिनेछ।

२०७.खोप कार्यक्रमको सुक्ष्म योजनालाई हरेक बर्ष निरन्तरता दिदै सव-सेन्टरलाई ब्यवस्थित गर्दै पूर्ण खोप वडा र पालिका घोषणा कार्यलाई निरन्तरता दिईनेछ।

२०८.गर्भवती महिलाहरुलाई हरेक पटकको गर्भ जाँचमा आयोडिन नुनको उपलव्धता र महत्ववारे परामर्श दिइनेछ।

२०९.हरेक स्वास्थ्य संस्थामा स्वास्थ्य शिक्षा कर्नर स्थापना गरिनेछ र स्वास्थ्य शिक्षा सामग्रीबाट जनचेतना विस्तार गरिनेछ।

२१०.आमा सुरक्षा कार्यक्रम अन्तर्गत यातायात खर्चलाई चुस्त बनाइनेछ।

२११.स्वास्थ्य संस्थामा प्रसुती कार्यलाई प्रोत्साहन गर्दै घरमा हुने प्रसुतीलाई न्युनिकरण गरिनेछ।

२१२.हरेक गर्भवती महिलालाइ HIV-Test गर्ने र प्रसुती भएको ४५ दिन भित्र भिटामिन ए को एक मात्रा अनिवार्य दिन प्रोत्साहन गरिनेछ।

२१३.६० बर्ष पुगेका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई विदाइ गरी नया भर्ना प्रकृयालाई मापदण्ड अनुसार भर्ना गरिनेछ।

२१४.मानव रोग संग सम्वन्धित रोगहरुको मनोसामाजिक उपचारका लागि धामी, झाक्रि तथा झारफुके बैद्यहरुलाई अन्तरक्रिया कार्यक्रम गरिनेछ।

२१५.स्वास्थ्य संस्थाको वरपरी सुर्ती जन्य पदार्थ बेच विखन तथा प्रयोगमा कडाई गरिनुको साथै स्वास्थ्य संस्थाको २०० मिटर वरिपरी सम्म बिक्रि वितरण तथा प्रयोगमा कडाई गरिनुको साथै धुम्रपान गरेको खण्डमा रु.१००० जरिवाना गरिनेछ।

## ग. महिला बालबालिका तथा जेष्ठनागरिक सम्बन्धि नीतिः

२१६.जेष्ठ नागरिकको हकहितलाई मध्यनजर गर्दै वडादेखि नगर स्तरिय ज्येष्ठ नागरिक संञ्जाल गठन गरिनेछ।भने ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यलाई निरन्तरता गरिनेछ।

२१७.महिला मैत्री ,वालमैत्री ,ज्येष्ठ नागरिक मैत्री तथा अपाङ्गता भएका व्याक्ति मैत्री,लैङ्गिक यौनिक अल्पसंख्यक मैत्री कार्यालय व्यवस्थापन तथा शौचालयहरु व्यवस्थापनका कार्यहरु गरिनेछ।

२१८.अपाङ्गता भएका नागरिकहरुको पुनर्स्थापना र क्षमता विकासका लागि अपाङ्गता सिकाई केन्द्र, सिकाई चौतारीहरु निर्माण गरिनेछ ।

२१९.बेलका नगरपालिकाभित्र रहेका ज्येष्ठ नागरिक भेटघाट चौतारीहरुको लगत संकलन गर्ने, अवलोकन गरी स्तरउन्नति गरिनेछ।

२२०.अतिविपन्न,गरिव,दलित, जनजाति तथा सिमान्तकृत समुदायको उत्थान तथा सशक्तिकरण गर्दै जिविकोपार्जनका लागि उधमशिलता विकास तालिम प्रदान गरि आर्थिक आत्मनिर्भरका लागि व्यवसाय अनुदान कार्यक्रम संचालन गरिनेछ।

*"सबलिकृत हाम्रा बालबालिका*
*पहिचान सहित बनाउछौं समृद्ध पालिका"*

२२१.बेलका नगरपालिकालाई वि.सं. २०८३ भाद्र २९ सम्ममा बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणा गर्ने गरी कार्य थालनी गरिनेछ ।

२२२.बेलका नगरपालिकामा बालसंरक्षण प्रणालीलाई व्यवस्थित र संस्थागत गर्दै बालबालिकाहरुको संरक्षणको विषयमलाई सुनिश्चित गरिनेछ ।

२२३.सबै प्रकारका बालबालिकाहरुलाई आफ्नो अभिव्यक्ति, विचार र भावनाहरुलाई व्यक्त गर्ने वातावरण श्रृजना गरी सहभागिताको अधिकारलाई परिवार देखी स्थानीय तहसम्म सुनिश्चित गरिनेछ ।

२२४.नगरपालिकालाई बालश्रम तथा बालविवाहमुक्त नगरपालिकाको रुपमा सुनिश्चित गरिनेछ ।

२२५.बेलका नगरपालिकाको बालअधिकार समिति तथा महिला बालबालिका शाखामा बालमैत्री अध्ययन केन्द्र स्थापना गरी बालअधिकारको स्रोत केन्द्रको रुपमा विकास गरिनेछ ।

## घ. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि नीतिः

*"बेलका नगरको प्रतिवद्धताः*
*लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशिलता"*

२२६.लैङ्गिक हिंसामुक्त बेलका नगर भन्ने अभियान अघि बढाई हिंसा विरुद्ध शून्य सहनशिलताको नीति अवलम्वन गरिनेछ ।

२२७.घरेलु हिंसा,लैङ्गिक हिंसा पिडितहरुको संरक्षण गर्दै पारिवारिक पुनर्स्थापना लागि आवश्यक कार्यक्रम संञ्चालन गरिनेछ ।

२२८.लैङ्गिक खण्डिकृत तथ्याक संकलन गरी पालिकाको लैङ्गिक खण्डिकृत तथ्यांक तथा पाश्वचित्र तयार तथा प्रकाशन गरिनेछ।

२२९.आगामी आ.व.२०८०/८१को बजेट तथा कार्यक्रम लैङ्गिक उत्तरदारी दृष्टिकोणले विनियोजन गरिनेछ।

२३०.प्रत्यक वडा तथा टोलविकासमा मानसिक स्वास्थ्य र आत्मा हत्या रोकथाम सम्वन्धी सचेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

२३१.हिंसा प्रभावित महिला तथा किशोरीका लागि संचालित अल्पकालिन महिला सुरक्षा वास व्यवस्थापनमा र स्तरउन्नतिको विस्तार गरिने छ ।

२३२.पालिकामा विनियोजित वजेट तथा कार्यक्रमहरु लैङगिक उत्तरदायी वजेट छ छैन भनि परीक्षण गर्ने व्यवस्था मिलाईने छ ।

२३३.महिला, बालबालिका, लैङ्गिक अल्पसंख्यक, गरिवी न्यूनिकरण, अपाङ्गता भएका ब्याक्ति ज्येष्ठ नागरिकहरुको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुलाई पालिकामा सूचिकृत गराउदै सामाजिक विकास सचेतना अभिवृद्धिका कार्यक्रममा सहकार्य गरि कार्यक्रम संचालन गरिनेछ।

२३४.सामाजिक समावेशीकरण तथा लैङ्गिक विभेद, हिंसा, बालविवाह न्यूनिकरण, लागूपदार्थ दुर्व्यसनी, छुवाछुत तथा जातिय विभेद, मानसिक समस्या न्यूनिकरणका लागि नीजि क्षेत्र गैर सरकारी संघ संस्थाहरुलाई परिचालन गर्ने नीति अवलम्वन गरिनेछ।

२३५. महिला, विपन्न तथा सीमान्तकृत वर्गहरुको सामाजिक तथा आर्थिक विकास र रोजगारी सृजना गर्ने, उर्जामा आधारित हुने गरी सिपविकास तालिम संचालन गरीनेछ । यस्ता सिपविकास तालिम लिएका व्यक्तिहरुलाई उर्जाको प्रयोग गरी व्यवसाय संचालन गर्ने लघु उद्यम कार्यक्रमसँग समन्वय गरी सहयोग गरिनेछ ।

## ङ. खानेपानी सरसफाई, फोहोरमैला व्यवस्थापन तथा उर्जा सम्बन्धि नीतिः

**"स्वास्थ्य जीवनको आधार,**

**एक घर एक धारा न्यूनतम पूर्वाधार"**

२३६.रामपुर बजार केन्द्रलाई प्रभावकारी खानेपानी वितरण गर्न संघीय सरकारसँग विशेष अनुदानमा माग भए वमोजिमको खानेपानी आयोजना निर्माण गरीनेछ ।

२३७. नयाँ तथा पुराना खानेपानी आयोजनाहरुको निर्माण सुधार र विस्तारलाई प्रभावकारी बनाईनेछ।

२३८.पहाडी भेगका वस्तीहरुमा खानेपानीको अभावलाई मध्यनजर गरी लिफ्टिङ् प्रविधि, आकासे पानी सङ्कलन लगायतका प्रविधिहरुबाट खानेपानी उपलब्ध गराउँने कार्यक्रम तर्जुमा गरिनेछ।

२३९.खानेपानी तथा सरसफाईको क्षेत्रमा लगानी गर्न इच्छुक निकायहरुसँग प्रभावकारी सहयोग र समन्वय गरिनेछ।

२४०.हाल सञ्चालित खानेपानी योजनाहरुमा ट्रिटमेन्ट प्लान्टको व्यवस्था गरी स्वच्छ खानेपानीको व्यवस्था मिलाईनेछ।

२४१.बेलका नगरपालिकाको केन्द्र रामपुर बजार लगायत मुख्य बजारहरुमा ओभरहेड ट्यांकी डिप, ट्युववेल लगायतका प्रविधिको प्रयोगबाट खानेपानीको वितरण व्यवस्थित गर्दै लगिनेछ।

२४२.खानेपानीको श्रोत पहिचान गरी खानेपानी सुविधा नभएको स्थानमा आवश्यक सामग्री वितरण गरी समुदाय स्तरबाटै खानेपानी वितरण व्यवस्था मिलाईनेछ

२४३.पूर्ण सरसफाई घोषणा कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ।

२४४.निर्माण भएको प्राङ्गारिक मल बनाउने उद्योग व्यवसायिक रुपमा सञ्चालन गर्न र व्यवस्थित गर्न आवश्यक पहल गरिनेछ।

२४५.कुहिने र नकुहिने फोहोर स्रोतमा नै छुटयाउनका लागि दुई अलग ठाउँमा संकलन गरिनेछ र प्लाष्टिकजन्य नकुहिने पदार्थ आयात र प्रयोग निरुत्साहित गरिनेछ।

२४६.खानेपानीका मुहान संरक्षण गर्नका लागि मुहान क्षेत्रमा वृक्षारोपण गरिने छ ।

२४७.विद्युतको दिगो व्यवस्थापनका लागि नेपाल विद्युत प्राधिकरणसँग आवश्यक समन्वय गरी सबस्टेसन राख्नको लागि पहल गरिनेछ।

२४८.दैनिक तथा साप्ताहिक रुपमा आफ्नो चोक, टोल तथा सार्वजनिक स्थलहरुको सरसफाई स्वयम् टोलवासी नागरिकहरुले नै गर्न अभियानका लागि सचेतना एवं समन्वयात्मक कार्यक्रमहरु संचालन गरी सरसफाई सप्ताहको विकास गरिनेछ ।

२४९.बैकल्पिक उर्जाको माध्यमबाट खाना पकाउने कार्यमा जोड दिईनेछ ।

२५०.नवीकरणीय उर्जाको उपयोगमा जोड दिइनेछ।

२५१.विद्युत क्षमता बढाई नगर क्षेत्रमा सहज र सरल रुपले विद्युत उपकरण संचालन गर्न विद्युतीय क्षमता वृद्धिका लागि नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी कार्य सम्पान गरिनेछ ।

२५२. नगरपालिका क्षेत्र सम्पूर्ण सडक क्षेत्रमा सन्ध्याकालीन समयमा सहज आवत जावतका लागि वडा कार्यालयसँगको समन्वयमा विधुतीय खपत तिर्ने अनुरुप नगरबाट उपकरण र औजार उपलब्ध गराई सडक बत्तिको व्यवस्था मिलाईनेछ ।

२५३.नगरपालिका क्षेत्रमा रहेका महिला, विपन्न तथा सीमान्तकृत वर्गलाई लक्षितगरी उर्जामा आधारित सामाजिक, आर्थिक, रोजगारी सृजनाका क्रियाकलाप संचालन गरिनेछ ।

## च. युवा खेलकुद तथा नवप्रवर्तन सम्बन्धि नीतिः

*"युवा संलग्नताका साथ खेलकुदको निकास,*
*अनुशासित खेलकुद समुन्नत नगरको विकास"*

२५४.सम्भाव्य खेल ग्रामको पहिचान गरी संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाको पहलमा खेल मैदानको निर्माण कार्यलाई पहल गरीनेछ।

२५५.निर्माण सम्पन्न खेलमैदानहरु, कवर्ड हलमा नगरस्तरीय, जिल्ला स्तरीय तथा प्रदेश स्तरीय खेलकुद गतिविधि संचालनमा ल्याईनेछ ।

२५६.अधुरा रहेका खेलमैदानहरुलाई अभिलम्ब निर्माण सम्पन्न गरीनेछ ।

२५७.कुलतमा लागेका युवाहरुको लागि लागू पदार्थ दुर्व्यसनी विरुद्ध सचेतना सुधार गृह संचालनको व्यवस्था मिलाई पुनर्स्थापना कार्यक्रम संचालन गरिनेछ र युवाहरुलाई कुलत र दुर्व्यसनीबाट बचाउन सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

२५८.वडा तथा नगर स्तरीय युवा संजालको परीचालनमा स्वयंसेवी भावना निर्माण गरी समाज सुधारका रुपमा स्थापित गर्न प्रेरित गरिनेछ र त्यस्ता युवाहरुको क्षमता अभिवृद्धि गर्ने जस्ता कार्यहरु गरिनेछ।

२५९.युवा तथा खेलकूद सम्बन्धी दिवसहरु कार्यक्रमसहित मनाइनेछ।

२६०.युवा स्वयंसेवकहरुलाई समाज सुधारको कार्यमा परिचालन गर्ने, हाल संचालनमा रहेका खेल मैदानहरुलाई आवश्यकताको आधारमा स्तरउन्नति गर्नका लागि पहल गरिनेछ ।

२६१.सम्भावित तथा संचालित अवस्थामा रहेका खेल मैदानको लगत तयार गरी निर्माण तथा स्तरोन्नतिका लागि आवश्यक पहल गरीनेछ ।

२६२.परीक्षण उडान भएको सहासिक खेल अन्तर्गतको पाराग्लाईडीङ, पानि सफारी, पानिबोट, यफ्टिङ जस्ता खेल गतिविधिलाई आवश्यक ऐन, कानून तर्जुमा गरी व्यवस्थित गर्ने र पर्यटक भित्रयाउन सहजीकरण गरिनेछ ।

२६३.नेपालमा व्यापक रुपमा रुचाईएको क्रिकेट खेलमा यथेष्ट केलाड़ी उत्पादनमा सहयोग गर्न क्रिकेट खेल मैदान निर्माणका लागि संघीय सरकारसँग पहल गर्ने ।

२६४.उपयुक्त स्थानहरुमा साहसिक खेलहरु संचालन तथा व्यवस्थापन गर्न आवश्यक योजना निर्माण गरी लागु गरिनेछ ।

२६५.खेल पर्यटन प्रवर्द्धन गर्ने व्यवस्था मिलाइनेछ ।

२६६.एक वडा, एक खेल मैदान र नगरमा एक रंगशाला निर्माणका लागि पहल गरिनेछ ।

२६७.वडगतरुपमा गठित वडा खेलकुद विकास समितिलाइ परिचालित गरिनेछ ।

२६८.खेलकुद पर्यटनको विकास र बिस्तार हुने किसिमका खेलकुद पूर्वाधारहरु सार्वजनिक-निजि साझेदारीमा निर्माण गर्न प्रोत्साहन गरीनेछ ।

## छ. सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धि नीतिः

२६९.खाद्यान्न बैङ्क स्थापनाका लागि पहल गरिनेछ।

२७०.अतिविपन्न, दिर्घ रोगी, असहाय नागरिकको आवश्यक खाद्यान्नको व्यवस्था गरिनेछ।

२७१.महिला सुरक्षावास सञ्चालनलाई थप व्यवस्थित बनाइनेछ।

२७२.सामाजिक सुरक्षा भत्तालाई पूर्ण पारदर्शी बनाउँन सबै वडाहरुमा बैंकिङ्ग प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गरिनेछ।

२७३.आकस्मिक कोष सञ्चालन गरिनेछ ।

२७४.भुमीहिन, विपन्न, आर्थिक र सामाजिक रुपमा पछाडी परेका वर्गलाई लक्षित गरी सुरक्षित आवास र आय आर्जन कार्यक्रम सञ्चालन गरिनेछ ।

२७५.सामाजिक सुरक्षा भत्ता लाभग्राहीको मृत्यु भई ३५ दिन भित्र नै मृत्यु दर्ता गरेमा उचित पुरस्कारको व्यवस्था गरिनेछ ।

*"समयमै व्यक्तिगत घटना दर्ता गरौं*
*सेवाको सुनिस्चितता कायम गरौं"*

२७६.सामाजिक सुरक्षा भत्ता नालिने स्वः घोषणा गर्ने व्यक्ति/लाभग्राहीलाई सम्मान गरिनेछ।

२७७.मानव सेवासँग सम्बद्ध सङ्घ-संस्थाहरुको सहकार्यमा असहाय एवं अलपत्र अवस्थामा रहेका व्यक्तिहरुको उद्धार तथा पूनःस्थापनामा जोड दिईनेछ ।

२७८.जेष्ठ नागरीकको जीवन सम्मानित, सुरक्षित र व्यवस्थित बनाई उनीहरुको ज्ञान, सीप र अनुभवलाई नगरको समृद्धीका लागि उपयोग गर्ने, परिवारबाट दुर्व्यबहारमा परेका ज्येष्ठ नागरिकका सम्बन्धित घर परिवारका सदस्यहरुसङ्ग सचेतनामुलक कार्यक्रम संचालन गरीनेछ ।

## ज. भाषा, कला, साहित्य, संस्कृति सम्बन्धि नीतिः

***"मौलिक भाषा, कला, साहित्य, संस्कृति जगेर्ना गरौं बेलकालाई पहिचान सहितको ऐतिहासिक नगर बनाऔं"***

२७९.नगरपालिका क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका मठ, मन्दिर, पदमार्ग, सम्पदाहरुको अभिलेख राखी संरक्षणको व्यवस्था मिलाईनेछ र प्रचार-प्रसारको कार्यक्रमलाई महत्वका साथ अगाडी बढाइने ।

२८०.विभिन्न साँस्कृतिक संग्राहलयको स्थापना तथा धार्मिक साँस्कृतिक सम्पदाहरुको संरक्षण तथा संवर्द्धन गरिनेछ।

२८१.परम्परागत कला ,संस्कृती, भाषा तथा रितिरिवाज लाई संरक्षण संवर्द्धन तथा प्रोत्सहान गरिनेछ

२८२.पहाडी क्षेत्रमा हुने साकेला, चण्डी नाच, लाखे, हुर्रा, रोदी, मारुनी, भजन, किर्तन देखि लिएर तराई क्षेत्रमा हुने जितिया, माघी, समाचखेवा, होलि, सिरुवा लगायतका संस्कृतिक सम्पदाहरुको संरक्षण र प्रवर्द्धन गरीने ।

२८३.विभिन्न धार्मिक स्थलहरुको संरक्षण संम्वर्द्धन, स्तरोन्नती तथा प्रचार प्रसार गरिनेछ।

२८४.साहित्यिक तथा वौद्धिक सम्मेलन तथा गोष्ठीहरु आयोजना गरिनेछ ।

२८५.मौलिक कला संस्कृती तथा वाजाहरुको संरक्षण तथा प्रवर्द्धनको व्यवस्था मिलाइनेछ।

२८६.नगर भित्र उपयुक्त स्थानहरुमा शव-दाहस्थल र मलामी विश्राम गृह निर्माणको व्यवस्था मिलाउनेछ

२८७.सबै जात जाति, भाषा, धर्म, समुदायको मूल्य मान्यता संस्कारको सम्मान गरी प्रर्वधनात्मक गतिविधि संचालन गरिनेछ ।

## झ. श्रम रोजगार र मजदुर सम्बन्धि नीतिः

२८८.बेलका नगरमा श्रमको सम्मान र मर्यादित श्रम सहितको श्रमिकको हक अधिकार सुनिश्चित गरिनेछ

२८९.नगरले संचालन गर्ने उद्यमी सृजना गर्ने कार्यक्रममा श्रम बजारको माग अनुसारको विशिष्टीकृत सिपयुक्त जनशक्ति उत्पादन गर्ने नीति लिइनेछ ।

२९०.सिप विकास तालिमलाई रोजगारी र उद्यमशीलतासँग आबद्ध गरिनेछ । बेरोजगार तथा बैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई सिप विकास गरी सिप अनुसारको व्यवसाय संचालन गर्न र रोजगार सृजना गरी समाजमा उद्यमशीलताको विकास गरिनेछ।

२९१.बाल श्रम शोषण विरुद्ध कार्यक्रम संचालन गरिनेछ ।

२९२.स्थानीय तहमा रोजगारी सृजना गरी युवा पलायनलाई न्यूनीकरण गर्ने कार्यक्रम ल्याइनेछ । नेपालको संम्विधान २०७२ मा रहेको मौलिक हक अन्तर्गत रोजगारीको हक र रोजगारीको हक सम्बन्धी ऐन नियमावली तथा निर्देशिका कार्यान्वयनमा विशेष जोड दिइनेछ ।

२९३.बेलका नगरपालिकाको रोजागार रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

२९४.नगरपालिकाका विकास निर्माणका आयोजनाहरुमा यस नगरपालिकामा सूचिकृत बेरोजगारहरुलाई काममा अनिवार्य लगाउनु पर्ने नीति अवलम्बन गरिनेछ ।

२९५.संघीय सरकारबाट सूचिकृत बेरोजगारहरुलाई काममा लगाउन सशर्त अनुदानमा सहयोग पुग्ने गरी स्थानीय तहबाट निर्माण सामाग्री खरिदको लागि व्यवस्था मिलाईने छ ।

२९६.एकिकृत रुपमा रोजगारमूलक र सीपमूलक तालिम संचालन गरी आन्तरिक रोजगारीको प्रवर्द्धन र विस्तार गरिने छ ।

२९७.स्थानीय स्तरमा रोजगारी सृजनाका लागि नीजि,सरकारी र गैर सरकारी क्षेत्रसँग आवाश्यक समन्वय र सहकार्य गरी थप रोजगारी सृजना गरिनेछ ।

२९८.बैदेशिक रोजगारीको व्यक्तिगत श्रम स्विकृति र पुनः श्रम स्विकृतिको कार्य थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

२९९.बैदेशिक रोजगार बोर्डबाट प्रदान गर्ने कल्याणकारी सेवाहरु कामदारका घर परिवारका सदस्यहरुलाई प्रदान गरिने सेवाहरु बैदेशिक रोजगार बोर्डसँगको समन्वयमा गरि व्यवस्थित बनाइने छ ।

३००.बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सामाजिक र आर्थिक पुनः एकिकरण सम्बन्ध कृयाकलापहरु गरिनेछ ।

### ञ. भूमि व्यवस्थापन तथा भू-उपयोग सम्बन्धि नीतिः

३०१.निर्माण भएको भू-उपयोग नीति वमोजिम जमिनको उपयोगितालाई यथोचित कार्यन्वयन गरीनेछ ।

३०२.नगरको क्षेत्राधिकार भित्र रहेको ऐलानी पर्ती जग्गाहरुको संरक्षण गरी अतिक्रमण गर्ने कार्यलाई रोकिनेछ। जग्गा भू-स्वामित्वमा नगरको रहेको विवाद निरोपणका लागि संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी समाधान गरीनेछ ।

३०३.राष्ट्रिय भूमि आयोगसँगको सहकार्यमा यस नगरपालिकामा साविक देखि हुँदै आएको भुमिहिन, दलित, सुकुम्वासी तथा अव्यवस्थित वसोवास भएका नागरिकको भूमिको स्वामित्व स्थापित गर्न जग्गा धनी प्रमाण पुर्जा वितरण गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

३०४.सार्वजनिक जग्गा संरक्षणकालागि आवाश्यक नीति निर्माण गरि कार्यान्वयन गरिनेछ ।

३०५.वेलका नगर भित्रका जोखिम युक्त र सुरक्षित ठाँउको पहिचान तथा नक्साङ्कन गरी विपद जोखिम न्यूनिकरणका लागि पूर्वतयारी गरिनेछ।

३०६.बेलका नगरपालिकाको भूमि सम्वन्धी नीतिको अधिनमा रहेर उपलब्ध भूमिको सदुपयोग गर्दै एकिकृत वस्ती, खेल परिसर, आवास, शहरीकरण, पूर्वाधार विकास योजना तयार गरिनेछ।

३०७.जमिनको लगत विद्युत्तीय प्रणालीमा राखेर भूमि व्यवस्थापनलाई पारदर्शी वनाइनेछ।

३०८.ऐलानी, पर्ती, सार्वजनिक, संघिखर्क, चरण, नदी उकास जमिन खोज गरी संरक्षण गरीनेछ ।

३०९.बाँझो जग्गा उपयोगका लागि नीतिगत व्यवस्था गरिनेछ ।

## ८.३ पूर्वाधार विकासः

### क. भौतिक पूर्वाधार सम्बन्धि नीतिः

३१०.बेलका चक्रपथ निर्माणको सम्भाव्यता अध्ययन भई निर्माण गर्ने कार्य चरणमा रहेको हुँदा, चक्रपथ हरेक वडासँग जोड्ने नगर लिङ्क रोड निर्माणको विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरिनेछ।

३११.बेलका सहिद बाटिका/स्मारक/भवन निर्माण कार्य अगाडी बढाइनेछ।

३१२.खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तर्जुमा गरि कार्यान्वयन गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

३१३.बेलका नगरपालिकाको गौरबका आयोजनाहरुको पहिचान गरी कार्यान्वयन तथा माग गर्न आवश्यक सम्भाव्यता अध्ययन, गुरु-योजना, विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय अध्ययन गरिनेछ।

३१४.नडाह-रुपनगर सडक खण्ड निर्माण पश्चात विभिन्न स्थानमा वर्षायाममा हुने डुवान, आवागमनमा हुने अवरोध समाधान गर्नका लागि सडक विभाग, प्रदेश सरकार तथा संघीय सरकारसमक्ष पहल गरिनेछ।

३१५.एक वडा एक नमुना पूर्वाधार निर्माण कार्य अगाडी बढाइनेछ।

३१६.नगरपालिकाको भौतिक पूर्वाधार मापदण्ड निर्माण गरी लागू गरिनेछ साथै सवै प्रकारका सार्वजनिक भौतिक संरचनाहरु समावेशी बनाइनेछ ।

३१७.जिल्ला दररेट र प्रकाशित सम्बन्धित सरकारी निकायका नर्म्सलाई आधार मानी पाहाडि भेग (वडा नं. ५, ६, ७ र ८) र तराई भेग (वडा नं. १, २, ३, ४, ५, ८ र ९) दुई वटा निश्चित दररेट बनाईनेछ।

३१८.उपभोक्ता समिति मार्फत योजनाहरुको लागत अनुमान कार्यपालिकाबाट विनियोजित बजेटलाई (कन्टिन्जेन्सी बाहेक) ८०:२० प्रतिशतको आधारमा बनाईने र सोही बमोजिम सम्झौता गरिनेछ।

३१९.नगरपालिकाबाट कार्यान्वयन हुने सार्वजनिक निर्माण (पुँजीगत) सम्बन्धी कुल लागत अनुमानको ३ प्रतिशत मर्मत सम्भार कोष कट्टी गरी सो रकमलाई नगरपालिकाको मर्मत संभार कोषमा जम्मा गरिनेछ । यसरी मर्मत सम्भार कोषमा जम्मा भएको रकमलाई कार्यविधि अनुसार पूर्वाधार मर्मत संभार कार्यमा खर्च गरिनेछ साथै निर्माण सम्बन्धी कार्यको कुल लागत अनुमानको ३ प्रतिशत कन्टेन्जेन्सी बापत कट्टा गरिनेछ ।

३२०.निर्माण कार्य सुरु भई सम्पन्न हुन बाँकी अधुरा आयोजनाहरुलाई प्राथमिकतामा राखि निर्माण सम्पन्न गरिनेछ।

३२१.निर्माण भएको MTMP अध्यावधिक गरी प्राथमिकताको आधारमा सडक कार्य अगाडी बढाईनेछ ।

३२२.IUDP को पुनरावलोकन तथा संशोधन गरी प्राथमिकताको आधारमा बस्तीहरुको विस्तार गरिनेछ।

३२३.नगरका गौरवका आयोजनाहरुको प्राथमिकताका आधारमा निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

३२४.भारी निर्माण साधनहरु (व्याक हो लोडर, स्काभेटर, रोलर लगायत) को प्रयोग गरी सञ्चालन गर्नुपर्ने आयोजनाहरु उपभोक्ता समितिबाट सञ्चालन गरिने छैन।

३२५.विभिन्न पूर्वाधार आयोजनाहरु निर्माण तथा सन्चालनका लागि सार्वजनिक निजी तथा सहकारी साझेदारी नीति अवलम्वन गरिनेछ।

३२६.मुख्यमन्त्री ग्रामिण सडक निर्माण कार्य साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३२७.सडक बोर्ड ग्रामिण सडक निर्माण कार्य साझेदारी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३२८.जनसहभागितामा आधारित योजना तथा कार्यक्रमलाई (६०%:४०%) उच्च प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ।

३२९.नगर स्तरीय सार्वजनिक भवनहरुको आवश्यकताको आधारमा स्तरउन्नती गरिनेछ ।

३३०.बेलका नगरपालिकाको वडा नं.-१, मा रहेको बेलका बाटिकालाई पर्यटकीय गन्तव्यको रुपमा बिकास गर्न समिति गठन गरी क्रमागत बिकास निर्माणको कार्य संचालन गर्ने र प्रदेश तथा संघीय सरकार संग योजना माग गरिनेछ ।

३३१.यातायात सेवालाई व्यवस्थित र भरपर्दो वनाउन नियमित अनुगमन गरिनेछ ।

३३२.नगर विकास कोषद्वारा तयार गरिएको सम्भाव्यता र डीपिआर वमोजिमको सुविधा सम्पन्न वसपार्क निर्माण कार्यमा आवश्यक संशोधन गरी पहिलो चरणमा नगर विकास कोषसँग ऋण सहयोगमा रकम रु.४ करोड बराबरको बस पार्क प्रस्तावित स्थानमा निर्माण प्रारम्भ गर्न आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।

३३३.हाल सञ्चालनमा रहेका सडक बाटोहरु जग्गाधनीबाट लगत कट्टा गरी नक्साङ्कन गर्ने कार्यक्रम अगाडी बढाइनेछ।

३३४.शहरीकरण बढ्दै गरेका बजारहरुमा व्यवस्थित ढल निकासको व्यवस्थापनका लागि पहल गरिनेछ।

३३५.दुर्घटना कम गर्नका लागि सडक सुशासन कार्यक्रम सन्चालन गरिनेछ।

३३६.हरित सडक निर्माण गर्ने कार्यलाई बढावा दिइनेछ।

३३७.प्राथमिकतामा परेका अत्यावश्यक पुल, झोलुङ्गेपुल, कलभर्ट तथा बेलीवृज निर्माण कार्य अगाडी बढाइनेछ।

३३८.आवश्यकता अनुसार सार्वजनिक शौचालयको निर्माण कार्य अगाडी बढाइनेछ।

३३९.नगरको वातावरणलाई स्वच्छ राख्ने हेतुले प्लाष्टिकमुक्त नगर, खुला दिशामुक्त शहर, अनिवार्य एक घर दुई रुखको कार्यक्रम कार्यान्वयन गरी निरन्तर अनुगमन मार्फत प्रभावकारी बनाइने छ ।

३४०.फुसको छाना विस्थापन गरी टिनको छाना निर्माण गर्न आवास व्यवस्था कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३४१.निर्माण कार्यको गुणस्तर सुनिस्चित यकिन गर्न आधारभूत प्रयोगशाला स्थापना गरिनेछ ।

३४२.नगरपालिका तथा मातहतका कार्यालयबाट निर्माण वा विकास गरीने भौतिक पूर्वाधारहरु नागरिक मैत्री, अपाङ्ग मैत्री, बालबालिका मैत्री तथा वातावरण मैत्री बनाईनेछ ।

३४३.नगरपालिका भित्रका पर्यटन, धार्मिक क्षेत्र, खानेपानी सडक लगायत अन्य आवश्यक आयोजनाहरुको डिपिआर तयार गरेर मात्र कार्य अगाडि बढाइनेछ ।

३४४.ठूला योजनाहरु केन्द्र स्तर र प्रदेश स्तरमा समावेश गराउन पहल गर्दै साना तथा नगरस्तरीय भनी वर्गीकरणमा परेका योजनाहरुको प्राथमिकता निर्धारण गरी क्रमागत रुपमा निर्माण तथा विकास गरिनेछ ।

३४५.नगरका योजना छनौट गर्दा साना योजना न्यूनिकरण गर्दै ठूला योजनालाई प्राथमिकता दिइनेछ

३४६.विगतदेखि सञ्चालनमा आएका अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत योजनाको रुपमा बजेट विनियोजन गरिनेछ ।

३४७.आयोजनाहरुको लागत, समय, परिमाण र गुणस्तर हासिल गर्न सम्झौता अवधि भित्रै आयोजना सम्पन्न गर्ने गरी कार्ययोजना बनाई लागु गरिनेछ ।

३४८.उपभोक्ता समिति मार्फत गरिने योजनाहरु पौष मसान्त पछि र अन्य आयोजनाहरु बैशाख मसान्त पछि सम्झौता नगर्ने व्यवस्था मिलाइनेछ ।

३४९.अनुगमन मुल्याङ्कन पद्धतिलाई सुदृढ गर्नको लागि नगरस्तरीय संयन्त्रलाई परिचालन गरिनेछ ।

३५०.उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत् निर्माण गरिने भौतिक पूर्वाधारहरुको निर्माण कार्यमा अनावश्यक ढिलासुस्ती गर्ने, गुणस्तरहीन काम गर्ने कार्यहरुलाई दण्डनीय बनाउने, कालोसूचीमा राख्ने

वा भविष्यमा पूनः यस्तो कार्य गर्न अयोग्य ठहऱ्याउने, जमानत जफत गर्ने जस्ता कार्यहरु मार्फत् नियन्त्रण तथा नियमनको व्यवस्था मिलाइनेछ।

३५१.सडकको मापदण्ड तोकिएका जग्गाहरुको नापी कार्यालयसँग समन्वय गरेर लगत कट्टा गर्ने कार्य गरिनेछ।

३५२.यस नगरपलिका अन्तरगत रहेका सम्पूर्ण सरकारी र सार्वजनिक जग्गाको लगतलाई कम्प्युटकृत गरिनेछ ।

३५३. नगरपालिकाका सबै वडा भरी गरीने बाटो मर्मत कार्यलाई समयमै सम्पन्न गरीनेछ ।

**वस्ती बिकास सम्बन्धि नीतिहरु**

३५४."भवन निर्माण मापदण्ड २०७८" तथा राष्ट्रिय भवन संहिता कार्यान्वयन गरिनेछ ।

३५५.बेलका नगरपालिका भित्र बन्ने सम्पूर्ण भवनहरुको भू-उपयोग नीतिको अनुसरण गरी अनिवार्य नक्सा पास गराई निर्माण इजाजत लिई भवन निर्माण गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गरि सचेतना कार्यक्रम संचालन गरिनेछ ।

३५६.अनिवार्य घर-नक्सा पास अभियानलाई सफल बनाउन सम्बन्धित वडाहरुलाई जिम्मेवार बनाउने साथै नियमित अनुगमनको लागि आवश्यक अनुगमन समिति गठन र नगरप्रहरीको उचित प्रबन्ध मिलाइनेछ

३५७.भौतिक संरचना निर्माणलाई शसक्त बनाउन आवश्यक मेसन तालिम संचालन गर्ने साथै सो तालिम आवश्यकता अनुरुप विभिन्न चरणमा संचालन गर्ने र सिपालु, दक्ष जनशक्ति उत्पादन गरी उचित प्रमाण-पत्र वितरण गरिनेछ ।

३५८.नगरपालिका भित्र बन्ने कुनै पनि किसिमको भौतिक संरचनाहरुको निर्माण गर्दा अनिवार्य रुपमा प्रमाण-पत्र प्राप्त सिपालु, दक्ष कामदारबाट निर्माण गराउनुपर्ने प्रावधानको अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

३५९.सम्पूर्ण किसिमको भौतिक संरचनाहरुको निर्माण कार्यलाई निर्माण व्यवसायी मार्फत गराउने प्रबन्धलाइ बढावा दिईनेछ ।

३६०."घर-नक्सा अभिलेखीकरण कार्यविधि २०७९" अनुरुप पुनः एक पटकको लागि ९० दिनको म्याद राखी घर-नक्सा पास नगराई बनेका पुराना घरहरुको अभिलेखीकरण गर्ने प्रयोजनको लागि सूचना प्रकाशन गरिनेछ ।

## ख. योजना तथा कार्यक्रम व्यवस्थापन सम्बन्धि नीतिः

३६१.आयोजना बैंक तयार गरी योजना छनोट र बजेट विनियोजनका राष्ट्रिय, प्रादेशिक र नगरको प्रथामिकता अनुरुप संचालन गरीनेछ ।

३६२.योजना/आयोजनाहरुको छनोट प्रक्रियालाई सहभागितामूलक बनाई सम्पूर्ण योजनाहरु गुणस्तरीय र पारदर्शी रुपमा संचालन गरीनेछ ।

३६३.जनताको जीवनसँग जोडिएका आयोजनाहरुलाई नगर गौरब आयोजनाको रुपमा संचालन गर्ने कार्यलाई अगाडी बढाईनेछ । आयोजना व्यवस्थापनको कार्यलाई समयमानै सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

३६४.नगरपालिकाबाट स्वीकृत भएका कार्यक्रम संचालन गर्दा सम्बन्धित विज्ञता भएका निकाय तथा संघसंस्थाहरुसँग समन्वय गरेर उत्पादन मुखी गुणस्तरीय रुपमा संचालन गरीनेछ । यसका लागि स्पष्ट मापदण्ड बनाई लागु गरिनेछ ।

## ग. लगानी व्यवस्थापन सम्बन्धि नीतिः

३६५.नगरपालिकाका क्षेत्रगत दिर्घकालिन गुरुयोजनाहरु तयार गरी नगरको आवधिक योजनाले निर्दिष्ट गरेका योजनाहरुलाई कार्यान्वयन गर्न नगरपालिकाको मध्यमकालीन खर्च संरचना तयार गरी लगानी प्रक्षेपण गर्ने व्यवस्था मिलाईनेछ ।

३६६.मध्यमकालिन खर्च संरचना अनुसार आवश्यक निश्चित श्रोत जुटाउन सार्वजनिक, निजि, साझेदारी र सार्वजनिक ऋण समेत लिन आवश्यक र व्यवस्थापकीय प्रवन्ध मिलाईनेछ ।

३६७.नगर-नगर साझेदारी मार्फत श्रोत व्यवस्थापनमा सुधार गर्ने प्रयास गरिनेछ ।

३६८.पर्यटन पूर्वाधारमा लगानी प्रवर्द्धन गरन निजि क्षेत्रसँग सहकार्य गरी श्रोत व्यवस्थापनको प्रयास गरीनेछ।

३६९.विदेशका नगरहरुसङ्ग भगिनी सम्बन्ध कायम गरी लगानी भित्र्याउने प्रयास गरीनेछ ।

३७०.संघीय र प्रदेश सरकारबाट विशेष र स्मपुरक अनुदान अधिकतम प्राप्त हुने गरी कार्य प्रणाली सुधार गरीनेछ । संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान बढी प्राप्त गर्न प्राकृतिक श्रोत तथा वित्त आयोगले निर्धारण गरेका सूचकहरुमा सुधार गर्ने गरी कार्य संचालन गरीनेछ ।

३७१.संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने र शसर्त कार्यक्रममा नगरको प्राथमिकता प्राप्त योजनाहरु समावेश गर्न पहल गरीनेछ । सहलागानिका कार्यक्रमलाई अगाडी बढाइनेछ।

## ८.४ वन वातावरण तथा विपद व्यवस्थापन सम्बन्धि नीतिः

३७२.दिगो विकास लक्ष्यको विभिन्न विकास लक्षयलाई हासिल गर्न प्रयत्न गरिनेछ । जग्गा व्यवस्थापन गर्दा वातावरण तथा प्राकृतिक श्रोत संरक्षण यिनमा भएका व्यवस्थाहरुलाई प्रभावकारीरुपमा कार्यान्वयन गरीनेछ ।

३७३.नगर भित्र प्लास्टिक जन्य सामग्री प्रयोग गर्न निरुत्साहित गरीनेछ ।

३७४.नगर स्तरीय विपद व्यवस्थापन समिति तथा वडा स्तरीय विपद व्यवस्थापन समितिद्वारा हुने गतिविधिहरुलाई प्रभावकारी रुपमा तथ्यांक संकलन, अद्यावधिकारण, सूचना तयारि, पूर्वतयारीका अभ्यास लगायतका क्रियाकलापमा सहजीकरण गर्न कर्मचारी तथा नगरप्रहरी व्यवस्थापन गरिनेछ ।

३७५.विपद व्यवस्थापनका लागि नगरपालिका क्षेत्र भरिका नदि कटान नियन्त्रण गर्न आवश्यक तारजाली, बोरा तथा बाँसको व्यवस्थापन गरि तटवन्ध गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गरिनेछ ।

३७६.सप्तकोशी नदीको कटान रोक्न, गाउँ बस्तीमा नदि पस्ने सम्भावित क्षेत्रमा संघीय सरकार, प्रदेश सरकारसँग पहल गरी नदीको तटबाँध निर्माण, आवश्यक तारजाली, बोरामा माटो तथा बलुवा भारी बाँध निर्माण, गर्ने कार्यको आवश्यक पहल गरिनेछ । सम्भावित बाढी जन्य विपद जोखिम न्यूनीकरणका लागि आपतकालीन आश्रय स्थल निर्माण गरी व्यवस्थित बनाईनेछ ।

३७७.मौसम पुर्वानुमान सुचना प्रणाली जडान गरि नगरवासीलाई वर्षतबाट हुने क्षतिका लागि सुचना प्रवाह गरिनेछ ।

३७८.बेलका नगरपालिका भित्र पर्ने मुख्य तथा जोखिमयुक्त सिसुवा खोला, मुर्तिखोला, यसोदा खोला, सेतिखोला, वरगाछी खोला, गिदेरी खोला, धारा खोला, पथ्रा खोला लगायत अन्य खोलाहरुबाट हुने क्षती न्यूनीकरणका लागि प्रावधिक अध्ययन गरी नदी नियन्त्रणका लागि तटबन्ध योजना बनाई क्रमागत रुपमा काम अगाडी बढाइनेछ।

३७९.विपद पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल रेडक्रस सोसाईटीका स्थानीय उपशाखाहरुको संस्थागत विकास तथा क्षमता अभिवृद्धि गरीनेछ ।

३८०.नदी कटान नियन्त्रणका लागि नदी किनारमा बाँस लगायत अन्य वनस्पती रोप्ने कार्यक्रम अगाडी बढाइनेछ।

३८१.स्थानीय श्रोतहरुलाई पहिचान गरी सामुदायिक वनसँग साझेदारीमा कार्यक्रम संचालन गर्न आवश्यक कार्यक्रम खाका तर्जुमा गरी विकास गतिविधि संचालनमा ल्याईनेछ ।

३८२.वडा नं.४ को सिशुवा खोला, गिदेरी खोला लगायत अन्य खोलाहरु च्यानलीङ्ग गर्ने कार्यको आवश्यक अध्ययन गरी सो कार्यको थालनीका लागि संघीय सरकारसँग आवश्यक पहल गरीनेछ ।

३८३.कोशी तथा त्रियुगा नदी कटान नियन्त्रणका लागि प्रदेश सरकार तथा संघीय सरकारसमक्ष पहल गरिनेछ।

३८४.स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना गरी साधन सम्पन्न बनाई विपदमा काम गर्ने रेडक्रस लगायत संघ संस्थासँग समन्वय तथा सहकार्य गर्दै विपद व्यवस्थापन गरिनेछ।

३८५.विपद जोखिम न्यूनीकरणका लागि नगरपालिकाले तयार गरेको जोखिमयुक्त क्षेत्र पहिचान तथा नक्शांकन (Disaster Vulnerability Mapping) कार्य वमोजिम जोखिमयुक्त क्षेत्रमा जोखिम न्यूनीकरणका लागि आवश्यक कार्य गरीनेछ

३८६.विपदसँग सम्वन्धित जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ साथै विपद प्रतिकार्यका लागि स्वयमसेवक परिचालनको व्यवस्था मिलाईनेछ।

३८७.राष्ट्रिय वनसँग साझेदारीमा वन पैदावारको संरक्षण र संवार्द्धन गर्दै विकासका गतिविधि संचालन गरिनेछ ।

३८८.वातावरण मैत्री वडा घोषणा गर्न आवश्यक गृहकार्य गरिनेछ ।

३८९.वातावरणमैत्री पूर्वाधार निर्माण तथा विकासमा जोड दिईनेछ ।

३९०.आकस्मिक सहायता कोष सञ्चालन गरिनेछ।

३९१.सामुदायिक वन क्षेत्र तथा खाली पर्ति जग्गामा वृक्षारोपण अभियान संचालन गरिनेछ। जडीवुटी जन्य वनस्पतीलाई प्राथमिकता दिइनेछ।

३९२.सामुदायिक वन अतिक्रमण रोक्न वनको सीमा निर्धारण गरिनेछ ।

३९३.जलवायु परिवर्तन र यसका असर कम गर्न जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।

३९४.सामुदायिक तथा राष्ट्रिय वन क्षेत्रको सिमाङ्कन गरी वन अतिक्रमण रोक्ने वनस्पति तथा वन्यजन्तु संरक्षण गरिनेछ ।

३९५.पूर्वाधार निर्माण लाई वातावरण मैत्री बनाइनेछ। खानेपानी मुहान, दह, खोला, पोखरी, झरनालाई प्रदुषणमुक्त बनाउन वातावरण स्वच्छता अभियान संचालन गरिनेछ।

३९६.बर्षाको समयमा हुने बाढी पहिरो तथा हिंउदको समयमा हुने आगलागी तथा हावाहुरी जस्ता घटनालाई मध्यनजर राखेर वर्षा लग्नु अगाडी र हिउँद लाग्नु अगाडी अनिवार्य रुपमा विपद व्यवस्थापनमा

आवश्यक सामग्रीको उचित व्यवस्थापन गरी आकस्मिक रुपमा आईपर्ने विपदको समेत आँकलन गरी पूर्वतयारीका कार्यक्रम संचालन गरिनेछ ।

३९७.दिगो वन व्यवस्थापनको कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

३९८.जलाधार संरक्षण, जैविक विविधता तथा पर्यापर्यटनको विकासका कार्यक्रम संचालन गरिनेछ ।

३९९.नदी किनारा सार्वजनिक स्थल तथा सडक किनारामा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ।

४००.पूर्वाधार तथा संरचना विकास कार्यक्रमहरु संचालन गर्दा विपद जोखिम न्युनिकरण, अनिवार्य न्युनतम वृक्षारोपण तथा वातावरण मैत्री विकासको अवधारणालाई अवलम्वन गरिनेछ।

४०१.बेलकालाई हरित नगर बनाउने अभियानका लागि सम्भव भए सम्म नगर क्षेत्र भित्र बनेका सबै सडकका दुवै किनारमा हरियाली बनाउने कार्यलाई सम्बन्धीत वडावासीहरुको सहकार्यमा अगाडी बढाइनेछ ।

४०२.प्राकृतिक श्रोत साधनलाई स्थानीयको सहभागीतामा वातावरणीय परीक्षण गराई सोको प्रतिवेदनबमोजिम मात्र उपयोग गरी दोहन रोक्ने र आय अभिवृद्धि गरिनेछ।

४०३.प्राकृतिक श्रोत साधनको उपभोगमा स्थानीयको पहिलो हक स्थापित गरिने छ।

४०४.नदीहरुबाट हुने नदिजन्य पदार्थको अबैध उत्खनन, निकासी रोकी, अनियन्त्रित रुपमा हुने उत्खनन कार्यलाई नियमित अनुगमन गरी निरुत्साहन गर्न/ गराउन जिल्ला प्रशासन, जिल्ला समन्वय समिति, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्थानीय समुदाय, सरोकारवाला सम्पूर्णको समन्वय र सहकार्यमा प्राकृतिक श्रोत तथा सम्पदाको हुने गरेको दोहन रोकिनेछ ।

४०५.सामुदायिक वनलाई प्रभावकारी बनाउन र विकास साझेदारीसँग जोड्न आवश्यक गृहकार्य गरीनेछ।

४०६.सार्वजनिक, निजि ताहा सामुदायिक क्षेत्रसँगको सहकार्यमा विपद जोखिम न्यूनीकरण तथा उत्थानाशिलता र क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरीनेछ ।

४०७.विकास कार्यहरुलाई विपद व्यवस्थापनसँग आवद्ध गरी सो कार्यहरुको न्यायोचित कार्यान्वयन गरीनेछ।

४०८.सामुदायिक वनहरुमा आय आर्जन कार्यक्रमको लागि Public Private Partnership का कार्यक्रमहरु ल्याईनेछ ।

४०९.फोहोरमैला व्यवस्थापनको लागि वडा नं.९ मा निर्माण भएको फोहोरमैला व्यवस्थापन केन्द्रलाई संचालनमा ल्याउन Public Privat Partnership मोडेल अपनाई सहकार्यमा फोहोर व्यवस्थापन गरीनेछ।

४१०.आगालागी नियन्त्रणका लागि आवश्यक वारुणयन्त्र उपलब्ध गराईदिन नेपाल सरकार, प्रदेश सरकार, र दातृ निकायहरुलाई अनुरोध गरिनेछ ।

४११.दवाव सहनसक्ने वन प्रजातिहरुको पहिचान गरी तिनीहरुको संरक्षण गर्ने स्थानीय स्तरमा कार्ययोजना बनाई संचालन गर्ने ।

४१२.प्राकृतिक श्रोतमा आश्रित गरीब, विपन्न, महिला तथा संकटासन्न घरधुरी र समुदायका लागि अनुकुल क्षमता बढाउने बैकल्पिक आय आर्जनका उपायहरु पहिचान गरी प्रवर्द्धन गरीनेछ ।

४१३.भू-स्खलन तथा भूक्षय रोक्न गरीने छेकबाँध निर्माण, वृक्षारोपण र चरीचरण नियन्त्रण गरीनेछ ।

४१४.वन डढेलो न्यूनीकरण र व्यवस्थापन गर्न स्थानीय स्तरमा योजना बानाई कार्यान्वयन गरीने ।

४१५.सुरक्षित आश्रयस्थल, आकष्मिक उद्द्वार तथा उपचार सेवा जस्ता विपद प्रतिकार्यको पूर्वतयारी र कार्यान्वयन गरीने ।

४१६.जलाधार क्षेत्र र पानिको श्रोत संरक्षण गर्न जनसमुदाय स्तरबाटै समन्वयात्मक सहकार्यमा विशेष कार्यक्रम अभियानको रुपमा संचालन गरीनेछ ।

४१७.नगरको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना अनुरुप कार्यक्रम संचालन गरी कार्यान्वयन गरीने ।

४१८.नगरको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना अनुरुप जलवायु परिवर्तनबाट देखिएको असर न्यूनीकरण गर्न कार्यक्रम संचालन/ कार्यान्वयन गरीने ।

## ८.५ संस्थागत विकास, सेवा प्रवाह र सुशासनः

### क. संस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धि नीतिः

४१९.जनताको लागि प्रदान गरिने दैनिक प्रशासनिक सेवालाई झन्झटमुक्त, छिटोछरितो, सर्वसुलभ, जनमुखी र पारदर्शी बनाई एकद्वार प्रणालीमा आबद्ध गरिनेछ ।

४२०.सार्वजनिक प्रशासनलाई भ्रष्टाचारमुक्त बनाई शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ ।

४२१.नगरपालिका मातहतका सबै वडा कार्यालयहरु तथा विषयगत शाखाहरुबाट छिटो छरितो र प्रभावकारी सेवा प्रवाह तथा सेवाको एकरुपताका लागि इन्धन व्यवस्थापन प्रणाली, जिन्सी व्यवस्थापन प्रणाली, संचित कोष व्यवस्थापन प्रणाली, इ हाजिरी, राजश्व व्यवस्थापन प्रणाली, कृषि क्षेत्रमा उत्पादन नियन्त्रण प्रणाली, उद्यम तथा वाणिज्य सम्वन्धी व्यवस्थापन प्रणाली, योजना व्यवस्थापन प्रणालीको प्रयोगलाई निरन्तरता दिइनेछ।

४२२.नगरपालिका तथा वडा कार्यालयहरुमा गुनासो र सुझाव पेटिकाको व्यवस्था गरिनेछ ।

४२३.जनताको गुनासोलाई सम्बोधन गर्न जनप्रतिनिधिको संयोजकत्वमा एक गुनासो सुनुवाई समिति गठन गरिनेछ ।

४२४.सबै वडा कार्यालय तथा नगर कार्यपालिकाको कार्यालयमा नागरिक बडापत्रको अध्यावधिक गरिनेछ।

४२५.सार्वजनिक सेवा प्रवाहमा सकारात्मक विभेदको नीति लिइनेछ ।

४२६.जिन्सी व्यवस्थापन, लिलाम विक्री, मिन्हा र बेरुजु फछ्र्यौट गरी चुस्त- दुरुस्त बनाइनेछ।

४२७.वडा कार्यालयहरुमा एकीकृत सेवा प्रवाह प्रणाली लागू गरिनेछ।

४२८.विद्युतीय भुक्तानी प्रणाली (E.F.T) लागू गर्न पहल गरिनेछ।

४२९.आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

४३०.कर्मचारी कल्याण कोषलाई निरन्तरता दिइनेछ।

४३१.सेवाग्राही पृष्ठपोषण कार्यलाई निरन्तरता दिँदै सेवाग्राही सन्तुष्टी अभिवृद्धी तथा पारदर्शीतामा जोड दिइनेछ।

४३२.नगरपालिकाको मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्ने र बजेट अवण्डामा राख्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ।

४३३.असक्त अपाङ्ग वृद्ध वृद्धा तथा छ महिना माथिका गर्भवती तथा ४५ दिन भित्रका सुत्केरी महिलाहरुका लागि नागरिक सहायता कक्ष एकल द्वार सेवा प्रणाली अवलम्वन गरिनेछ।

४३४.नगरपालिका तथा वडा कार्यालयको समेत चौमासिक सार्वजानीक सुनुवाई आयोजना गरिनेछ।

४३५.विद्युतीय नागरिक वडापत्र लागू गरिनेछ।

४३६.सूचना पाटी तथा गुनासो पेटीकालाई व्यवस्थित तथा अद्यावधिक गरिनेछ।

४३७.विकास निर्माण तथा प्रशासनमा हुने अनियमितता ,भ्रष्टचार र ढिलासुस्तीमा शुन्य सहनशिलताको नीति अवलम्वन गरिने छ। सो कार्यलाई प्रभावकारी वनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा नगरपालिकाको तर्फवाट सुझाव तथा गुनासो पेटिका राखिने छ ।

४३८.जनप्रतिनिधी तथा कर्मचारीहरुलाई विभिन्न प्रकारका क्षमता अभिवृद्धि तथा पुनर्ताजगी तालिमहरु सन्चालन गरिनेछ।

४३९.नगरपालिकाको वेवसाइट तथा मोवाइल एप्सलाई नियमित रुपमा अद्यावधिक गरी थप प्रयोगकर्ता मैत्री बनाइनेछ।

४४०.नगरपालिकाका सम्पूर्ण कार्यक्रमहरु सन्चालन गर्नका लागि कार्यसन्चालन पात्रो तयार गरी लागू गरिनेछ।

४४१.अनलाइनवाट नागरिकका गुनासो तथा जिज्ञासा सुन्ने र सोको सम्वोधन गर्ने प्रणालीको स्थापना गरिने छ ।

४४२.सडक तथा फुटपाथमा हुने अवेवस्थित पार्किङ्ग, निर्माण सामाग्री ,तथा व्यापार र पसलहरुको अनाधिकृत प्रयोगलाई दुरुत्साहित गर्दै उचित व्यवस्थापन गर्न उपयुक्त पार्किङ्ग स्थलहरुको खोजि गरिने छ ।

४४३.नगरको योजना तथा कार्यक्रम व्यवस्थापनमा नगर कार्यालयको मानव संसाधन पर्याप्त नभएका संम्वन्धीत विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गरिने नीति अवलम्वन गरिने छ ।

४४४.आम नागरिकसँग सरोकार राख्ने आधारभुत वस्तु सेवाको गुणस्तर कायम गर्न उपभोक्ताहरु समेतको संलग्नतामा वजार अनुगमन लाई प्रभावकारी ढंगवाट संचालन गरिने छ ।

४४५.सुशासन, विकास, तटस्थता, र नागरिक संन्तुष्टी अभिवृद्धि गर्ने अधिकतम प्रयास गरिने छ ।

४४६.बेलका नगरपालिकाको साझेदारी नीतिका आधारमा विभिन्न विकास साझेदारहरुसँग समन्वय गरिनेछ।

४४७.कार्यलौको स्वीकृत दरबन्दी रिक्त नराखी प्रदेश लोक सेवा आयोगलाई कर्मचारी व्यवस्थापनका निमित्त पत्राचार गरी कर्मचारी व्यवस्थित गरीनेछ ।

## ख. कर्मचारी प्रशासन सम्बन्धि नीतिः

४४८.नगरपालिकाको सेवा प्रवाह तथा कार्यवोझका आधारमा नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्भेक्षण बमोजिम प्राप्त प्रतिवेदनका आधारमा दरवन्दी श्रृजना, व्यवस्थापन तथा सरोकार निकायमा दर्ता गरिनेछ।

४४९.कर्मचारी प्रशासनलाई क्षमता विकासका तालिम तथा नविनतम प्रविधिको ज्ञान मार्फत प्रतिष्प्रर्धी र प्रभावकारी बनाइनेछ ।

४५०.कार्यरत कर्मचारीहरुको बहुआयामिक क्षमता विकास गरी आवश्यकताको आधारमा कार्य सम्पादन गर्ने जिम्मेवारी दिइनेछ ।

४५१.कर्मचारीलाई कार्य सम्पादनका आधारमा दण्ड र पुरस्कारको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

४५२.Right man in Right place अनुरुप कार्यसम्पादनमा आर्जित ज्ञान, सीप, क्षमता र कार्य दक्षताको आधारमा सहि कर्मचारीलाई सहि स्थानमा जिम्मेवारी प्रदान गरी कार्यसम्पादनमा बढोत्तरी ल्याईनेछ।

## ग. सूचना प्रविधि तथा संचार सम्बन्धि नीतिः

४५३.सेवा प्रवाह र विकास निर्माण लगायतका कार्यमा सूचना प्रविधिको प्रयोगलाई निरन्तरता दिईनेछ ।

४५४.नगरपालिकाबाट प्रवाह हुने सेवालाई प्रविधि मैत्री र सहज बनाउन प्रयास गरिनेछ ।

४५५.बेलका नगर भित्रका सबै भूभागहरुमा मोबाइल तथा इन्टरनेट सेवा बिस्तारका लागि पहल गरिनेछ

४५६.नगरपालिका सम्वद्ध सूचना तथा तथ्यांकलाई व्यवस्थित रुपमा संकलन गरी "नगर डाटा बैंक" को स्थापना गरीनेछ ।

४५७.स्थानीय संचार माध्यमहरुलाई प्रवलिकरण गर्न विभिन्न प्रकारका कार्यक्रमहरु ल्याइनेछ ।

४५८.स्थानीय रुपमा संचालित एफ.एम., रेडियो तथा संचार माध्यम, पत्र पत्रिकासँग समन्वय गरी चौमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति समिक्षाको डिजिटल मध्यमद्वारा प्रशारण हुने प्रवन्ध मिलाईनेछ ।

४५९.गुनासो सम्बोधनका लागि हेलो मेयर कल सेन्टर संचालन गरिनेछ ।

४६०.डिजिटल नगर सेक्युरिटी सिस्टमका लागि विभिन्न स्थानहरुमा प्रथामिकीकरण गरी सिसिटिभी जडान गरी प्रयोगमा ल्याउन नेपाल प्रहरीसँग सहकार्य गरीनेछ ।

## घ. राजश्व परिचालन तथा दिगो वित्त व्यवस्थापन सम्बन्धि नीतिः

४६१.नगरको दिगो वित्त व्यवस्थापनको लागि नगरको राजश्व सुधार कार्ययोजनाले निर्दिष्ट गरे अनुरुप आन्तरिक आयमा वृद्धि गरीनेछ । करको दायरा वृद्धि गरीनेछ । राजस्व सुधार कार्ययोजनामा उल्लेख भए वमोजिमका सम्पति कर, व्यवसाय कर र घरवहाल करको आन्तरिक आयमा योगदान बढाउदै लगिनेछ | आन्तरिक आयमा यी करहरुको योगदान आगामी ५ वर्षमा ९० प्रतिशत पुर्याईनेछ।

४६२.कर व्यवस्थापनमा शिक्षा कार्यक्रम संचालन गरीनेछ । कर प्रशासनलाई हसवालीबाट लागति प्रणालीमा रुपान्तरण गरीनेछ । कर प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाई सुशासन कार्यम गरीनेछ ।

४६३.कर संस्कृतिको विकासका लागि दण्ड र पुरस्कारले उचित व्यवस्थापन गरीनेछ ।

४६४.अनुदान प्रणालीलाई क्रमश न्यूनीकरण गर्दै प्रोत्साहन प्रणालीलाई बढोत्तरी गरीनेछ ।

४६५.नगरपालिकाले संबिधान तथा कानून वमोजिम असुल गर्ने राजश्व (कर तथा गैर कर) प्रशासनलाई न्यायोचित, पारदर्शी र बैज्ञानिक बनाउन आवश्यक प्रवन्ध मिलाइनेछ ।

४६६.बजार अनुगमन, कर तथा गैर कर राजश्वको बारेमा सचेतीकरण र अनुगमन कार्यक्रम तिब्रताका साथ गर्ने प्रवन्ध मिलाईनेछ ।

४६७.ऐलानी जग्गामा निर्माण भएका घरहरुको लगत खडा गरी अध्यावधिक गर्न र सो अभिलेखीकरण कार्यका लागि आवश्यक सेवा दस्तुर कायम गर्ने ।

४६८.आर्थिक तथा प्रशासनिक सुशासन कायम गर्नका लागि पेश्की र बेरुजु लगत अध्यावधिक गरी अशुल उपर तथा फछ्र्यौट गर्ने कार्य अगाडी बढाइनेछ साथै नियमानुसार भन्दा बाहेक कुनै पनि तहबाट बजेट अबंडामा राख्ने र श्रोत्तान्तर एवं रकमान्तर गरीने छैन ।

४६९.यथार्थपरक आम्दानि अनुमान गरी घाटा बजेटलाई निरुत्साहित गर्दै लगिनेछ ।

४७०.कर तिर्नु सबै नागरिकको कर्तव्य हो भन्ने नारालाई पूरा गर्न करको दायरामा पर्ने व्यक्ति तथा व्यवसायीहरुलाई करको दायरामा ल्याई समयमानै कर तिर्न प्रोत्साहित गरीनेछ ।

## ८.६ स्थानीय न्याय सम्पादन तथा व्यवस्थापनः

४७१.नगरपालिकाको न्यायिक समितिका पदाधिकारीहरु, मेलमिलापकर्ताहरु र अन्य कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यलाई निरन्तरता दिईनेछ ।

४७२.सबै नगरवासीहरुको न्यायमा सहज पहुँच सुनिश्चित गर्न कानूनी शिक्षा र सचेतना कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४७३.आवश्यक कानूनहरु तर्जुमा गरी समयानुकुल परिमार्जन गर्दै लैजाने कार्यलाई निरन्तरता दिईनेछ साथै आवश्यकता वमोजिम कार्यसम्पादनमा सहजता ल्याउन नयाँ ऐन, कानून तर्जुमा गरिनेछ ।

४७४.न्यायिक समिति तथा मेलमिलापकर्ताहरुलाई उत्प्रेरणा हुने किसिमका कार्यक्रम सन्चालन गरिनेछ।

४७५.न्यायिक समितिबाट सम्पादित कार्यको अभिलेखलाई डिजिटाइज गरिनेछ।

## ८.७ योजना तथा कार्यक्रम मागः(योजना बैंक)

### क. संघीय सरकारसँग माग गर्ने योजना तथा कार्यक्रम

**नगरका गौरवका योजना, माग गर्ने योजना**

- रामपुर-सातापत्रे-भागलपुर- आम्बासी सडक निर्माण
- लेकाली रंगशाला स्तरोन्नति
- सम्बारेमायुंटार स्तरोन्नति
- लालबजार घारेघाट सडक निर्माण
- विद्युत विस्तार वडा नं.४,५,६,७,८
- स्वास्थ्य विमा कार्यक्रम सबै वडामा
- सिंचाई कार्यक्रम (प्रत्येक वर्ष कम्तिमा १० वटा)
- नगरका सबै वडामा खानेपानीको आधारभूत संरचना निर्माण र खानेपानी व्यवस्थापन
- रामपुर खानेपानी आयोजना निर्माण
- स्वास्थ्य चौकी अधुरो भवन भएको वडाको स्वास्थ्य चौकी निर्माण (बाबाला, तपेश्वरी)
- बेलका रिंगरोड निर्माण
- औद्योगिक ग्राममा औद्योग स्थापन तथा संचालन
- कोशी टप्पु वन्यजन्तु आरक्षसँग समन्वय गरी आरक्षक्षेत्रमा सफारी तथा पर्य-पर्यटन प्रवर्द्धन
- बेलका वडा नं. ६ मा बस पार्क निर्माण
- १० शैया आधारभूत अस्पताल निर्माण
- बेलका होमस्टे निर्माण, सहयोग तथा प्रवर्द्धन
- वडा नं. ८ को प्रशासकीय भवन निर्माण
- बेलका नगरपालिका सभाहल निर्माण
- कृषि पकेट क्षेत्रमा पकेट बालि प्रवर्द्धन कार्यक्रम
- भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा धनीपुर्जा वितरण
- नमुना तथा प्राविधिक विद्यालय संचालन तथा निरन्तरता वडा नं. ४
- निर्मित चिस्यान केन्द्र संचालन तथा संरक्षण
- निर्मित बेलका कृषि बजार संचालन
- निर्मित कभर्ड हलमा खेलकुद कार्यक्रम संचालन तथा हलको स्तरोन्नति

- मेखबारी खेल मैदान स्तरोन्नति
- बेलका बाटिक पिकनिक सपोर्ट निर्माण तथा पर्यटकीय प्रवर्द्धनका लागि स्तरोन्नति
- भूतिया दह संरक्षण
- मैनामैनी मन्दिर संरक्षण तथा पुरात्व विभागबाट उत्खनन गर्न माग
- वडा नं. ७ मैनामैनी तथा वडा नं. ५ सुपाड़ेमा प्रहरी चौकी स्थापना माग
- सिसुवा खोला नियन्त्रण
- जसोदा खोला नियन्त्रण
- सप्तकोशी नदि कटान नियन्त्रण
- वडा नं. १ मा भारतीय दुतावासको सहयोगमा विद्यालय निर्माण
- नदिजन्य पदार्थको उत्खनन् व्यवस्थापनतथा ठेक्का व्यवस्थापन
- शाखागत विशिष्टीकृत तथ्यांक अद्यावधिक (नगर प्रोफाइल
- स्वरोजगार कार्यक्रम संचालन
- फोहोर व्यवस्थापन
- सडक क्षेत्राधिकार भित्रका टहरा हटाउने कार्यक्रम संचालन
- विपन्न, दलित, सीमान्तकृत समुदायका परिवारलाई तालिम संचालन र रोजगारी प्रदान
- विभिन्न शिप विकास कार्यक्रम
- निर्मित खसीबोका संकलन केन्द्रको संचालन

**वडा नं.१**

- आम्बासी झाखैर टोल खयरघारी ठाकुरबाबा टोलको जामपानी निकासको लागि मूल सडक शाखा सडकहरुमा नाली निर्माण
- वडा नं. १ मा रहेका सम्पूर्ण खहरे खोलाहरु नियन्त्रण
- सिद्धिपुरे खहरे नियन्त्रण
- पश्चिम बगाहा नियन्त्रण
- पुलिस्नी खोला नियन्त्रण
- खुररिया खोला नियन्त्रण

**वडा नं.२**

- बेलाहाबाट कृषि सडकहुँदै शिवालय, रामनगर, शान्तिनगर टोल हुँदै सुनसरी बराहक्षेत्र वडा नं. ९ हुँदै चतरा जाने बाटो पिच
- कृषि अध्ययन केन्द्र
- कोशी टप्पु वन्यजन्तु आरक्षण पर्यटन
- आम्बासी, भागलपुर, भागलपुर, रामपुर रोड पिच
- खहरे नियन्त्रण
- सुनखानी पर्यटकीय क्षेत्र

**वडा नं. ३**

- ठोक्सिला टोल- तिनखोप्रे नयाँटोल मुर्तीखोलामा पक्की पपुल
- डाँडाटोल- ठोक्सिला टोल गिदेरी खोलामा पक्की पुल
- लाक खहरे खोलामा पक्की पुल

- गंगटे टोल छेउ यसोदा खोलामा पक्की पुल
- गुँडीटोल- निशान टोल जाने भंगालोमा कल्भर्ट निर्माण
- उज्यालो टोल- कालीका प्रगति टोल जोगिनी खोलामा पक्की पुल
- कालिका आ.वि. पश्चिम कालीखोलामा कल्भर्ट निर्माण
- एकता टोल- भाटेपिल जाने बाटोको भंगालोमा स्लाभ कल्भर्ट
- ३ नं. वडा कर्यलय- दुर्गा मन्दिर जाने बाटोको भंगालोमा स्लाभ कल्भर्ट
- जोगिनी टोल पुच्छार पार्व जाने खोल्सीमा स्लाभ कल्भर्ट
- कन्तेचौरी पूर्व खोल्सीमा स्लाभ कल्भर्ट
- गणेश सुवेदीको घर पश्चिम खोल्सीमा स्लाभ कल्भर्ट
- ठोक्सिला टोल पश्चिम कालीखोलामा स्लाभ

**मठ मन्दिर , चर्च, सामुदायिक भवन, समादी घर क्षेत्र (आर्यघाट)**

- देवी स्थान घेरावेरा, कालिका प्रगतिशिल टोल
- देवी स्थान घेरावेरा, सालघारी टोल
- देवी स्थान घेरावेरा, नेवार टोल
- जगना समादी भवन \ घेरावेरा निर्माण
- बेलका राजारानी (सुनखानी) धार्मिक तथा पर्यटकीय स्थल निर्माण
- राजाजी मन्दिर निर्माण तथा घेरावेरा राजाजी टोल
- जलकन्या देवी मन्दिर घेरावेरा भासी टोल
- योगेश्वर महादेव मन्दिर धार्मिक तथा पर्यटकीय क्षेत्र निर्माण
- डिहीबार बाबा राजाजी मन्दिर घेरावेरा रातापानी
- ईमानुयल चर्च भवन निर्माण जुलेफी टोल
- निशान टोल चर्च भवन निर्माण
- उज्यालो टोल सामुदायिक भवन निर्माण
- रातापानि चर्च घेरावेरा

**झोलुङ्गे पुल**

- मिलन टोल- विज्ञानटोल झोलुङ्गे पुल ३ र ४
- जगना टोल- ए.बि.सी. टोल झोलुङ्गे पुल
- जोगिनी टोल पुच्छार- विज्ञानटोल झोलुङ्गे पुल
- नेवार टोल- गंगटे टोल झोलुङ्गे पुल

**नदी नियन्त्रण**

- गिदेरी खोला नदी नियन्त्रण
- मुर्ती खोला नदी नियन्त्रन
- कटारी खोला नदी नियन्त्रण

**वडा नं. ४**

- सिसुवा खोला नदी नियन्त्रण तटबन्ध निर्माण योजना,
- डिहिटोल- हात्तीसुडे पर्शुराम मार्ग एजिङ्ग वाल सहित सडक स्तरोन्नती
- गुरुङचौरी- विज्ञानटोल एजिङ्ग वाल सहित सडक स्तरोन्नती

- गौरी शंकर मार्ग सडक स्तरोन्नती
- प्रगति मर्ग सडक स्तरोन्नती
- सिसुवा खोला कटारी सिँचाई आयोजना

**वडा नं. ५**

- जहडा- तिलवारी- मैनी- डाँडागाउँ- चौदण्डी सडक पक्कीपुल सहित कालोपत्रे
- सुपाडे- डाँडागाउँ- खयरवनी- शिखरमाडी (गिदेरी खोला- कञ्चिरा खोला)को पक्की पुल सहितको कालो पत्रे

**वडा नं. ६**

- सिसुवा खोला पक्की पुल डी.पि.आर. भएको हुँदा पक्कीपुल निर्माण
- ढाक्रे वरवोटे सुकुम्ला सडक डि.पि.आर. भएको हुँदा सडक निर्माण
- लालबजार लामीडाँडा पुवारे थुम्का घारेघाट भोजपुर जोड्ने सडक डि.पि.आर. भएको हुँदा सडक निर्माण
- देउराली मुरीथुम्का टंकाल गुफा वडा नं. ८ र ७ जोड्ने महाभारत मार्ग
- ववला वगुवा भोजपुर जोड्ने सडक
- पार्टी खोला झोलुङ्गे पुल
- लाफा खोला झोलुङ्गे पुल
- लेकाली खेल मैदान निर्माण
- वस पार्क निर्माण
- १० शैयाको अस्पताल
- ववला स्वास्थ्य चौकी
- श्री जनता मा.वि. लामिडाँडाको भवन निर्माण
- श्री जनता उच्च मा.वि. पुवारेथुम्का भवन निर्माण
- अतिथि गृह भवन निर्माण
- कैयाकुरी खानेपानी
- यस वडालाई पूर्ण विद्युतीकरण तथा विस्तार
- ववला लिफ्टिङ्ग सिँचाई
- लालबजार पातल ववला पक्की पुल

**वडा नं. ७**

- दुधकोशी मैनामैनी सुर्याचौक सुनखानी सडक निर्माण
- वानुयोङ खोला र हर्खा खानेपानी लिफ्टिङ्ग योजना
- बाखाबुबा योङवाहाङ खानेपानी योजना
- रुसटेन पावल बाखाबुबा खानेपानी योजना
- पर्वशिला काञ्चिराङ्ग खानेपानी योजना
- पर्वशिला काञ्चिराङ्ग खानेपानी योजना
- पर्वशिला बेसिटोल खानेपानी योजना
- सिमसार चुवार पुल खानेपानी योजना
- सोमबारे मायुङटार भोजपुर आम्चोक जोड्ने सडक कालोपत्रे
- कोठु फेरी बाक्दाखा मैनामैनी हुदै भोजपुर जोड्ने सडक कालोपत्रे माग गर्ने

- तिनकुने  हुदै बिलिम्लासम्म कालोपत्रे
- राजकुमार मार्ग रिङ्गरोड सडक कालोपत्रे
- काञ्चिराङ्ग रिङरोड सडक कालोपत्रे
- नामकेश बबला जोड्ने सडक कालोपत्रे
- कोशीको रिडोर सडक अबिलम्ब सुचाङ मार्गसडक
- खमारे पावला रिङरोड सडक स्तरोन्नती माग
- पावला बाखाबुबा स्तरोन्नती सडक
- कोलोहाङ्ग झर्ना सडक स्तरोन्नती
- कन्चिराङ्ग मा.वि.०-१२ आठ कोठे भवन निर्माण
- माङ्चो ०-५ संचालन नवज्योति विद्यालय भवन निर्माण
- हिमकला ०-८ गोभाटार २ कोठे भवन माग
- लालीगुराँस प्रा.वि. भवन निर्माण
- मुलागाउँ मा.वि. ०-१० भवन निर्माण
- खामारे विद्यालय ०-३ भवन निर्माण
- मैनामैनी स्वास्थ्य कार्यालयलाई स्तारुन्नती गरी अस्पताल निर्माण
- शहरी स्वास्थ्य क्लिनिकलाई स्वास्थ्य चौकी निर्माण
- बेलका वडा नं.७ मा अस्थाई प्रहरी चौकी निर्माण
- कोठु खोला पक्की पूल निर्माण
- संखुवाखोला पक्कि पूल निर्माण
- वावुयोंङ पक्कि पूल निर्माण
- मतेरी खोला पक्कि पूल निर्माण

**वडा नं. ८**

- सोमबारे माचुंटार भोजपुर जोड्ने सडक स्तरोन्नति
- ढोलबाजा पानाराङ्ग खास्टोल सडक निर्माण
- जरायो खोला पक्कि पूल निर्माण
- कर्कले सिसौली सडक स्तरोन्नति
- परेहांङ्ग चोक यलम्बर चोक सडक स्तरोन्नति साथै पक्की नाला निर्माण
- धोपा देखि सेतीखोला बाबाला जोड्ने झोलुंगे पूल निर्माण
- बैरुवा खोला ट्रष्ट पूल निर्माण
- जागिराम थानी आ.वि. भवन निर्माण
- जनता आ.वि. डुडखोला भवन निर्माण
- जनता आ.वि. आरांगा भवन निर्माण
- सिवार्नी कस्टोल पहिरो नियन्त्रण
- चक्रपुर् मा.वि. चौरीसम्म खोला नियन्त्रण
- भर्तिवाले खोला नियन्त्रण
- खेतीखोला नियन्त्रण जडीबुटी मसला जोन प्रशोधन केन्द्र सोमाबारेमा निर्माण
- महांकालि मन्दिर तथा पंचायन मन्दिर निर्माण

- चम्पा किशोरी मन्दिर निर्माण
- जल्पादेवी गुफा निर्माण तथा संरक्षण
- आहाले गिद्ध संरक्षण तथा पार्क निर्माण
- रंगमहल बोसाङ्ग पदमार्ग निर्माण
- आहाले पर्यटकीय पार्क निर्माण तथा पराग्लाईडीङ्ग व्यवस्थापन
- खुसुमबोटे खानेपानी योजना धोपा
- सप्तकोशी लिफ्टीङ्ग खानेपानी योजना
- सेतीखोला माथिल्लो टोल खानेपानी योजना
- मेखाबारी फुटबल खेल मैदान निर्माण
- आर्यघाट निर्माण
- यलम्बर पार्क किरात संग्राहालय निर्माण
- आरांगा खेल मैदान निर्माण

**वडा नं. ९**

- भाचुवा सुन्दर टोल स्थित मुर्ति खोला छेउको खालि जग्गामा डिपीआर तथा विभिन्न जातजातिको देवालय निर्माण
- माछापुच्छ्रे सा.व. भित्रको साकेला पार्कमा पिकनिक सपोर्ट निर्माण
- बरपिपल मा.वि. कमलावारी घेराबेरा निर्माण
- ज्योति आ.वि. भाचुवामा ६ कोठे भवन निर्माण
- जनजागृति आ.वि. धौरी रंगशालामा चार कोठे भवन निर्माण
- पुष्पान्जली खानेपानी व्यवस्थापन
- बेलका ९ रिंगरोड निर्माण क्रमागत
- गौरत्र मार्ग कमलाबारीबाट फोहोरमैला व्यवस्थापन जाने बाटो एजिंङ्ग
- देवीस्थान सडक एजिंङ्ग
- भाचुवा रिंगरोड एजिंङ्ग
- जसोदा खोला नियन्त्रण
- शिवालय मन्दिर वृद्धा आश्रम भवन निर्माण
- रामपुर बजार व्यवस्थापन

## ख. प्रदेश सरकारसँग माग गर्ने योजना तथा कार्यक्रम

**वडा नं. १**

- पश्चिम बगाहा पूर्वी बगाहा र भाल्मन्ति खहरे खोलामा पूल निर्माण
- अनन्त मुलागाउँको गंगा बहादुर बस्नेतको घर पूर्वसंजय चौधरीको घरसम्म २४६ मि. बाटो वाल नाली निर्माण र कालो पत्रे/ शहरी विकासले नगरेको बाँकी काम निर्माण
- काली खोला सिँचाई मर्मत
- थारु टोल विकास संस्थामा रहेको मगर्नी खोलाको सिमसार क्षेत्रमा पोखरी निर्माण तथा सिँचाईको लागि पानि वितरण योजना

**वडा नं.२**

- शिवालय टोल पूर्व गिदेरी खोलामा ट्रस्टवृज निर्माण
- ललितकला केन्द्र स्थापना
- पशुहाट बजार स्थापना
- दाना बनाउने मेशिन खरिद तथा केन्द्र स्थापना
- कुटपेपर निर्माण उद्योग स्थापना
- स्तरीय सर्पदंश उपचार केन्द्र स्थापना
- कृषि विद्युत लाइन विस्तार
- वडा क्षेत्र भित्र स्तरीय कुलो तथा पानि निकास योजना
- पशु सेवा केन्द्र स्थापना ५ थान थेरापी मेसिन सहित बैकल्पिक थेरापी पद्दतिद्वारा उपचार केन्द्र स्थापना
- राम्पुरे टोल गावीमा कल्भर्ट निर्माण

**वडा नं. ३**

- रातापानी खानेपानी तथा सरसफाई योजना मिलनटोल
- कोशी जनता मा.वि भवन घेरावेरा तथा शौचालय निर्माण
- शिवालय आ.वि. भवन निर्माण तथा घेरावेरा
- बेलका आ.वि. भवन तथा शौचालय निर्माण
- कालिका आ.वि. भवन तथा शौचालय निर्माण
- आदर्श आ.वि. भवन निर्माण तथा घेरावेरा
- सरस्वती आ.वि. भवन निर्माण तथा घेरावेरा

**वडा नं. ४**

- गौरी शंकर मन्दिर प्राथना हल निर्माण

**वडा नं. ५**

- सुपाडे- रानीपधेरा- शिखरमाडी सडक कालोपत्रे
- रामपुर ठोक्सिला स्किम नं.३ खआनेपानी योजना
- सापडे-गलेनी- घुम्ने- रानीपधेरा लिफ्टिङ खानेपानी
- डाँडागाउँ- झोरापाटा- मैनी लिफ्टिङ्ग खानेपानी योजना
- पोखरे- देउराजे- रमिते-ज्यामिरे- शिसाकोट- हुर्दुङ्गे- खारखोला लिफ्टिङ्ग खानेपानी योजना
- डाँडागाउँ- डाँडावारी- गलेनी स्कुलको माथिल्लोटोल- माथिल्लो मैनी- सुख्खा पोखरी- शिखरमाडी- बुधबारे बजार- डुम्रेकुना- कञ्चिरा खोपन विद्युत विस्तार तथा विद्युत पोल विस्तार
- गर्भे सगरमाथा टोल ट्रान्सफर्मर
- रानीपधेरा टोल ट्रान्सफर्मर
- टेलिफोन टावर- शिसाकोट
- भुतिया दह प्रवद्धन
- दाह्री खोल्सा कल्भर्ट
- किसेखोला कल्भर्ट
- मैनी खोला कल्भर्ट
- डाँडागाउँ सुन्दरी खोला कल्भर्ट
- पोखरे हिम्मतको घरछेउको खोल्सी कल्भर्ट

- सुपाडे- सालघारी खोल्सी कल्भर्ट
- कोल्बोटे- खयरबनी खोल्सी कल्भर्ट
- शिखरमाडी आदर्श टोल देवी खोला कल्भर्ट
- सुख्खा पोखरी खोल्सी कल्भर्ट
- सुख्खा पोखरी प्रवद्धन
- रानीपधेरा कुलो निर्माण
- शिवालय टोल मुलकुलो निर्माण
- तरवारे कुलो निर्माण
- चुवाने कुलो (गलेनी देखि घुम्ने) निर्माण
- शिखरमाडी बुधबारे बजार देखि मन्दिर डाँडा पक्की नाली
- सुपाडे देखि खयरवनी हुदै शिखरमाडी मन्दिरसम्म पक्की नाली
- तिलवारीबाट मैनी पक्की पुल
- भुतिया दह जाने पक्की नाली
- गलेनीबाट डाँडावारी जोड्ने झोलुङ्गे पुल
- केदार गौतमको घरबाट खयरवनी शिवालय टोल जोड्ने झोलुङ्गे पुल
- अधेरी शिखरमाडी झोलुङ्गे
- शिवालय टोलबाट आदर्श टोल जोड्ने झोलुङ्गे पुल

**वडा नं.६**

- मुरिथुम्का खानेपानीराक्चे सितारानी खानेपानी
- वाक्सीखोप खानेपानी
- वावुङ्ला खानेपानी
- केरावारी खानेपानी
- घारेघाट पक्कीपुल निर्माण

**वडा नं. ७**

- संखुवा खोला गोभाटर साना सिँचाई योजना
- मायोङ सिँचाई योजना
- खमारे वाच्याङ साना सिँचाई योजना

**वडा नं.८**

- यलम्बर चोक देखि आरांगा जोड्ने सडक स्तरोन्नति तथा नाली निर्माण
- कोठु खोला सिँचाई योजना
- डुडखोला डिप बोरिङ्ग सिँचाई योजना
- छोटे सिँचाई योजना
- बैदाली सिँचाई योजना
- सौर्य सिँचाई योजना खास्टोल खयरमहल डिप बोरिङ्ग सिँचाई

**वडा नं. ९**

- अधुरा डिप बोरिङ्ग व्यवस्थापन (कामना टोल, गौरव टोल, जनता टोल, पुष्पान्जली टोल, श्रीजना टोल)
- दलित आदर्श अपुरो भवन सम्पन्न तथा घेराबेरा

- खारखोला खानेपानी व्यवस्थापन
- सिमलटार खारखोलामा स्लाब कल्भर्ट निर्माण
- भाचुवा माङ्गफाङ्ग टोल जोड्ने मुर्ति खोलामा झोलुंगे पूल निर्माण
- बर पिपल मा.वि. कमलाबारी र धौरी जोड्ने मसाने खोल्सामा पूल निर्माण

### ग. दात्रृ निकाय सँग माग गर्ने योजना तथा कार्यक्रम

-
-
-

## ८.८ योजना तथा कार्यक्रम संचालन वार्षिक क्यालेन्डरः

४७६.नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट सञ्चालन गरिने वार्षिक योजना तथा कार्यक्रमहरु निम्नानुसारको वार्षिक क्यालेन्डरको आधारमा सञ्चालन गरिनेछ।

| महिना | सम्पादन हुने र गर्नुपर्ने क्रियाकलापहरु |
|---|---|
| श्रावण | श्रावण ७ भित्र कार्यसम्पादन मूल्यांकन दर्ता सम्पन्न गरी मूल्यांकन सुरु गरिनेछ। श्रावण १५ गते भित्र वार्षिक जिन्सी निरीक्षण गरी प्रतिवेदन तयारी, बार्षिक बजेट पुस्तिका तयारी तथा छपाई गरी वितरण, आन्तरिक लेखा परीक्षण, खरिद योजना निर्माण तयारी, नगर दररेट सम्वन्धी छलफल, नदीजन्य पदार्थको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्यांकन सम्पन्न गर्ने, कर संकलन सम्वन्धी ठेक्का व्यवस्थापन, मासिक, चौमासिक, अर्धवार्षिक तथा बार्षिक प्रतिवेदनहरू तयारी, वार्षिक समीक्षा र छलफल, नगर सभाबाट संशोधन तथा पारित भएका ऐन, नियमावली र कार्यविधिहरुको राजपत्र प्रकाशन्, सार्वजनिक सुनुवाई, आदि। |
| भाद्र | गत आ. व. का अधुरा योजना संझौता, भुक्तानी वाँकी योजनाको अनुगमन तथा भुक्तानी, यस आ. व. मा संचालन गरिने योजनाहरुको उपभोक्ता समिति गठनको थालनी, उपभोक्ता समिति अनुशिक्षण, नगरपालिकाको श्रोतबाट व्यहोरिने पदहरूमा सम्वन्धित ऐनमा उल्लेख भए वमोजिम पद पूर्तिको विज्ञापन, नगर कार्यपालिकाको नागरिक वडापत्र अद्यावधिक सहित लागू गर्ने, शिक्षक दरवन्दी मिलान, जिसस वाट आयोजित समीक्षा कार्यक्रममा सहभागिता, नगर प्रमुखज्यू तथा उपप्रमुखज्यू प्रमुख प्रशासकीय अधिकृतबाट संघ तथा प्रदेश सरकारका मन्त्रालयहरुमा समन्वय र सहभागिता, स्टाफ वैठक । |
| असोज | राजपत्र संशोधन सहित प्रकाशन, खरिद सम्वन्धी माग संकलन, बिश्लेषण, लागत अनुमान तयार गर्ने, सूचना प्रकाशन, योजना तथा कार्यक्रम सञ्चालनका लागि उपभोक्ता समिति गठन तथा अभिमूखीकरण, योजना संझौता गरी कार्यान्वयन सुरू गर्ने, सामाजिक सुरक्षा भत्ता निकासा, सरोकार निकायसँग अन्तक्रिया। |
| कार्तिक | योजना संझौता, कार्यान्वयन, अनुगमन, कृषि, पशुसेवा, स्वास्थ्य, सवारी साधन, मेसीनरी औजारसमेतका लागि आवश्यक सामग्री खरिद। |
| मंसिर | प्रथम चौमासिक समीक्षा, प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाई, योजना संझौता, कार्यान्वयन, अनुगमन, भुक्तानी, कार्यपालिका वैठक तथा पदपूर्ति सम्वन्धी कामको थालनी, गत विगत वर्षका वेरूजुहरू प्रमाण जुटाई नियमित गर्ने, असुलउपर गर्ने, पेश्की वाँकी देखिएमा फर्छ्यौट गर्ने गराउने र त्यसको प्रगति कार्यपालिका वैठकमा पेश गर्ने दायित्व लेखा उत्तरदायी अधिकृतको हुने। नगर प्रोफायल अध्यावधिक गर्ने, सूचनाको हक सम्वन्धी प्रकाशन, स्टाफ वैठक, मंसीर १५ गते भित्र संस्थागत क्षमता स्वमूल्यांकन (लिजा) को नतिजा तयार गरी सम्वन्धित निकायमा पठाउने |

| | |
|---|---|
| पौष | आगामी आवको राजश्व आन्तरिक राजश्व, राजश्व बाँडफाँट, रोयल्टी, अनुदान र ऋण को प्रक्षेपण र अनुमान तयार गरी कार्यपालिकाको बैठकबाट अनुमोदन गराई संघ र प्रदेश अर्च मन्त्रालय, वित्त आयोगमा पेश गर्ने, आगामी तीन आवमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना समेत कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको विवरण तयार गर्न, मसान्त सम्ममा अर्धवार्षिक जिन्सी निरीक्षण गरी प्रतिवेदन तयारी,योजना संझौता, कार्यान्वयन, अनुगमन, भुक्तानी, पदपुर्तिका चरणवद्ध प्रक्रिया तथा नियुक्ती, घुम्ति स्वास्थ सेवा सञ्चालन, पदाधिकारी र कर्मचारीहरूको अवलोकन भ्रमण, नगरसभाको हिउँदे अधिवेशन तयारी, संघ तथा प्रदेश सरकारसँग योजनाहरु माग गर्ने |
| माघ | कर्मचारीहरूको क्षमता विकास सम्वन्धी विभिन्न तालिमहरू सञ्चालन, सीपमुलक कार्यक्रमहरू सञ्चालन, नगरपालिकाले आयोजना गर्ने विभिन्न गोष्ठीहरू, अनुसन्धानात्मक कार्यक्रमहरू सञ्चालन, मेला उत्सव र महोत्सवहरू, नगरपालिकाले आयोजना गर्ने खेलकुद र अन्य प्रतियोगिताहरू, विकास साझेदार संस्थाहरुसँग अन्तरक्रिया, स्रोत सुनिश्चित भएका आयोजनाहरुको ठेक्का व्यवस्थापनको काम सम्पन्न गर्ने, लगायत योजना संझौता, कार्यान्वयन, अनुगमन, भुक्तानी, विषयगत क्षेत्र विभाजन गर्ने र सदस्यहरुलाई जिम्मेवारी दिने |
| फाल्गुण | नेपाल सरकारबाट अनुदान र राजश्व बाँडफाँटको बजेटको सीमा र मार्गदर्शन प्राप्त गर्ने, योजना संझौता, कार्यान्वयन, अनुगमन, भुक्तानी, कार्यपालिका बैठक, सामाजिक सुरक्षा भत्ता वितरण, दोश्रो चौमासिक सार्वजनिक सुनुवाइ, छुट आयोजनाहरुको ठेक्का व्यवस्थापन। |
| चैत्र | गैसस, उपभोक्ता समिति, सहकारी संस्था आदिसँग योजना तथा बजेट सम्वन्धमा पूर्व बजेट छलफल गर्ने, प्रदेश सरकारबाट अनुदान र राजश्व बाँडफाँटको बजेटको सीमा र मार्गदर्शन प्राप्त गर्ने दोश्रो चौमासिक समीक्षा, नगर प्रमुख, उप प्रमुखको सहभागितामा वडा समितिको कार्यालयहरूको अनुगमन, वडावासीसँग भेटघाट, जेष्ठ नागरिक, अशक्त अपांगहरूसँग भेटघाट, योजना तथा कार्यक्रमको अनुगमन, विध्यालय अनुगमन, स्वास्थ्य संस्थाहरूको योजनावद्धरूपमा अनुगमन, नेपाल सरकार, प्रदेश सरकार अन्य सरोकार निकायसँग साझेदारीमा सम्पन्न गरिने योजना तथा कार्यक्रमहरू सञ्चालन, योजना संझौता, कार्यान्वयन, अनुगमन, भुक्तानी, |
| वैशाख | वैशाख ७ गते भित्र नीति तथा कार्यक्रम तयार गरी नगर प्रमुखले कार्यपालिका बैठकमा पेश गर्ने, १० गते भित्र कुल बजेट अनुमान तथा सीमा निर्धारण र बजेट तर्जुमा सम्वन्धी मार्गदर्शन तयार गर्ने, बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणका आधार तथा विधि तयार गर्ने, १५ गते भित्र विषयगत शाखा तथा वडा समितिलाई बजेट सीमा तथा मार्गदर्शन उपलब्ध गराउने। मसान्त भित्र बस्ती टोल स्तरमा आयोजना छनौट गरी वडा समितिमा पेश गर्ने, बस्ती टोल बैठकको कार्यतालिका तयारी र जिम्मेवारी बाँडफाँट गर्ने, सूचनाको हक वमोजिमको दोस्रो चौमासिक प्रकाशन, योजनाको अन्तिम संझौता, कार्यान्वयन, अनुगमन, भुक्तानी, स्थानीय सरकार सञ्चालन ऐन र नगरपालिकाको कानून वमोजिम गर्नु पर्ने भनि तोकोएका विभिन्न कार्यहरू तोकिए वमोजिम सम्पन्न भए नभएको वारे समीक्षा, |

| | |
|---|---|
| जेष्ठ | १० गते भित्र गैसस र अन्य संघ संस्थाबाट योजना तथा बजेट संकलन गर्ने, वडाको बजेट सीमा भित्रका र महत्वपूर्ण अन्य आयोजनालाई विषयगत रुपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने, १५ गते भित्र विषयगत शाखाहरुबाट विषय क्षेत्रका योजनाको प्राथमिकता निर्धारण गर्ने, २५ गते भित्र विषयगत समितिहरुमा छलफल र प्राथमिकता निर्धारण गर्ने, मसान्त भित्र बजेट राजश्व, व्यय र वित्तीय व्यवस्था तथा कार्यक्रमको प्रस्ताव तयारगर्ने, राजश्व परामर्श समितिको बैठक, बजेट तथा श्रोत अनुमान समितिको बैठक, नगरपालिकाको आगामी वर्षकालागि प्रस्तावित नीति कार्यपालिकामा टेवुल गर्ने, कार्यपालिकाका विभिन्न समितिहरूको बैठक, योजना कार्यान्वयनमा परेका समस्या समाधानका लागि नगर विकास समस्या समाधान समितिको वैठक, योजना तथा कार्यक्रमको अनुगमन, अन्तिम भुक्तानी, नयाँ योजना तथा कार्यक्रमको सहभागितात्मक योजना छनौट प्रकृयाद्वारा छनौटका लागि प्रकृया थालनि, कार्यपालिका वैठक, आगामी आवको नीति कार्यक्रम र नगर सभाको तयारी । |
| असार | असार ५ गते भित्र नीति तथा कार्यक्रम पारित गर्ने, गैसस तथा विकास साझेदारको कार्यक्रमलाई एकीकृत गरी समावेश गर्ने, विनियोजन र आर्थिक विधेयकको मस्यौदा तयार गरी कार्यपालिका बैठकमा पेश गर्ने, असार १० गते नगर सभामा बजेट, आर्थिक विधेयक, विनियोजन विधेयक प्रस्तुत गर्ने, असार मसान्त भित्र बजेट बक्तव्य, आर्थिक विधेयक, विनियोजन विधेयक तथा बजेट अनुमान पारित गर्ने र आर्थिक ऐन र विनियोजन ऐन राजपत्रमा प्रकाशित गर्ने, अन्य आवश्यक ऐन नियमावली अनुमोदन, आवश्कता अनुसारका कर्मचारीहरूको दरवन्दी अद्यावधिक गर्ने, करार तथा ज्यालादारीमा आवश्यक पर्ने पदहरु थपघट स्वीकृती गर्ने |

यो क्यालेण्डर मार्गदर्शक समय सूचक मात्र हो। यसमा उल्लेख नभएका कार्यहरू नगरपालिकाले अनुकुल समय मिलाई सञ्चालन गर्न सक्ने छ । तर आगामी २०८१ बैशाख पश्चात नगरपालिका तथा वडा कार्यालयहरू मार्फत सञ्चालन हुने आयोजनाहरूको संझौता गरिने छैन, पेश्की दिइने छैन। आ-आफ्नो वडाको वार्षिक योजना तथा कार्यक्रम समयमा संपादन गर्ने गराउने कार्यमा प्रथम दायित्व सम्वन्धित वडा अध्यक्षको हुनेछ।

यस क्यालेण्डरमा नियमित प्रकृतिका कामहरू र न्यायिक समितिका कामहरू समावेश गरिएको छैन।

**नगरसभा सदस्यहरु,**

अन्त्यमा, बेलका नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा बेलका नगरपालिकाका प्राथमिकता र बेलका नगरवासीका आवश्यकताहरुका साथै स्थानीय सम्भावित पहिचान भएका श्रोत साधनको अधिकतम प्रयोग गर्दै तिब्रतर आर्थिक वृद्धिद्वारा दिगो आर्थिक विकास सहित समृद्ध नगर निर्माण गर्ने प्रतिवद्धता सम्वोधन गर्ने प्रयास गरेका छौं। नगरपालिकामा उपलब्ध सिमित स्रोत तथा साधनको परिधि भित्र रही कार्य सम्पादन गर्ने क्रममा नगरपालिकाको चालु आर्थिक वर्षको केही दायित्व समेत आगामी आर्थिक वर्षमा सरेर जाने देखिएकाले नयाँ कार्यक्रमहरुमा नगरपालिकाको सबै स्रोतको पूर्ण परिचालन गर्न नसकिने अवस्था छ। यस कारण सबै आकाङ्क्षा तथा आवश्यकताहरु सम्वोधन हुन सकेका छैनन्। आगामी पाँच वर्षसम्ममा बेलका नगरवासीका आवश्यकता र मागहरुलाई पहिलो प्राथमिकतामा राखेर नगरलाई सुशासित र विकसित नगर बनाउनका लागि सम्पूर्ण प्रयत्न गरिनेछ।

वास्तवमै विकास आफैमा गतिशील र सकारात्मक परिवर्तनको अनुभूति र केनी नौलो नयाँ परिवर्तनको विम्ब पनि हो, जनमानसमा सबैलाई छिटो विकास भएको प्रत्याभूतिको खाँचो पनि छ । यसका लागि सामाजिक स्थायित्व, समाज वनावट, भौगोलिक अवस्थिति र साविकका घटनाक्रमले सिकाएको शिक्षालाई वोध गरी, सामाजिक, संस्कृतिक, मानवीय, स्वास्थ्य, सरसफाई, पोषण, विपद, लैङ्गिक हिंसा, शिक्षा, भौतिक पूर्वाधार, विकास प्रारूप प्रतिको हेराइ तथा दृष्टिकोण नवीनतम सुरुवात र सामाजिक व्यवहार परिवर्तन तथा यी विषयहरु माथि हुने अनावश्यक राजनीतिकरणको अन्त्य गर्नु अत्यन्त अपरिहार्य छ, यसका लागि विकासमा अपनत्व लिँदै सम्पूर्ण नगरवासीले साथ दिनुहुनेछ भन्ने अपेक्षा पनि लिएको छु । यो नीति तथा कार्यक्रम तयार गर्ने कार्यमा विभिन्न मार्गदर्शन तथा निर्देशिकाहरु मार्फत अप्रत्यक्ष सहयोग पुर्याउने नेपाल सरकार तथा प्रदेश सरकार साथै प्रत्यक्ष तथा परोक्ष रुपमा सल्लाह, सुझाव दिई सहयोग गर्नु हुने नगरबासी आमा वुवा दाजुभाई तथा दिदीबहिनीहरु, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर कार्यपालिकाका सदस्यहरु, नगर सभा सदस्यहरु, शाखा प्रमुखहरुमा हार्दिक आभार व्यक्त गर्दछु।

धन्यवाद ।

**अशोक कार्की**
**नगर प्रमुख**
**बेलका नगरपालिका उदयपुर।**